स्थानीय राजपत्र
त्रिवेणी गाउँपाकलिका,लुहाम सल्यानद्वारा प्रकाशित खण्ड : १, सख्या : २,
मिति : ०१ कात्तिक २०७५

भाग २

त्रिवेणी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, लुहाम सल्यान

नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐन,२०७४ को प्रावधान अनुसार त्रिवेणी गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको मापदण्ड सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएकोछ ।

सम्वत् २०७५ सालको मापदण्ड नं.१

त्रिवेणी गाउँपालिकाको भवन निर्माण तथा योजना मापदण्ड २०७५

कार्यापालिकाबाट स्वीकृत मिति : २०७५।३।३१

प्रस्तावना :

बस्ती क्षेत्रको सुन्दरता तथा शहरी वातावरण सुधार गरी व्यबस्थित विकासको लक्ष्य प्राप्त गर्न उक्त क्षेत्रमा गरीने भवन निर्माण क्रियाकलापहरु तथा भु-उपयोगमा गरीने क्रियाकलापहरुलाई योजनाबद्ध गर्न आधारभुत साधनको रुपमा भवन तथा योजना मापदण्डलाई लिईएको छ । नगर तथा ग्रामीन क्षेत्रको सुन्दरता, वातावरण लगायत गाउँबासीहरुको सुरक्षा, स्वस्थ्य, सरसफाई तथा गोप्यतालाई समेत ध्यानमा राखी यो मापदण्ड तयार गरीएको छ ।

नाम,प्रारम्भ तथा परिभाषा खण्ड

१. मापदण्डको नाम

यो मापदण्डको नाम "भवन निर्माण तथा योजना मापदण्ड २०७५" रहेको छ ।

१.२.मापदण्डको अधिकार क्षेत्र

यो मापदण्डको अधिकार क्षेत्र त्रिवेणी गाउँपालीकाको भौगोलीक सिमाना भित्र रहने छ ।

३. मापदण्डको कार्यान्वयन

यो मापदण्ड त्रिवेणी गाउँपालीकाले स्वीकृत गरी कार्यान्वयन गर्नेछ ।

४. मापदण्डको संशोधन

यो मापदण्ड समयानुकुल परीमार्जन गर्न त्रिवेणी गाउँ कार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

५. मापदण्ड सम्बन्धि प्रशासन

कुनै पनी निजी, अर्ध सरकारी वा सरकारी स्वामित्वको घडेरी जग्गामा वा सार्बजनिक जग्गामा कुनै प्रकारको भू-उपयोग वा क्रियाकलाप प्रस्तावना गर्न वा परीवर्तन गर्न, जग्गा घडेरी टुक्रा गर्न, भौतिक विकास गर्न, वा निर्माण कार्य गर्नु परेमा सम्बन्धित निबेदकले गाउँपालीकामा तोकिएको ढाँचामा रीत पूर्वकको निबेदन दर्ता गरी स्वीकृती लिनु पर्नेछ ।

६.परिभाषा

बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा :

क) "आवत जावतको निमित्त बाटो " भन्नाले कुनै पनि घडेरी वा भवनमा आवत जावत गर्नको निमित्त आवश्यक नीजि वा सार्बजनिक बाटो सम्झनुपर्छ ।

ख) "विकास " भन्नाले जमीनको कुनै पनि सतह वा भागमा गरीने निर्माण (स्थायी वा अस्थायी) वा भईरहेको निर्माण कार्य वा भू-उपयोग परिवर्तन गर्ने कार्य सम्झनुपर्छ ।

ग) "अधिकार प्राप्त ब्यक्ति/निकाय " भन्नाले यस मापदण्डको कुनै वा सबै भागको कार्यान्वयनको निमित्त गाउँपालीकाले तोकेको प्रमुख प्रशासकीय अधिकृत र विषेश कार्यको हकमा कार्यपालिकाले तोकेको अधिकारी सम्झनुपर्छ ।

घ) "भू-उपयोग " भन्नाले वर्गीकृत उद्देश्यको लागी भुमिको प्रयोग र भु-उपयोगको क्षेत्र : भु-उपयोगलाई नियमित गर्ने उद्देश्यले किटान गरीएको भौगोलीक क्षेत्र सम्झनुपर्छ ।

ङ) " कित्ता" भन्नाले कुनै पनी ब्यक्ति वा संस्थाको स्वामित्वमा दर्ता भएको भनी जग्गा धनी प्रमाणपत्रले किटान गरेको भू क्षेत्र सम्झनुपर्छ ।

च)" भवन " भन्नाले आवासीय, संस्थागत, होटेल, उद्योग, मनोरन्जन एवं अन्य विशेष उद्देश्यको लागी जग, पर्खाल, भित्ता, छाना सहितको मानव निर्मित निर्माण सम्झनुपर्छ ।

छ)" जमीनमा चर्चिने क्षेत्र " भन्नाले **(Ground Coverage)**: निम्न उल्लेख भएका बाहेक भवनको भुईतलाको भागले जमीनमा ओगट्ने क्षेत्रफल (चित्र नं. १) सम्झनुपर्छ ।

ज)" प्लट " भन्नालेबाहिरी सिमानाहरु स्पष्ट भएर खुलेको, भवन बन्ने जग्गाको सम्पुर्ण क्षेत्र सम्झनुपर्छ ।



चीत्र न १. जमिनमा चर्चिने क्षेत्र

झ) " प्लिन्थ " भन्नाले जमीनको सतहदेखी भवनको भुई तल्लाको सतह सम्मको भाग सम्झनुपर्छ ।



चीत्र न २. प्लिन्थ

(ञ) " ढाकिएको क्षेत्रफल (Covered Area) " भन्नाले प्लिन्थ सतह लगायत यस भन्दा माथी भवनको भागले जमीनमा ओगट्ने भाग । (चित्र नं. ३)सम्झनुपर्छ ।



चीत्र न ३. ढाकिएको क्षेत्रफल

(ट) ' **"** भन्नाले जमीनको औसत [illegible] भिरालो छाना भएको अवस्थामा जमीनको औसत सतह देखी भिराले छानाको औसत सतहलाई भवनको उचाई मानिने छ [illegible] (चित्र नं. ४)



चीत्र न ४. भवनको उचाई

(ठ) **" भुई देखी सिलिङ्गसम्मको उचाई (h) "** भन्नाले कुनै पनी कोठाको तयारी भुई देखी तयारी सिलिङ्ग सम्म नापिइको उचाई । भिरालो सिलिङ्ग भएको अवस्थामा भुईको सतह देखी भिरालो सिलिङ्गको औसत उचाई सम्झनुपर्छ । (चित्र नं. ५)



(ड) **" सडक अधिकार क्षेत्र (Right of Way) "** भन्नाल सम्बान्धत निकायले सार्बजनिक सडकको केन्द्र रेखा देखी दुबै तर्फ तोकेको बराबर दुरी सम्झनुपर्छ ।(चित्र नं. ६)



(ढ) **" सेट ब्याक "** भन्नाले जग्गाको गर्न छोडेनु पर्ने न्यूनतम दुरी सम्झनुपछ । (चित्र नं. ६)

(ण) **" निमार्ण रेखा "** भन्नाले जग्गाको सिमाना बाट सो जग्गा भित्र भवन वा अन्य निर्माण गर्दा छोडेनु पर्ने न्यूनतम दुरी । **कल -डे-स्याक** : बन्द भएको सडक सम्झनुपर्छ ।

(त) **" भुई क्षेत्रको अनुपात (FAR) "** भन्नाले भवनको सम्पुर्ण भुईहरुको कुल क्षेत्रफल र प्लटको कुल क्षेत्रको अनुपात सम्झनुपर्छ ।

स्पष्टिकरण: भवनका निम्न लिखित भागहरुलाई FAR मा गणना गरिने छैन

(क)आवासिय तथा ब्यापारिक बाहेक अन्य पैयोजनको लागी निर्माण गरिने वेसमेन्ट तथा सेमिबेसमन्ट

(ख)सबैभन्दा माथिल्लो तलामा रहेको भऱ्याङ्गको छोप्ने भाग (कुनै पनी कोठा नभएको अवस्थामा) ।

(ग) लिप्टको मेशिन कोठा ।

(घ) कमपाउण्ड वाल, तला नउठाईएको पोर्च, खुल्ला भऱ्याङ , ऱ्याम्प, जमीन मुनिको पानी ट्याङ्की पौडि खेल्ने खुल्लापोखरी, आदी ।

(थ) **"वनावट एवं ढाँचा "** भन्नाले भवनको उचाई, निर्माण सामाग्री, छाना, झ्याल, बार्दली, कर्निस, आदिले झल्काउने रुपरेखा सम्झनुपर्छ ।

(द) **"बार्दली "** भन्नाले छेक वार सहितको भवनको गारो भन्दा बाहिर निकालीएको आवत जावत गर्नको निमित्त प्रयोग गरीने भवनको भाग सम्झनुपर्छ ।

(ध) **"बेसमेन्ट"** भन्नाले जमीनको सतहवाट पुरै मुनी वा आधा मिटर माथि सम्म मात्र बनाईएको भवनको सबै भन्दा तल्लो तला सम्झनुपर्छ ।

(न) साइजको आधारमा भवन वर्गिकरण :

१. " क बर्गका भवन " भन्नाले भवन ऐन २०५५ को दफा ८ (क) अनुसारको अत्याधुनीक प्रबिधि अपनाई निर्माण हुने वा भएका भवनहरुलाई सम्झनुपर्छ ।

२." ख बर्गका भवन " भन्नाले भवन ऐन २०५५ को दफा ८ (ख) **अनुसारको प्लीन्थ एरियाको क्षेत्रफल १००० बर्ग फिट भन्दा बढि भुई तला सहित ३ तला भन्दा बढि वा** Structural Span ४.५ मिटर भन्दा बढि भएका भवनहरुलाई सम्झनुपर्छ ।

३."ग बर्गका भवन " भन्नाले भवन ऐन २०५५ को दफा ८ (ग) अनुसार **प्लीन्थ एरियाको क्षेत्रफल १००० बर्ग फिट सम्म,भूई तला सहित तीन तलासम्म वा** Structural Span ४.५ मिटरसम्म भएका भवनहरुलाई सम्झनुपर्छ ।

४." घ बर्गका भवन " भन्नाले भवन ऐन २०५५ को दफा ८ (घ) अनुसारको क,ख र ग वर्गमा नपरेका इट्टा ढुंगा,माटो, बाँस, खर आदि प्रयोग गरी निर्माण भएको अधिकतम दुई तले भवनहरुलाई सम्झनुपर्छ

(प) प्रयोजनको आधारमा भवनको वर्गिकरण :

१.**भवनको " सभा सम्मेलन भवन "** भन्नाले मानिसहरु जमघट हुने गैर आवासिय प्रयोजनका सिनेमा हल,संयुक्त /किशाल बजार मल्टिप्लेक्स, तारे होटेल आदिलाई सम्झनुपर्छ ।

२. **"सार्बजनिक भवन "** भन्नाले संस्थागत भवन, सभा सम्मेलन भवन लगायत सभाहल, सास्कृतीक समारोह तथा भोज भतेर स्थल, आदिलाई सम्झनुपर्छ ।

३. **"ब्यापारिक भवन "** भन्नाले पुर्ण ब्यापारीक भवनको अलवा कुनै तला ब्यापारीक प्रयोजनमा रहेको र कुनै तला आवासिय प्रयोजनमा रहेको आदिलाई सम्झनुपर्छ ।

४. **"संस्थागत भवन "** भन्नाले बिद्यालय, उच्च बिद्यालय,अस्पताल, सरकारी,निजि तथा पब्लिक लिमिटेडका कार्यालय भवन आदिलाई सम्झनुपर्छ ।

५. **" हरित भवन/आवास "** निम्न लिखित एक वा एक भन्दा बढी बिषयहरु (Components) समावेश गरीएका भवनहरु सम्झनुपर्छ ।

(क) बाताबरण मैत्री तथा दिगो भवन निर्माण सामाग्रीको प्रयोग

(ख) सौर्य उर्जा साथ उर्जा किफायती प्रबिधिहरुको प्रयोग

(ग) बर्षतको पानी संकलन प्रणाली, पानी बचत हुने उपकरणको प्रयोग तथा भवन बाट निस्कने फोहोर पानीको उपयुक्त ब्यवस्थापन

(घ) चवन वाट निस्कने ठोस फोहर मैलाको बिसर्जन वा पुनः प्रयोगको ब्यवस्थापन

(ङ) रुख बिरुवा, बगैचा (जमीनमा वा छानामा), करेशाबारी

(फ) "सेप्टिक ट्याङ्की " भन्नाले भवन निर्माण गर्दा उपयोगकर्ताको संख्याको आधारमा प्राविधिक डिजाइन गरी वनाइएको स्व-स्थान (on -site) दिशा पिसाव ट्याङ्की सम्झनुपर्छ ।

(ब) " भुई " भवन वा निर्माणको कुनैपनी तलाको तल्लो सतह सम्झनुपर्छ ।

(भ) " झ्याल " भन्नाले भवन वा निर्माणको भित्री भागलाई आवस्यक पर्ने प्राकृतीक प्रकाश तथा वायु संचारको लागी बनाइएको खुला भाग (ढोका बाहेक) । सम्झनुपर्छ ।

(म) "अर्ध न्यायीक समिति (जुरी) " भन्नाले विशेष भवनहरुको स्वीकृतीको लागी र निर्माणको समयमा उठ्ने बिवादहरु निराकरण गर्नको लागी गाउँ पालीकाले जुरी गठन गर्न सक्नेछ । जुरीले गाउँपालीका का ईन्जिनीयर वा अधिकृतलाई सुझावहरु दिन तथा सिफारिस गर्न सक्नेछ । जुरीको गठन आवस्यकता अनुसार र समस्याको प्रकृती अनुसार विषयका दाता निकाय /ब्यक्ति,प्राध्यापकलाई समेठेर गर्न सकिने छ । सम्झनुपर्छ ।

मापदण्ड खण्ड

७. भवन मापदण्ड पालना गनुपर्ने :

(१) गाउँपालीका क्षेत्रभित्र भवन निर्माण गर्न वा उपयोग परिवर्तन गर्न चाहने कुनै पनि ब्यक्ति, सरकारी वा अर्ध सरकारी निकाय तथा निजि संघ सस्थाले भवन निर्माण गर्दा यो भवन मापदण्डको अनिवार्य पालना गर्नुपर्नेछ । सो को लागी भवनको वा उपयोग परिवर्तन गर्न चाहाने भागको नक्सा सहित तोकीएको ढाँचामा गाउँ कार्यपालिका कार्यालयमा दरखास्त दिनु पर्ने छ ।

(१) कुनैपनी ब्यक्ति/निकायले भवन निर्माण, भवन वा जग्गाको उपयोग/उपयोगको प्रयोजनमा परिवर्तन तथा जग्गाको बिकास गर्न चाहेमा सो सम्बन्धि स्वीकृतीका लागी गाउँपालीकामा तोकीएको ढाँचामा निवेदन दिनु पर्नेछ । गाउँ कार्यपालि कार्यालयले निबेदन उपर निम्न कार्वाही गर्नेछ ।

(क) बिना सर्त स्वीकृत प्रदान गर्ने

(ख) आवश्यक भएमा सर्त सहित स्वीकृत प्रदान गर्ने

(ग) अस्वीकृत गर्ने : अस्वीकृत अथवा सर्त सहित स्वीकृत गर्नु परेको खण्डमा यस्को औचित्य पनि निर्णयमा खुलाइएको हुनु पर्नेछ ।

(२) भवन निर्माणको लागि पर्नआएको दरखास्त साथ पेश भएको नक्शा,जग्गाको साइज आदि मापदण्ड अनुसार छ छैन गाउँपालिकाको प्राविधिकबाट जाँच गरी सही देखिएमा आवश्यक दस्तुर लिई नियमानुसार नक्शा पास गरिदिनुपर्नेछ ।

(३) दरखास्त तथा पेश गरेको नक्शा रीतपूर्वकको नभएमा सच्याएर ल्याउन फिर्ता दिनुपर्नेछ । पासै गर्न नमिल्ने देखिए कारण खुलाएर फिर्ता पठाउनुपर्नेछ ।

(४) माथि उपदफा (२) अनुसार नक्शापास भए त्यसको म्याद २ वर्षको हुनेछ । दुई वर्षमा पनि संरचना निर्माण गरी नसके कारण खुलेको निवेदन पर्न आएमा कारण मनासिव देखिए तोकिएको विलम्ब दस्तुर लिई बढिमा ६ महिना सम्म म्याद थप गर्न सकिनेछ । उक्त अवधिमा पनि निर्माण सम्पन्न गर्न नसकेमा पुनः सुरु प्रक्रियाबाट नक्शापास गराउनुपर्नेछ ।

७.१. भवन निर्माणको आंसिक अनुमति : गाउँपालिकाले भवन निर्माणको अनुमति दिदा सम्पूर्ण भवनको अनुमति नदिई पहिलो पटक प्लीन्थ लेबलसम्मको मात्र अनुमति प्रदान गर्नेछ । भवन मापदण्ड तथा संहिता अनुसार सो प्लीन्थ लेबलसम्मको कार्य भए नभएको सुपरिवेक्षण गरि क, ख, वर्गको भवनहरुको हकमा भवनको स्वामित्वकर्ताले नियुक्त गरेको भवन ऐन २०५५ को दफा ११(३) ले तोकेको योग्यता पुगेको सुपरिवेक्षकबाट समेत प्रमाणित गरि मापदण्ड र संहिता अनुसार भएमा मात्र तल्लाको अनुमति प्रदान गरिनेछ ।

(१) भवन निर्माणको आंसिक निर्माण सम्पन्न प्रमाणपत्र भवन निर्माण संहिता र मापदण्डको परिधि भित्र रही भवन निर्माणको स्वीकृति प्रदान गरिएको अवधि भित्र निर्माण कार्य सम्पन्न हुन नसकेमा सम्पन्न भएको तल्ला जतिको मात्र निर्माण सम्पन्न प्रमाणपत्र प्रदान गर्न सकिने छ । यसरी निर्माण सम्पन्न प्रमाणपत्र लिईसकेपछि थप निर्माण गर्नु पर्दा नक्सा पासको सुरु अनुमतिको म्याद गुज्रेमा पुनः अनुमति लिनु पर्नेछ ।

८. **सुरक्षित र बातावरणमैत्री भवन निर्माण गर्नुपर्ने :** (१) भवन निर्माण गर्दा सुरक्षित तथा मजबुद भवन, स्वस्थ वातावरण तथा छर छिमेक समेतलाई नकारात्मक असर नपरोस भन्नको लागी नेपाल भवन संहितामा उल्लेख भएका बुदाका अतिरिक्त देहायका प्रावधानहरुको पालना गर्नु पर्ने छ ।

९. **भुइ देखि सिलिङ्ग सम्मको उचाइ र साइज :**

(१) **आवाशिय, ब्यापारीक र ब्यवसायीक भवनहरुको उचाई :** प्रत्यक कोठाको उचाई (भुइको सतहदेखी सिलिङ्ग सम्म) २.७ मिटर भन्दा कम हुनुहुदैन । भिरालो छाना भएको खन्डमा कोठाको उचाइ सालाखाला २.७ मिटर भन्दा कम हुनुहुदैन । मानिसहरु बस्नको निमित्त प्रयोगमा आउने एउटा मात्र कोठा भए न्युनतम उचाई २.४ र कोठाको क्षेत्रफल ७.५ बर्ग मी. हुनु पर्नेछ । यस्ता कोठाहरु २ वा सो भन्दा धेरै भए एउटा कोठाको न्युनतम क्षेत्रफल ७.५ बर्गमिटर र अर्को कोठाको न्युनतम क्षेत्रफल ७.० बर्गमिटर हुनु पर्नेछ र चौर्डा कम्तीमा १.८ मी. भए हुनेछ ।

(२) **शैक्षिक भवनहरु :** एक तलाको भुई देखी माथिल्लो तलाको भुईको उचाइ कम्तीमा पनी ३.६ मिटर हुनु पर्नेछ ।

(३) **औद्योगिक भवनहरु तथा सरकारी भवनहरु :** एक तलाको भुइ देखी माथिल्लो सिलगको उचाई ३.० मि. भन्दा बढि हुनुपर्नेछ,

१०. **तल्ला संख्या र भवनको उचाई :**

(१) यस मापदण्ड बमोजिम भु-उपयोग क्षेत्र, ग्राउण्ड कभरेज र FAR को आधारमा भवनको अधिकतम तला संख्या र उचाईको स्वीकृती दिईनेछ ।

(२) स्वीकृत दिन सकिने अधिकतम उचाई भन्दा माथी २.५ मिटर सम्म भऱ्याङ ढाक्ने भाग निर्माण गर्ने स्वीकृती दिन सकिने छ । तर यस्तो निर्माण हुने तलामा अन्य कुनैपनि कोठा हुनु हुदैन । सबै भन्दा माथिल्लो तलामा अधिकतम उचाई १ मी. सम्म प्याराफिट वाल निर्माण गर्न सकिनेछ ।

(३) एयरपोर्ट क्षेत्रको हकमा नागरीक उड्यन प्राधिकरणले समय समयमा निकाल्ने निर्माण निषेधित क्षेत्रलाई आधार मानीनेछ ।

(४) पुरानो भवन भत्काएर सोहि प्लटमा नयाँ भवन निर्माण गर्दा बिद्यमान मापदण्ड अनुसारको तला संख्या र उचाई स्वीकृती दिइनेछ ।

(५) भवनको अधिकतम उचाई १७ मीटर कायममा हुनेछ । तर संस्थागत भवनको अधिकतम उचाई १५ मीटर कायम हुनेछ । सो भन्दा बढि उचाई कायम गरी नक्सा पास गर्ने सम्बन्धमा नेपाल सरकारद्धारा निर्धरीत व्यवस्था बमोजिम हुनेछ ।

११. **झ्यालको ब्यवस्था**

घडेरीको सिमानावाट तोकिएको सेट ब्याक नछोडिएको साँध तर्फ कुनैपनी किसीमको बन्द झ्याल (प्रकाश वा भेन्टलेसनको लागी) राख्न पाईने छैन । झ्याल राख्दा पालना गर्नु पर्ने मापदण्ड निम्न बमोजिम हुनेछ ।

(क) खोल्न मिल्ने झ्यालको हकमा ५ फिट राख्ने छोड्ने

(ख) खोल्न नमिल्ने झ्यालको हकमा ३ फिट सम्म छोड्ने

१२. **घामपानी वाट वचावटको लागी छज्जा**

घामपानी बाट बचावटको लागी सेट ब्याक भित्र नपर्ने गरी बढिमा १ मीटर सम्मको छज्जा राख्न पाईने छ ।

१३. **बेसमेन्ट निर्माण**

(क) आवासिय उपभोगको लागि बेसमेन्ट बनाउन पाईने छैन ।

(ख) निम्न बमोजिमको उपभागको लागी मात्र बेसमेन्ट बनाउन पाईने छ ।

१.सामान्य प्रज्वलनशिल खालका घरेलु वा अन्य बस्तुहरु स्टोर गर्न

२.भवनको सेवा र सुबिधाको लागी प्रयोग हुने एयर कन्डिसन, जेनेरेटर वा अन्य मेसिन वा यन्त्रहरुको निमित्त

३.गाडि पार्किङ गर्न

(ग) बेसमेन्ट/सेमिबेसमेन्ट निर्माणको लागी स्ट्रक्चरल ड्रइङ्गको साथसाथै प्रकाश तथा भेन्टिलेसनको अवस्था समेतको नक्सा स्वीकृतीको लागी गाउँ कार्यपालिका कार्यलयमा पेश गर्नु पर्दछ ।

(घ) बेसमेन्ट/सेमिबेसमेन्टको लागी पनि ग्राउण्ड कभरेज, भवन निर्माण रेखा, आदि जस्ता मापदण्डहरु लागु हुनेछ ।

१४. भान्छा कोठा

भान्छाकोठाको क्षेत्रफल कम्तीमा ६ बर्गमिटर (६० व.फी.) हुनु पर्नेछ । तर यो क्षेत्रफल यदी छुट्टै स्टोर कोठा भएमा घट्न सक्नेछ । भान्छा कोठामा झ्याल, Exhaust Fan ,भेन्टीलेसन वा अन्य आवश्यक खुल्ला भाग हुनु पर्नेछ ।

१५. बाथरुम र शौचलय

बाथरुम र शौचलयको साइज कम्तीमा १.२० मी । × ०.९० मी. (४ फि × ३ फी.) हुनु पर्नेछ । शौचालयको साइज कम्तीमा ०.९० मी × ०.५० मी (३ फी × ३ फी.) हुनु र्नेछ । बाथरुम वा शौचालयमा कम्तीमा एक साइटमा भेन्टीलेसनको लागी खुल्ला भाग हुनु पर्नेछ । यस्तो खुला भागको झ्याल वा भेन्टीलेसनको साईज कम्तीमा ०.३० मी × ०.६० मी. (१ फी. × २ फी.) हुनु पर्नेछ ।

(९) ग्यारेज : निजि ग्यारेजको हकमा ग्यारेजको साईज २.४० मी × ८५ मी. (८'८ × १६'-८") हुनु पर्नेछ

१६. सेफ्टीक टंकी

प्रत्यक भवनमा सेफ्टीक टंकी निर्माण गर्नु पर्नेछ । यदि ढलको व्यवस्था नभएको खण्डमा सोकपिटको समेत व्यवस्था गर्नु पर्नेछ । जुन कुरा गाउँ कार्यपालिकाले निर्धारण गर्नेछ । सेफ्टी टंकी वनाउन कुनै किसिमको पानी जम्मा गर्न जमीन भित्र निर्माण गरीएका निर्माणहरु खानेपानीका श्रोतहरु जस्तै इनार, कुवा वा कम्तीमा १५ मी. (५० फी.) टाढा हुनुपर्ने छ । सेफ्टी टंन्कीवाट निस्केको तरल वा ठोस पदार्थहरु खुल्ला ढल वा कुनै खानेपानीको श्रोतमा आवश्यक रुपमा प्रशोधन नगरे सम्म जोड्न पाइने छैन ।

१७. भऱ्याङ

(१)भऱ्याङको चौडाई कम्तिमा पनी तल तालीकामा देखाए बमाजिम हुनु पर्नेछ ।

सि.नं.	घरको प्रकार	भऱ्याङको चौडाई
१	आवासीय प्रयोजन	०.९० मी. (३ फी.)
२	होटेल,सभाहल,शैक्षिक संस्थाहरु	१.२ मी. २ तल्ला सम्म १.५० मी. (५फी) २ तल्ला भन्दा बढिमा
३	शैक्षिक संस्थाहरु	१.२ मी. २ तल्ला सम्म २ मी. (६.५०फी) २ तल्ला भन्दा बढिमा
४	अन्य भवनहरु	१.५० मी. (५फी) २ तल्ला भन्दा बढिमा

(२) आवासिय प्रयोजनका भवनहरुमा (Tread) को चौडाई कम्तीमा ०.२३ मी. (९ इन्च) र अन्य प्रयोजनको भवनहरुमा (Tread) को चौडाई कम्तीमा ०.३ (१ फी.) हुनुपर्नेछ । कुनै पनी प्रकारका भवनहरुमा (Riser) को उचाई बढिमा ०.२३ मी. (९ इन्च) भन्दा बढि हुनु हुदैन ।

(३) प्रत्यक फ्लाइटमा १५ वटा भन्दा बढि राईजर हुनु हुदैन । भऱ्याङको हकमा तल्लो लेवलवाट ल्यान्डिङ भाग सम्म कम्तीमा २.१० मी. (७ फी) हुनु पर्नेछ । प्रत्यक किसिमका घरहरुमा (२ तल्ला वा १८ फीट) मा प्रत्यक भऱ्याङहरुमा प्रकाशको लागी झ्याल वा अन्य व्यवस्था हुनु पर्नेछ । यदि खुल्ला भाग राख्न सम्भव नभए स्काइ लाइट (माथिवाट प्राप्त गर्ने प्रकाश) को लागी ०.४५ मी. मी × ०.४५ मी. (१'-६' × १'-४") को खुल्ला भाग छानादेखी राख्नु पर्नेछ ।

१८. फोहरमैला ब्यवस्थापन

आफ्नो घरवाट निस्केको फोहरमैलाको ब्यवस्थापन आफैले गर्नु पर्दछ । यसमा गाउँपालिकाले सहजीकरण गर्नेछ ।

१९. आगलागी सुरक्षको ब्यबस्था

(१) घरको प्लिन्थ क्षेत्रफल यदि ११० व.मी. (११८३ व.फी) भन्दा बढि भएमा कम्तीमा २ वटा भऱ्याङको ब्यवस्था गर्नु पर्नेछ ।

(२) भवनमा रहने भऱ्याङ प्रत्यक कोठा वा घरको कुनै भागवाट बढिमा ३० मि. (९८ फी) को दुरीमा रहनु पर्नेछ ।

(३) आवासिय घरहरुमा वाहेक अन्य भवनहरुमा बाहिर निस्कने ढोका आगलागीको बेला चेपमा पर्न सक्ने हुँदा बाहिर तर्फ खुल्ने हुनु पर्दछ । ढोका वा मुल ढोका रहने स्थान अन्य ढोकावाट वा पेसेजबाट नछेकने हुनु पर्दछ ।

(४) सभा भवन र सिनेमा भवनको लागी सेटब्याक : यस्ता भवनहरुमा आगलागीको बेला सुरक्षाको लागी सबैतर्फ कम्तीमा ३ मी. (१० फी) सेटब्याक छाड्नु पर्नेछ ।

(५) जोखिम युक्त भवन को लागी सेटब्याक : जोखिमयुक्त भवन मा सुरक्षाको लागी सबै साइट तर्फ कम्तीमा मी. (१५ फी) सेटब्याक छाड्नु पर्ने छ ।

(६) अग्नी नियन्त्रण : "क" बर्गका भवनको हकमा अनीवार्य रुपमा Central Fire Extinguishers लगायत आवश्यक मात्रामा Portable Fire Extinguishers जडान गर्नु पर्नेछ । साथै "ख" बर्गका भवनको हकमा अनीवार्य रुपमा आवश्यक मात्रामा Portable Fire Extinguishers जडान गर्नु पर्नेछ । अन्य वर्गका भवनको हकमा पनि अग्नी नियण्त्रनको लागी उपर्युक्त अनुसारको व्यवस्था गर्न सकिने छ । उक्त प्रकृया पुरा नगरे सम्म निर्माण सम्पन्न प्रमाणपत्र दिन गाउँ कर्यपालिका कार्यालय बाध्य हुने छैन् ।

२०. वातावरण संरक्षण

वातावरण संरक्षणको लागी गाउँपालीका भित्र बन्ने प्रत्यक भवनको प्राङगनमा २ वटा सौन्दर्यप्रधान रुख रोप्नु पर्ने छ । सोको लागी नक्सा पास गर्ने वेला Plan मा स्थान स्पस्ट गर्नु पर्नेछ भने निर्माण सम्पन्न प्रमाणपत्र लीने वेलासम्म बिरुवा रोपी सकेको हुनु पर्नेछ ।अन्यथा गाउँकार्यपालिकाका भवन अनुमती तथा निर्माण सम्पन्न प्रमाणपत्र दिन बाध्य हुने छैन ।

२१. उपयोग परिवर्तन

भवनको निर्माणको अनुमती तथा नक्सा स्वीकृती जुन प्रयोजनको लागी लीएको हो सोही प्रयोजनको लागी मात्र युक्त भवन उपयोगमा ल्याउनु पर्नेछ । उपयोग परीवर्तन गर्नु परेमा यो मार्ग दर्शन, स्वीकृत भ-उपयोग योजना भय सो अनुसार र भवन निर्माण सहिताको अधिनमा रही अनिवार्य रुपमा उपयोग परिवर्तन स्वीकृती लीएर मात्र भवन उपयोग परिवर्तण गर्न सकिने छ । कसैले गाउँपालीकाको स्वीकृती बिना उपयोगीता परिवर्तन गरेमा गाउँपालीकाले उक्त भवनमा जडान भएको बिद्युत, खानेपानी, टेलीफोन आदी सार्वजनिक उपयोगीताहरु काट्न संबन्धित नीकायलाई लेखी पठाउन सक्ने छ र संवन्धित कार्यालयले पनि लेखि आय बमोजिम गरीदिनु पर्नेछ । साथै यसरी स्वीकृती बिना उपयोगीता परिवर्तन गर्ने व्यक्ति तथा संस्थालाई गाउँपालीकाले समेत आफ्नो सेवा बाट बन्चित गर्न सम्नेछ ।

२२. प्लिन्थ लेभल

पिच सडकसंग जोडिएको प्लटमा जमीनको सतहवाट प्लिन्थको उचाई अधिकतम ३ फीट र न्युनतम १ फीट कायम गरीएको छ ।

२३. Emergency Response Plan :

आगलागी वा अन्य आकस्मीक अवस्था आइपरेमा भवन भित्रका व्यक्तिहरुलाई सुरक्षित रुपमा बाहिर ल्याउन मिल्ने गरी प्रत्यक भवनमा निकासको व्यवस्था गरीएको हुनुपर्नेछ । अपार्मेन्ट, संयुक्त आवसका भवन,सपिङ कम्प्लेक्स, व्यापारीक मल, डिपार्टमेन्ट स्टोर आदी ठुला भवनको नक्सा पास गर्दा Emergency Response Plan समेत नक्साका साथ पेश गर्नु पर्ने छ

२४. सिमा पर्खाल

सिमा पर्खाल लगाउदा अनीवार्य रुपमा गाउँपालीकावाट स्वीकृती लीनु पर्नेछ । सिमा पर्खालको उचाई बढिमा ४ फिट अग्लो गारो निर्माण र सो भन्दा माथी बढिमा ३ फिट जाली राख्ने गरी स्वीकृती लीयर मात्र गर्नु पर्नेछ । सरकारी निकाय वा कारागार आदिमा सुरक्षाको दृष्टीकोणले अग्लो पर्खाल लगाउनु पर्ने भएमा सम्बन्धित मन्त्रालयको सिफारीसका साथै सो को स्टक्चर डिजाईन सहित निबेदन पेश गर्नु पर्ने छ ।

२५. भु-उपयोग क्षेत्रको विभाजन :

गाउँपालीकाको बस्ती विकासलाई सुनियोजित र योजनाबद्ध तरीकाले अगाडि बढाउन यस गाउँपालीकालाई बिभिन्न भु-उपयोग क्षेत्रहरुमा बिभाजन गरेको छ (नक्सा-भु-उपयोग क्षेत्र) यि क्षेत्रहरुमा गरीने योजना सम्बन्धि मापदण्ड तल लेखीय अनुसार निर्धारण गरीएको छ । यसरी बिभाजन गरीएको भु-उपयोग क्षेत्रहरुमा अनुमती दिन सकिने व्यवसायीक तथा अन्य क्रियाकलाप तोकियवमोजिम हुनेछ । नतोकिएका क्रियाकलाप वा उपयोगको प्रकृतीहेरी तिनलाई स्वीकृती दिने, नदिने वा बिशेष स्वीकृती दिने अधिकार गाउँपालीकामा निहित रहने छ । यसको अलावा गाउँपालीकाले आवश्यकता अनुसार बिशेष क्षेत्रहरु तोक्न सक्नेछ । गाउँपालीका क्षेत्र भित्रको सुरक्षा लगायतका संम्बेदनशील क्षेत्रमा गाउँपालीका तथा सम्बन्धित निकायले तोके बमोजिमको अन्य मापदण्ड

पनि पालना गर्नुपर्नेछ । सम्बन्धित उपयोग क्षेत्रमा पर्ने स्थानहरुको नाम तल उल्लेख गरीएको छ ।

(१) आवासिय क्षेत्र

यस क्षेत्रमा मुख्य रुपमा आवासिय क्रियाकलापको प्रभुत्व रहनुका साथै कृषी कृयाकलापको पनी मिश्रण रहने छ । यस क्षेत्र अन्तरगत निम्नलिखित स्थानहरु पर्दछन ।

(क) भवन ऐन २०५५ को दफा ८ अनुसार (ख) बर्गका ५ तला भन्दा अग्ला सबै भवन र कुनै पनी सर्वसारण भेला हुने सपिङ्ग मल, सुपरमार्केट, स्कुल, कलेज, अस्पताल, नर्सिङहोम, बैङ्क तथा बित्तय संस्था, पोलीक्निक आदिको भवन लगायत १७ मिटर भन्दा अग्ला भवनहरुको हकमा माटो परिक्षन गरी पेश गर्नु पर्ने तथा दश हजार वर्ग फिट भन्दा माथिका भवनहरुको भौगर्भिक परिक्षण (Geo - Technical Invstigation) गर्नु पर्नेछ ।

(ख) जतीसुकै तल्लाको सार्वजनीक र (क) तथा (ख) बर्गका पाँच तल्ला वा १७ मिटर भन्दा अग्ला वा दश हजार बर्ग फिट भन्दा ठुला सबै भवन निर्माण गर्न सहरी बिकास वा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेको वा गाउँपालीकाले निर्माण गरेको माटो परिक्षण निर्देशिका अनुसार माटो परिक्षण गर्नु पर्नेछ ।

(ग) घर अगाडिको सिढी सडकको राईट अफ वे तथा सेटब्याकमा पर्ने गरी निर्माण गर्न पाईने छैन ।

(घ) आवासिय क्षेत्रको लागी लागु हुने अधिकतम ग्राउण्ड कभरेज,फ्लोर एरीया रेसीयो र उचाई तल तालीका नं. १ मा दिईए अनुसार हुनेछ :

आवासिय क्षेत्रको अधिकतम ग्राउण्ड कभरेज र एफ.ए. आर.देहया अनुसार हुनेछ :

भवनको किसिम	जग्गाको क्षेत्रफल	अधिकतम ग्राउण्ड कभरेज	अधिकतम एफ.ए.आर.
आवासिय भवन	२५० बर्ग मिटरसम्म	७० प्रतीशत	२.५
आवासिय भवन	२५० बर्ग मिटर भन्दा माथी	६० प्रतीशत	२.५
ब्यापारीक तथा आवासिय भवन	२५० बर्ग मिटरसम्म	७० प्रतीशत	२.५
ब्यापारीक तथा आवासिय भवन	२५० बर्ग मिटर भन्दा माथि	६० प्रतीशत	२.५
स्कुल क्याम्पस		४० प्रतीशत	१.५
पोलीक्निक वा नर्सिङहोम		३५ प्रतीशत	१.५
छात्राबास		५० प्रतीशत	२.०

२७. आवासिय तथा ब्यापारीक क्षेत्रको मापदण्ड

आवासिय तथा ब्यापारीक क्षेत्र भन्नाले आवासिय क्रियाकलापको मिश्रण सहित ब्यापारीक क्रियाकलापको प्रभुत्व रहेको निम्नलिखित क्षेत्रलाई जनाउनेछ :

१ बजार क्षेत्र

आवासिय तथा ब्यापारीक क्षेत्रकोलागी भवन तथा योजना मापदण्ड निम्न अनुसार हुनेछ ।

(क) राजमार्ग केन्द्रवाट सडक अधिकार क्षेत्र २५ मिटर र सेटब्याक ६ मिटर गरी जम्मा ३१ मिटर छोडेपछी मात्र दाँया बाँया आवासिय तथा ब्यापारीक भवनहरु निर्माण गर्न पाईने छ ।

(ख) गाउँपालीका क्षेत्रमा सार्वजनिक यातायात चल्ने मुल सडक किनारामा रहेका भवनहरुको निर्माण अवधि सकिए पछी बस्ती सौन्दर्यतामा प्रतीकुल असर पर्ने गरी भवन निर्माण गर्दा सिमेन्ट पलास्टर मात्र गरेर त्यसै राख्न पाईने छैन र शहरी सौन्दर्यलाई प्रतीकुल असर नपर्ने गरी फिनीसिङ गर्नु पर्नेछ ।

(ग) घर अगाडिको सिढी सडकको राइट अफ वे तथा सेटब्याकमा पर्ने गरी निर्माण गर्न पाईने छैन ।

(घ) जतीसुकै तल्लाका सार्वजनिक र क बर्गका भवन तथा कुनै पनी सर्वसारण भेला हुने सपिङ्ग मल, सुपरमार्केट, स्कुल, कलेज, अस्पताल, नर्सिङहोम, बैङ्क

तथा बित्तय संस्था, पोलीक्निक आदिको भवनहरुमा अव उप्रान्त अपाङ्ग मैत्री पूर्वाधार तथा सुबिधाहरुको तर्जुमा गरिएको हुनु पर्नेछ ।

(ङ) आवासिय तथा ब्यापारीक क्षेत्रको लागी लागु हुने अधिकतम ग्राउण्ड कभरेज,फ्लोर एरीया रेसीयो र उचाई तल तालीका नं. २ मा दिईए अनुसार हुनेछ :

आवासिय तथा ब्यापारीक क्षेत्रको अधिकतम ग्राउण्ड कभरेज र एफ.ए. आरं.

भवनको किसिम	जग्गाको क्षेत्रफल	अधिकतम ग्राउण्ड कभरेज	अधिकतम एफ.ए.आर.
ब्यापारीक तथा आवासिय भवन	२५० बर्ग मिटरसम्म	७० प्रतीशत	३
ब्यपारीक तथा आवासिय भवन	२५० बर्ग मिटर भन्दा बढी	६० प्रतीशत	३
सरकारी तथा अर्धसरकारी कार्यालय		५० प्रतीशत	२
सिनेमा हल, थिएटर, सभागृह		३५ प्रतीशत	१
ब्यापारीक कम्प्लेक्स, सुपर मार्केट		४० प्रतीशत	२
होटेल, लज तथा पाहुना घर		४० प्रतीशत	२
धर्मशाला तथा रात्री बास		४० प्रतीशत	२
ब्यापारिक/ब्याबसाहिक/गोदामघर	२५० बर्ग मिटरसम्म	७० प्रतीशत	३
ब्यापारिक/ब्याबसाहिक/गोदामघर	२५० बर्ग मिटर भन्दा बढी	६० प्रतीशत	२

(२) सस्थागत क्षेत्र

सस्थागत क्षेत्र अन्तर्गत बिद्यमान बिभिन्न सरकारी, अर्धसरकारी वा अन्य संघ सस्थाहरु रहेको स्थानलाई लीएको छ । अन्य भवनको उपयोगको अनुमतीको हकमा तोकिए बमोजिम हुनेछ । यस क्षेत्र अन्तर्गत निम्नलिखित स्थानहरु पर्दछन :

(क) हालको अवस्थामा गाउँपालीका / वडा कार्यालय,स्वास्थ्य केन्द्र तथा अस्पताल, शैक्षिक संस्था, प्रहरी चौकी तथा सामुदायीक हल रहेका स्थान तथा गाउँपालीकाले निर्णय गरे वमोजिम हुने संपुर्ण स्थानहरु

(ख) यस क्षेत्रको लागी लागुहुने अकितम ग्राउण्ड कभरेज, फ्लोर एरीया रसियो र उचाई तल तालीका नं. ३ मा दिए अनुसार हुनेछ ।

संथागत क्षेत्रको अधिकतम ग्राउण्ड कभरेज र एफ.ए. आर

भवनको किसिम	जग्गाको क्षेत्रफल	अधिकतम ग्राउण्ड कभरेज	अधिकतम एफ.ए.आर.
आवासिय भवन	२५० बर्ग मिटरसम्म	७० प्रतीशत	२.५
आवासिय भवन	२५० बर्ग मिटर भन्दा बढि	६० प्रतीशत	२.५
आवासिय तथा ब्यापारीक भवन	२५० बर्ग मिटरसम्म	७० प्रतीशत	२.५
आवासिय तथा ब्यापारीक भवन	२५० बर्ग मिटर भन्दा बढि	६० प्रतीशत	२.५
संस्थागत /सरकारी भवन		५० प्रतीशत	२
अस्पताल		३५	१.५

		प्रतीशत	
स्वास्थ्य केन्द्र, नर्सिङ्ग होम		३५ प्रतीशत	२
शैक्षिक संस्था (प्रा.वि/मा.वि./उच्च मा.वि.)		४० प्रतीशत	१.५
क्याम्पस/महाविद्यालय		३० प्रतीशत	१.५
अनुसन्धान केन्द्र		३० प्रतीशत	१.५
प्रहरी चौकी /सामुदायिक केन्द्र		५० प्रतीशत	१.५
अडिटोरीयम/सामुदायिक हल		३५ प्रतीशत	१

स्वास्थ्य संस्थाको मापदण्डको हकमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले निर्धारण गरेको सुरक्षा तथा अन्य मापदण्ड अनुसार भए नभएको एकिन गरेर मात्र भवन निर्माणको अनुमती प्रदान गरीने छ । साथै शैक्षिक संस्थाहरुको भवन निर्माण गर्दा अन्य मापदण्डको अलवा शिक्षा मन्त्रालयले तोकीदिएको मापदण्ड अनुसार भए नभएको एकिन गरेर मात्र भवन निर्माणको अनुमती प्रदान गरीने छ ।

(३) औद्योगिक क्षेत्र

यस क्षेत्र अन्तरगत निम्न बमोजिमका स्थानलाई लिइएको छ :

(४) प्रयटकिय क्षेत्र

यस क्षेत्र अन्तरगत फालाबाङ्ग दरबार क्षेत्रलाई लिइएको छ र त्यस क्षेत्रहरुमा निम्न मापदण्ड लागु हुनेछ :

(क) स्मारक क्षेत्रमा तथा स्मारकले चर्चेको क्षेत्र तथा कम्पाउण्ड संग जोडिएका बित्ताहरुमा ४५ फिट (१३.७० मी) को उचाई सम्मको घर निर्माण गर्न सकिने छ ।

(ख) यस क्षेत्रका स्मारकहरु पट्टीको मोहडाहरु परम्परागत नेपाली शैलीमा निर्माण गर्नु पर्नेछ ।

(ग) संरक्षण क्षेत्र भित्रका तोकिएका स्मारकका वरीपरी सन्धि सर्पन पर्ने कित्ताहरुमा घर, भवन निर्माण गर्दा स्मारक पट्टी कम्तीमा ५ मिटर छाडेर मात्र निर्माण गर्न पाईने छ ।

(५) कृषि क्षेत्र

(क) यस क्षेत्र अन्तर्गत देहायका बस्तिहरुमा निम्न बमोजिम कृषि क्षेत्र छुट्याइएकोछ ।

वडा	कृषि क्षेत्र
६	लुहामबजारका मुख्य सडक दायाँ बायाँ र सो क्षेत्रको आसपास बाट ३०० मी.बाहिरको क्षेत्र
५	टुनिबोट सल्लेखोला क्षेत्रमा मुख्य सडकको दायाँ बायाँ आसपास १०० मी.बाहिरको क्षेत्र
१	काभ्रा बजार क्षेत्र आसपासमा मुख्य तथा सहायक सडक दायाँ बायाँ आसपासबाट ३०० मी.बाहिरको क्षेत्र
१,३	रिखेबजार क्षेत्रमा मुख्य तथा सहायक सडक दायाँ बायाँ आसपासबाट २०० मी.बाहिरको क्षेत्र
३	लोटाउने तथा ढुङ्गेबजार क्षेत्रमा मुख्य तथा सहायक सडक दायाँ बायाँ आसपासबाट १५० मी.बाहिरको क्षेत्र
३,४	फलावाङ क्षेत्रमा सडक दायाँ बायाँ आसपासबाट १०० मी. बाहिरको क्षेत्र
५	सिम्क सल्ले क्षेत्रमा सडक दायाँ बायाँ आसपासबाट १०० मी. बाहिरको क्षेत्र
६	पोखरी तथा कैलेज्यूला क्षेत्रमा सडक दायाँ बायाँ आसपासबाट १०० मी. बाहिरको क्षेत्र
३	पिमखोला क्षेत्रमा सडक दायाँ बायाँ आसपासबाट १०० मी.बाहिरको क्षेत्र
२	काराँगीटी क्षेत्रमा सडक दायाँ बायाँ आसपासबाट १०० मी. बाहिरको क्षेत्र
१	घोरामारे क्षेत्रमा सडक दायाँ बायाँ आसपासबाट १०० मी.बाहिरको क्षत्र

६	भुम्के मजाउज्यूला तथा श्रीचौर क्षेत्रमा सडक दायाँ बायाँ आसपासबाट १०० मी. बाहिरको क्षेत्र

(ख) माथि उललेखित बाहेक औद्धोगिक, पर्यटकीय, आवासीय, व्यापारिक, नदि , खोला, सडक, बन बुट्यान बाहेकका सबै क्षेत्रहरु कषि क्षेत्र अन्तरगत पर्नेछ । यस क्षेत्रमा निम्न क्रियाकलाप गर्न बन्देज गरिएकोछ :

(१) उद्योग स्थापना गर्न

(२) बस्ति विकास वा भवन निर्माण गर्न

(६) व्यापारिक क्षेत्र

मुख्य रुपमा व्यापारिक कृयाकलापहरुको प्रभुत्व रहने यस क्षेत्रमा आवासिय कृयाकलापको मिश्रण पनि रहने छ । अन्य व्यवस्थाको हकमा योजना मापदण्डमा तोकिए बमोजिम हुनेछ ।

(क) राप्ती राजमार्गको क्षेत्राधिकार र सेटब्याक छोडेपछि दुवै तर्फ ५०/५० मिटर को क्षेत्र

यस क्षेत्रमा निम्मन उद्योगहरु निषेध गरिएको छ :-

(१)कुखुरा तथा वंगुर र चौपाया पालन गर्न,

(२)सडक छेउमा ग्रिल तथा मोटरसाईकल मर्मत वर्कशप सञ्चालन गर्न,

(३)ठूला तथा मझौला उद्योग वातावरण (पानी, हावा र सतह) लाई प्रतिकुल असर पार्ने खालका उद्योगहरु सञ्चालन गर्न ।

२८. घडेरीको न्युनतम क्षेत्रफल र साइज :

(१) आवसिय भवन निर्माणको लागि व्यापारिक क्षेत्रमा घडेरीको न्यूनतम साईज यो मापदण्ड लागु हुनु पूर्व कायम भई सकेको कित्ताको हकमा कम्तिमा २ आना र यो मापदण्ड लागु भए पश्चात कायम हुने कित्ताको हकमा ४ आना (कम्तिमा ६ मिटर मोडहा) भन्दा साना कित्ता हुने गरि कित्ता काट हुने छैनन् । त्यसैगरी अन्य क्षेत्रको हकमा घडेरीको न्यूनतम साइज यो मापदण्ड लागु हुनु पूर्व भएपनि ४ आना र मोहडा कम्तिमा ६ मिटर भन्दा साना कित्ता हुने गरि कित्ता काट हुने छैनन् ।

(२) माथि जे लेखिएको भएतापनि साँध सिमाना मिलाउन तथा अंशबण्डा गर्नको लागि भने माथि तोकिए भन्दा साना कित्ता पनि कित्ताकाट गर्न सकिने छ ,

२९. योजना अनुमति लिनु पर्नेः

दफा २८ जुन सुकै कुरा लेखिएको भएतापनि धेरै मानिसहरु जम्मा हुने स्थान जस्तै शैक्षिक संस्था, पार्टि प्यालेस, हस्पिटल, नर्सिङ्ग होम, बैंक तथा वित्तिय संस्था, सिनेमा हल, व्यापारिक कम्प्लेक्स, सुपरमार्केट, फुडस्टल जस्ता संरचनाहरु नयाँ निर्माण गर्न प्रस्ताव गर्दा गाउँपालिकाबाट योजना अनुमति (Planning Permit) लिएर मात्र नक्सा पासको प्रकृया अगाडि बढाउन पाइने छ । यसको अनुमति दिंदा जग्गाको न्यूनतम क्षेत्रफल स्थानीय आवश्यकता हेरी गाउँकार्यपालिकाले तोके बमोजिम हुनेछ ।

३०. आवत जावतको निमित्त बाटोः

(१) कुनै पनि भवन वा प्लट आवत जावतको निमित्त सार्वजनिक बाटोसँग जोर्डिको हुनु पर्दछ

(२) कुनै पनि भवन निर्माण गर्दा आवत जावतको निमित्त आवश्यकपर्ने बाटो वा प्रवेशका निमित्त छुटाइएको क्षेत्रमाथि अतिक्रमण हुने गरी वा सोको क्षेत्रफल घट्ने गरी निर्माण गर्न पाईने छैन । पहिलेदेखि भैरहेको प्रवेशको माध्यमबाट बन्चित हुने गरी कुनै पनि प्रकारको भवन निर्माण गर्न पाइने छैन ।

(३) प्रस्तावित प्लटसम्म पुग्ने बाटोको चौडाई २० फिट भन्दा कम हुनु हुदैन । सडक अधिकार क्षेत्रको मापदण्डमा तोकिएको अवस्थामा बाहेक २० फिट भन्दा कम सडक चौडाइ भएको अवस्थामा नक्सा पासको लागि दरखास्त दर्ता गरिने छैन ।

(४) पहाडी भिरालो बस्ती तथा पुरानो बस्तीमा सडकको न्यूनतम चौडाइ ४ मीटर भन्दा कम नहुने गरी व्यवस्था गर्नुपर्नेछ । तर,सेट व्याक भने ५ फिट भन्दा कम हुनेछैन ।

३१. सडक अधिकार क्षेत्र

(१) विभिन्न सडकहरुबाट सडकको सेटब्याक निम्न बमोजिम हुनेछ ।

(क) ४ देखि १० मी.भन्दा कम सडकको १.५ मी.

(ख) १० देखि १५ मी.भन्दा कम सडकको २ मी.

(ग) १५ मी.देखि ठुला सडकको २.५ मी.

(२) नयाँ खुल्ने सडकहरुको हकमा सडकको १.५ मी.

(३) हालको मापदड लागुहुनु भन्दा अगाडि बनेका भवनहरु भत्काएर पुनः निर्माण गर्नुपर्दा विद्यमान सडक अधिका क्षेत्र नै लागु हुनेछ ।

(४) तोकिएको सडक अधिकार क्षेत्र भन्दा सडक चौडाई बढि भएको अवस्थामा पनि त्यस्ता सडकको किनाराबाट तोकिएको सेट ब्याक छोडेर मात्र भवन निर्माणको लागि स्वीकृती दिइने छ ।

(५) राजमार्ग र जिल्ला सडकको हकमा सम्बन्धित निकायले तोके बमोजिमको क्षेत्राधिकार र सेटब्याक कायम हुनेछ ।

(६) पुराना प्लटहरुको हकमा न्युनतम सेटब्याक १.५ मि. मानिनेछ ।

(७) ५० मिटर भन्दा साना/छोटा सडकको सम्बन्धमा न्युनतम क्षेत्राधिकार वा चौडाई ५ मिटर हुनसक्नेछ भने सेटब्याक १.५ मिटर हुनेछ ।

३२. सेटब्याकः

(१) भवनको बर्गिकरण अनुसार देहायको सेटब्याक कायम हुनेछ

क्र.स.	भवनका प्रकार	न्युनतम सेटब्याक	
		अगाडि	पछाडि वा दायाँ बाँया
१	आवसिय भवन	१.५ मी	१.५ मी
२	शैक्षिक भवन	५.० मी	३.० मी
३	संस्थागत भवन	५.० मी	३.० मी
४	सभा सम्मेलन केन्द्र, सिनेमा घर तथा भिड जम्मा हुने ठाउँ आदि	१५ मी	६.० मी
५	व्यवसायीक भवन सुपरमार्केट आदि	५.० मी	२.० मी
६	होटल, लज	५.० मी	२.० मी
७	तारे होटेल	१०.० मी	३.० मी

(२) मन्दिर तथा अन्य धार्मिक क्षेत्रको वरपर पक्कि संरचना निर्माण गर्नु पर्दा मन्दिरको क्षेत्र भन्दा बाहिर कम्तिमा ५ मिटर छोडेर मात्रै त्यस्तो निर्माण कार्य गर्न पाइनेछ ।)

(३) सार्वजनिक क्षेत्र र जग्गाको वरपर पक्कि संरचना निर्माण गर्नु पर्दा सो क्षेत्र भन्दा बाहिर कम्तिमा ५ मिटर छोडेर मात्रै त्यस्तो निर्माण कार्य गर्न पाइनेछ ।)

(४) बन क्षेत्रको वरपर पक्कि संरचना निर्माण गर्नु पर्दा सो क्षेत्र भन्दा बाहिर कम्तिमा ५ मिटर छोडेर मात्रै त्यस्तो निर्माण कार्य गर्न पाइनेछ ।

नोट : सडक अधिकार क्षेत्र बाहेक सेट व्याकका लागि छोडिएको क्षेत्रलाई अधिकत ग्राउण्ड कभरेज सम्बन्धि प्रावधान अन्तर्गत खुल्ला क्षेत्रको रुपमा गणना गर्न सकिनेछ ।

३३. पार्किङ्गको व्यवस्थाः

(१) विशेष प्रकारका भवनहरुको निमित्त जग्गाको कम्तिमा १५% पार्किङ्गको लागि छोड्नु पर्दछ । जग्गाको क्षेत्रफलको आधारमा समेत गाउँपालिकाले पार्किङ्गको लागि जग्गा तोक्न सक्नेछ ।

(२) गाडि सम्बन्धि मर्मत कारखानको लागि जग्गाको २५% पार्किङ्गको लागि छोड्नु पर्दछ ।

(३) भवनको प्रयोजन उपभोग परिवर्तन गर्नु पर्दा पनि पार्किङ्गको लागि चाहिने जग्गाको व्यवस्था गर्नु पर्दछ ।

(४) घना वस्ती भएको आवासिय तथा व्यापारिक क्षेत्रमा १६९ वर्गमिटर भन्दा बढी प्लिन्थ एरिया हुने गरी निर्माण गर्ने भवनहरुमा पार्किङ्गका लागि भूमिगत पार्किङ्गको अनिवार्य व्यवस्था गर्नु पर्नेछ ।

(५) हस्पिटल, क्याम्पस तथा सपिंग कम्प्लेक्सले ४०५ वर्गमिटर भन्दा बढि क्षेत्र ओगटेको हकमा भूमिगत पार्किङ्गको अनिवार्य व्यवस्था गर्नु पर्नेछ ।

३४. नदी एवं कुलाको किनाराबाट छाड्नु पर्ने दुरीः

निर्माणको लागि प्रस्तावित जग्गा र नदि/कुलोको सिमाना नापी नक्सा अनुसार निर्धारण हुनेछ । नदी वा मुख्य कुलोसँग जोडिएको जग्गामा निर्माणको लागि प्रस्ताव गर्दा खोला वा कुलोको क्षेत्रबाट निम्न बमोजिमको दूरी छोडेर मात्र स्थायी निर्माण गर्न स्वीकृती दिइनेछ । नदि तथा खोलाको सूची अनुसूचीमा समवेश गरिएको छ ।

क्र.स.	विवरण	सेटब्याक (मि) दुवै तर्फ छुट्टा छुट्टै
१	नदि	१५
२	ठूलो खोला	१०
३	सानो खोला	५
४	नहर	५
५	कुलो	१

नोट : नदी खोला तथा कुलो र नाला को किनारा तय गर्दा प्रचलित नियम अनुसार गरिने छ)

जग्गा विकास (प्लटिङ्ग) खण्ड

३५. जग्गा विकास (प्लटिङ्ग) सम्बन्धि व्यवस्था :

त्रिवेणी गाउपालिका क्षेत्रभित्र साविकमा रहे भएको बाटो निकास बाहेक नयाँ बाटो खोली, ढल बिजुली जस्ता आधारभूत सेवा सुविधाहरु बिकास गरी वा विद्यमान संरचना तथा भू-उपयोगमा परिवर्तन हुने गरी एक वर्ष भित्र व्यवसायिक हिसावले १ प्लट भन्दा बढि घडेरीहरु बिकास गरी बिक्रि वितरण तथा हक हस्तान्तरण गर्ने कार्यलाई जग्गा विकास कार्यक्रम(प्लटिङ्ग) मानिने छ । जग्गाको प्लटिङ्ग गरी कारोबार गर्न चाहने व्यक्ति वा संस्थाले व्यवसायीक तथा व्यापारिक प्रयोजनका लागि गरिने जग्गा विकास सामुहिक आवास, सर्वसाधरण भेला हुने सपिङ्गमल, सुपरमार्केट, स्कुल कलेज, अस्पताल, नर्सिङ्गहोम, बैंक तथा वित्तीय संस्था, पोलिक्लिनिक आदिको भौतिक योजना कार्यान्वयन गर्नुपर्दा गाउँपालिकाले गठन गरेको प्राविधिक समितिको सिफारिसमा उक्त कार्यको प्लानिङ्ग परमिट स्वीकृत गराउनु पर्नेछ । यस सम्बन्धि मापदण्ड निम्न बमोजिम हुनेछन्।

(१) मूख्य सम्पर्क मार्ग तथा भित्री सहायक मार्ग सम्बन्धी मापदण्ड :

जग्गा बिकास कार्यक्रम संचालन गर्दा सो क्षेत्रमा मुख्य र अन्य सहायक मार्ग स्पष्ट रुपमा परिभाषित गरेको हुनु पर्दछ । प्राविधिक दृष्टिकोणबाट उपयुक्त हुने गरी मूख्य मार्ग भनि किटान भएको सडक सुरु देखि अन्तिम बिन्दुसम्म निकास खुलेको हुनु पर्नेछ । प्लटिङ्ग क्षेत्रमा कायम गरिएको मूख्य सम्पर्क मार्ग र सहायक मार्गले संभव भएसम्म आसपासका अन्य क्षेत्रसँगको निकासलाई समेत अवरोभध गर्न हुने छैन । तर कम्पाउण्ड पर्खाल सहित विशेष किसिमको आवास क्षेत्र घोषणा गरि बिकास गरिएको क्षेत्रमा मूख्य सम्पर्क तथा सहायक मार्गको चौडाइ सम्बन्धी व्यवस्था निम्न बमोजिम हुनेछ ।

(क) बाईपास वा वाइपास सडकसँग जोडिने सडकहरुको न्यूनतम चौडाई नाला सकित ८ मीटर हुनु पर्नेछ । ती बाहेका सडकहरुको चौडाई कम्तिमा ६० मीटर भित्रसम्म नाला सहित ६ मीटर चौडाई नघट्ने गरि हुनु पर्नेछ ।

(ख) अर्को बाटोसँग लिङ्ग नभएको बाटोको हकमा कल-डे-स्याक (Turning Space) राख्नु पर्नेछ र यसको क्षेत्रफल घटिमा ९०० वर्ग फिट हुनु पर्नेछ ।

(२) घडेरीको आकार (क्षेत्रफल) :

(क) जग्गा बिकास कार्यक्रम संचालन गर्दा घडेरीको न्यूनतम क्षेत्रफल दफा २८ मा उल्लेख भए अनुसार हुनेछ

(३) खुला क्षेत्र (सडक बाहेक) सम्बन्धी व्यवस्था :

जग्गा बिकास कार्यक्रम संचालन गर्दा भूकम्पीय तथा अन्य प्राकृतिक बिपत्त जस्ता पक्षहरु समेतलाई दृष्टिगत गरी प्राविधिक दृष्टिकोणबाट उपययुक्त स्थानहरुमा खुल्ला क्षेत्रहरु निम्न बमोजिम हुनु पर्नेछ ।

क) २ रोपनी देखि ५ रोपनी सम्मको क्षेत्रफलको हकमा ५ प्रतिशत

ख) ६ रोपनी देखि १० रोपनी सम्मको क्षेत्रफलको हकमा ४ प्रतिशत

ग) १० रोपनी भन्दा माथिको क्षेत्रफलको हकमा ३.५ प्रतिशत

यसरी छुट्याईएको खुल्ला क्षेत्रको जग्गाको सार्वजनिक स्वामित्व कायम गरिनु पर्नेछ ।

(४) पूर्वाधार तथा सेवा सुविधा :

(क) जग्गा बिकास कार्यक्रम संचालन गर्ने संस्थाले सम्बन्धित जग्गामा पूर्वाधार तथा सेवा सुविधा जस्तै विद्युतको व्यवस्था,बाटो ग्राभेल वा पिच र सतह ढल (ढलको भित्र पानि बग्ने न्युनतम चौडाई अवस्था हेरी कम्तिमा ०.५ मीटर हुनु पर्ने) आदिको विस्तृत योजना गाउँपालिकामा पेश गर्नु पर्नेछ । गाउँपालिकाले स्वीकृत दिनु पूर्व योजनामा उल्लेख भए अनुसारका पूर्वाधार तथा सेवाको विद्यमान स्तर निरीक्षण गरि यस सम्बन्धमा बिश्वस्त हुन सकेको खण्डमा मात्र स्वीकृती दिनेछ ।

(ख) परापूर्व कालदेखि बगिरहेको मुख्य ढलहरुको लागि सम्बन्धित जग्गाधनीको जग्गाबाट बहाब भैरहेको अवस्थामा सम्बन्धित जग्गा धनीले नै सो नालाको चौडाई नघट्ने गरि व्यवस्था गर्नु पर्नेछ । यस मापदण्ड बमोजिमका पूर्वाधार तथा सेवा सुविधाको निर्माण विस्तारमा आवश्यक पर्ने प्रशासनिक तथा प्राविधिक सहयोगको लागि गाउँपालिका समक्ष अनुरोध भएको खण्डमा गाउँपालिकाले आवश्यकता र औचित्यता हेरी समन्वय र संयोजनकारी भूमिका निर्वाह गर्न सक्नेछ । प्लटिङ्ग गरिने प्रत्येक घडेरीमा न्यूनतम रुपमा नाली सहितको ग्रेभल/कालोपत्रे सडक, खानेपानि र विद्युतको व्यवस्था भएको हुनु पर्नेछ ।

(ग) नदी किनारको १५ मी. क्षेत्रभित्र कुनै पनि किसिमको प्लटिङ्ग गर्न पाईने छैन । साथै प्लटिङ्ग गर्न प्रस्ताव गरिएको क्षेत्रभित्र सार्वजनिक वा सरकारी जग्गा पर्ने भएमा सार्वजनिक वा सरकारी जग्गा संरक्षण गर्नुपर्नेछ । जग्गा बिकास क्षेत्र भित्र कुलो परेको अवस्थामा कुलोको क्षेत्रबाट ५ फिट सेटव्याक छोडेर कित्ताकाट गर्न पाइनेछ ।

(५) पलटिङ्ग अनुमति सम्बन्धी व्यवस्था :

(क) अनुमति नलिई आवास तथा अन्य प्रायोजनको लागि जग्गा बिकास कार्यक्रम (पलटिङ्ग) गर्न कुनैपनि व्यक्ति वा संस्थाले गाउँपालिकाको अनुमति नलिई आवासीय वा अन्य प्रयोजनको लागि जग्गा एकीकरण वा घडेरी सेवा सुविधाको माध्यमबाट जग्गा बिकास कार्यक्रम संचालन गरी घडेरीहरको बिक्री वितरण, हक हस्तान्तरण गर्न पाईने छैन । यस प्रावधन विपरित प्लटिङ्ग गरेको क्षेत्रमा जग्गाको राजिनामा शिफारिस तथा घर नक्शा पास गरिने छैन । साथै सार्वजनिक उपयोगिताहरु जस्तैः धारा, बिजुली बत्ती आदी जडानको लागि शिफारिस गरिनेछैन । साथै उक्त जग्गा रोक्का राख्न लगाउन समेत सकिनेछ ।

(ख) अनुमतिका लागि दरखास्त :

बस्ती क्षेत्रहरुमा आवासीय वा अन्य प्रयोजनका लागि जग्गा विकास कार्यक्रम संचालन गर्न व्यक्ति वा संस्थाले अनुमतिका लागि प्रस्तावित जग्गा बिकास कार्यक्रमको प्लटिङ्ग डिजाईन नक्सा, जग्गाको स्वामित्व स्पष्ट हुने प्रमाण सहित लोकेसन प्लान, साइट प्लान, जग्गाको प्लटिङ्ग र क्षेत्रफल, खुल्ला क्षेत्र, सडकको चौडाई, पर्खालको चौडाई आदि खुलाई तोकिएको ढाँचाका गाउँपालिका समक्ष दरखास्त दिनु पर्नेछ ।

(ग) दरखास्त साथ खुलाउनु पर्ने विषयहरु :

यस बमोजिम पेश हुने दरखास्त साथ मूख्य मार्ग र सहायक मार्ग रहने स्थान र सडकको चौडाई, घडेरीहरुको क्षेत्रफल र मोडहा, खुल्ला क्षेत्रको अनुपात र स्थान, ढल निकास, बिजुली, आधारभूत सेवा सुविधा सम्बन्धी योजना भएको प्लटिङ्ग नक्सा र हालको अवस्था स्पष्ट रुपमा खुलेको नक्सा र बिवरण पेश गर्नु पर्नेछ । साथै प्लटिङ्ग नक्सामा जग्गाको कित्ता नं. र क्षेत्रफल, चारकिल्ला , प्लट संख्या र क्षेत्रफल स्पष्ट भएको संक्षिप्त विवरण वा संकेत सोही नक्सामा समावेश गरिएको हुनु पर्नेछ ।

(घ) हकभोगको निस्सा र अन्य लिखत पेश गर्नु पर्ने :

यस बमोजिम अनुमतिका लागि गाउँपालिका समक्ष दरखास्त पेश गर्दा प्रस्तावित जग्गा बिकास कार्यक्रम संचालन गर्ने जग्गाको हकभोगको निससा-व्यक्तिको हकमा जग्गा धनी प्रमाण पत्र तथा नागरिकताको प्रमाणपत्र, संघसंस्थाको हकमा संस्था दर्ता प्रमाणपत्र संलग्न राख्नु पर्नेछ ।

(ङ) जाँचबुझ गर्न सक्ने :

प्लट अनुमतिका लगि दरखास्त दर्ता भएपछि सो दरखास्तहरु मापदण्डहरु पालना भए नभएको जाँचबुझ गरी कुनै मापदण्ड पूरा नभएको भए सो पूरा गर्न लगाई जग्गा बिकास पलटिङ्ग कार्यक्रम संचालन गर्न अनुमति दिन सकिनेछ । तर प्रस्तावित क्षेत्र यस मापदण्डले परिभाषित गरेको भू-उपयोग क्षेत्र अनुसार संवेदनशील वा जोखिमयुक्त क्षेत्र भन्ने लागेमा गाउँपालिकाले सम्बन्धित क्षेत्रमा विज्ञहरु समेत रहेको समिति वा कार्यदल गठन गरी त्यसको सुझावको आधारमा निर्णय दिन सक्नेछ ।

(च) अनुमति दिने :

जाँचबुझ गरि सकेपछि गाउँपालिका विश्वस्त हुन सकको अवस्थाका प्रमुख प्रशासकीय अधिकृतले प्रस्तावित जग्गा विकास प्लटिङ्ग कार्यक्रमका लागि अनुमति प्रदान गर्नसक्नेछ । अनुमति दिदा लाग्ने दस्तुर तोकिए बमोजिम हुनेछ ।

(छ) मापदण्ड कार्यान्वयन तथा अनुगमन सम्बन्धी व्यवस्था :

प्रमुख प्रशासकीय अधिकृतले गाउँपालिकाका इन्जिनियर सहितको टोली खटाई मापदण्ड कार्यान्वयन भए नभएको अनुगमन गर्न सक्नेछ ।

(ज) मापदण्ड उललंघनमा कारवाही सम्बन्धि व्यवस्था :

बस्तीको शहरकिरणलाई नियोजित र व्यवस्थीत गर्ने उद्देश्यका साथ त्रिवेणी गाउँपालिकाले कार्यान्वयनमा ल्याएको यो मापदण्ड पालना गर्नु गराउनु यससँग सरोकार राख्ने सबैको कर्तव्य हुनेछ । यदि कुनै प्लटिङ्ग व्यवसायी, संस्था वा परामर्शदाताले यसको उल्लघन गरे गराएको ठहरेमा गाउँपालिका कार्यालयले त्यस्ता व्यवसायी, संस्था वा परामर्शदाताहरुलाई कालो सूचिमा राख्ने तथा यस मापदण्ड एवं अन्य प्रचलित कानून बमोजिम दण्ड जरिवाना तथा अन्य कारबाही समेत गर्न सकिनेछ ।

३६. भवन संहिताको पालना गर्नुपर्ने :

कुनै पनि भवन निर्माण गर्दा नेपाल सरकारले मिति २०६०/०४/१२ मा स्वीकृत गरेको राष्ट्रिय भवन संहिताको पालना गर्नु पर्नेछ ।

(१) सतह ढल

(क) प्रस्तावित प्लटबाट गाउँपालिका वा सम्बन्धित निकायले तोकिदिएको दुरी भित्रमा सतह ढल छ भने प्लट भित्रको वर्षाको पानी सतह ढलमा जोड्नु पर्दछ । यस्तो जडान गर्दा गाउँपालिका वा सम्बन्धित निकायले तोके बमोजिम जडान गर्नु पर्दछ ।

(ख) सतह ढलमा कुनै पनि किसिमको ठोस फोहर मैला एवं विषालु पदार्थ पठाउन पाईने छैन ।

(ग) चर्पी नभएको भवन निर्माणको लागि सवीकृती दिइने छैन ।
(घ) घर निर्माण अनुमति लिंदा पेश गर्ने नक्सामा सेप्टिक टंकी र सोकपिटको समेतको अनिवार्य व्यवस्था गर्नु पर्नेछ ।
(ङ) सडक अधिकार क्षेत्र भित्र सेप्टिक टंकी र सोकपिट निर्माण गर्न पाइने छैन । यस्तो निर्माणको लागि प्लट सिमानाबाट १ मी छोड्नु पर्नेछ ।

(२) खानेपानी :

(क) खानेपानीको पाईप जडान गर्दा सम्बन्धित निकायले तोके बमोजिक गर्नु पर्नेछ । सडक अधिकार क्षेत्र भित्र पर्ने गरी जमीन मुनि खानेपानीको टंकी निर्माण गर्न पाईने छैन ।
(ख) जमीन मुनि खानेपानीको टंकी निर्माण गर्दा सेप्टिक टंकी वा सोकपिट भवनबाट कमतीमा ५ मिटरको दुरी भन्दा नजिक निर्माण गर्न पाईने छैन ।

(३) विद्युत :

कुनैपनि भवन विद्युत प्रसारण वा विद्युत वितरण लाइनका तारहरुबाट विद्युत नियमावली २०५० अनुसार नेपाल विद्युत प्राधिकरणले तोकेको दूरी छाडेर मात्र निर्माण गर्न पाइने छ ।
(१) निर्माणको लागि प्रस्तावित भवन प्लटबाट विद्युतको तार नजिकै भएको अवस्थामा निर्माण/तल्ला थप गर्नु पर्दा विद्युत प्राधिकरणको नियमानुसार गर्नु पर्दछ ।
(२)४०० भोल्टेज देखि ११ हजार भोल्ट सम्मको नाङ्गो तार छेउछाउबाट कम्तिमा ३/३ मीटर र ११ हजार देखि ३३ हजार भोल्ट सम्मको तार छेउबाट कम्तिमा ५/५ मीटर छाडि मात्र निर्माण गर्न पाईने छ ।
(३)१३२ KVA सम्मको तार छेउबाट कम्तिमा ७/७ मिटर छोड्नु पर्नेछ ।
(४)विद्युत विवरण केबुलहरु/वायरिङ्ग छुट्टै डक्टमा राखिएको हुनुपर्दछ । डक्टको क्षेत्र अग्नी प्रतिरोधक क्षमता भएको आगोले नखाने सामाग्रीबाट प्रत्येक तल्लामा सिल गरिएको हुनुपर्दछ ।
(५)पानीका मेनलाईन, टेलिफोन तारहरु, इन्टरकम लाईनहरु, ग्याँस पाईपहरु तथा अन्य सेवाका लाईनहरु विद्युत तारको डक्टमा राखिने छैन ।
(६)शाफटहरु फल्स सिलिंग माथि तथा न्युन भोल्टेजको वायरीङ्गहरुलाई मेटल कन्डयुटबाट लगिनेछ । फल्स सिलिङ्ग माथि विद्युत वा अन्य सेवाको लागि गरिने कुनै पनि २३० भोल्टेजको वायरिङ्गको ६६० भोल्टेजको इन्सुलेशन हुनुपर्नेछ । आफ्नो सस्पेन्सनको लागि प्रयोग गरिने सबै फिक्स्चर सहितको फल्स सिलिङ्ग आगो नलाग्ने सामाग्रीबाट बनेको हुनुपर्दछ ।
(७)विद्युत सर्कीटहरुमा एम.सि.बी. को व्यवस्था गर्नु पर्नेछ ।

(३.१.) विद्युत नियमावली २०५० को व्यवस्था :

(क) भुईदेखि बिजुलीको तारसम्म हुनुपर्ने न्यूनतम दूरीः

(१) विद्युत वितरण तथा प्रसारण प्रणालीको विभिन्न भोल्टको विद्युत तार तथा भुइको बीचमा रहने दूरी अनुसूची १२ मा लेखिएको भन्दा कम हुनुहुदैन ।
(२) सडक माथि तथा सडकको छेउमा विद्युत लाईन लैजानु परेमा उपयुक्त प्राविधिक दृष्टिकोण अपनाई लैजानुपर्नेछ ।
(३) ३३,००० भोल्ट भन्दा बढी भोल्टेजको लाईन लैजानु आवश्यक भएमा अनुसूची १२ मा उल्लेखित ३३,००० भोल्टको लागि तोकिएको न्युनतम दूरीमा प्रत्येक ३३,००० भोल्टको लागि थप ०.३०५ मिटरको दूरीमा लैजानुपर्ने ।

(ख) सडकको वारपार विद्युत लाईन लैजाने सम्बन्धमा

घनावस्ती भएको ठाउँमा ११,००० भोल्ट भन्दा बढी क्षमताको विद्युत लाईन सडकको वारपार गर्नुपर्दा डवल इन्सुलेटर प्रणालीको प्रयोग गर्नु पर्नेछ ।

(ग) विद्युत लाइनको दायाँवायाँ हुनुपर्ने फरक :

१) विद्युत प्रसारण तथा वितरणको लाइन लैजानुपर्दा घर वा रुखबाट अनुसुची १३ माल्लेखित दुरीभन्दा कम दुरीमा लैजानुहुदैन।
२) ३३,००० भोल्ट भन्दा बढी भोल्टको लाईन लैजानु आवश्यक भएमा अनूसुची १३ माल्लेखीत ३३,००० भोल्टको लागि तोकिएको न्यूनतम दुरीमा प्रत्येक ३३,००० भोल्टको लागि ०.३०५ मिटर थप गरी लैजानुपर्नेछ ।

(घ) विद्युत लट्ठाहरुको बीचमा हुनुपर्ने फरक :

१) विद्युत लट्ठाहरुको एक अर्को बीचको दूरी कायम गर्दा बिजुलीको तारको अन्तिम टेनसाइल स्ट्रेन्थ, फ्याक्टर अफ सेफ्टी तथा भूईबाट तारसम्म हुने दुरी बिचार गरी लट्ठा गाड्नुपर्नेमछ ।

(ङ) घर माथिबाट बिजुली लाईन लैजान नहुने

घर माथिबाट कुनै किसिमको विद्युत लाइन लैजानु हुदैन । तर ग्यारेज, टहरा वा पर्खाल माथिबाट विद्युत लैजान आवश्यक परेमा ४००-२३० भोल्ट सम्मको लाइन लैजान सकिनेछ । यसरी लगिएको विद्युत लाइन ग्यारेज, टहरा वा पर्खालको सबैभन्दा अग्लोठाउँबाट कम्तिमा ३ मिटरको दूरीमा पर्नेगरी लैजानु पर्नेछ ,

(च) विद्युत लाईन र टेलिफोन लाइन नजिकबाट लैजाने सम्बन्धमा

विद्युत लाइनको नजीकबाट टेलिफोन लाइन वा टेलिफोन लाइनकामे नजीकबाट विद्युत लाइन लैजानु परेमा अनुमतिपत्र प्राप्त व्यक्ति तथा सम्बन्धित दुरसंचार निकाय बीच आपसमा छलफल गरी विद्युत वा टेलिफोन लाइनलाई प्राविधिक दृष्टिकामेणबाट बाधा वा चार्ज नहुनेगरी लैजानुपर्नेछ ।

(छ) आकाश बिजुलीबाट बचावट

अनुमतिपत्र प्राप्त व्यक्तिले सूहाँउदो गाउँहरुमा आकाश बिजुलीबाट हुने नोक्सानी र विद्युत शक्तिको घटबढ हुन नदिनको लागि आकास बिजुली रक्षक यन्त्र वा अरु सुहाउदो साधनको व्यवस्था गरी उक्त साधनहरुबाट आकाश बिजुलीबाट बचावट हुने व्यवस्था गर्नुपर्नेछ ।

(ञ) उर्जाको बचत : आवास तथा अन्य भवनमा प्रयोग गर्ने बिजुलीको खपतको हिसाबले कम वाटमा उज्यालो दिने lcd LeD / CFL प्रयोग गर्नु पर्नेछ धेरै वाटमा कम उज्यालो दिने Filament बल्ब प्रयोग गर्नु हुदैन ।

विविध खण्ड

३७. प्लट अनुमति नलिएका तर खरिद बिक्रि भइसकेको घडेरीहरु सम्बन्धी अन्तरीम व्यवस्था :

प्लटिङ्ग अनुमति सम्बन्धी व्यवस्था लागु हुनु पुर्व गाउँपालिकाबाट प्लटिङ्गको अनुमति नलिई व्यक्तिगत वा संस्थागत रुपमा खरिद बिक्रि भएका घडेरीहरु गाउँपालिकाले तोकेको मापदण्डले तोकेका न्यूनतम प्रावधान बमोजिम भएको खण्डमा गाउँपालिकाबाट उपलब्ध गराईने नक्सा अनुमति लगायतका अन्य सेवा सुविधा उपलब्ध गराउन सक्नेछ ।

३८. सेवा सुविधाको लागि लेखपठाउने :

गाउपालिकाबाट स्वीकृती भएको नक्सा बमोजिम बनेको भवनलाई मात्र सेवा सुविधा जडानको निमित्त सम्बन्धीत निकायलाई सिफारीश लेखि पठाईनेछ । गाउँ कार्यपालिका कार्यालयबाट गरिएको सिफारशि प्राप्त भएपछिमात्र सम्बन्धित निकायले सेवा सुविधा जडान गरिदिनु पर्नेछ ।

३९. गाउँपालिकामा कार्यरत प्राविधिकले नक्सा डिजाइन गर्न नपाउने : गाउँपालिकामा कार्यरत प्राविधिक जनशक्तिले आफू कार्यरत गाउँपालिका क्षेत्रमा निर्माण हुने भवनहरुको नक्सा निर्माण र डिजाइन गर्न पाउने छैनन् ।

४०. निर्माण मापदण्ड तथा भवन संहिता बिपरित नक्सा निर्माण, स्ट्रक्चरल डिजाइन र सिफासरिश गर्न प्रतिबन्ध :

४१. सम्पन्न प्रमाणपत्र उपलब्ध गराउदा उपनाउने प्रक्रिया : (१)गाउँपालिकाले भवन निर्माणको सम्पन्न प्रतिवेदन दिनु अघि नक्शा डिजाइन गर्ने वा सुपरिवेक्षण गर्ने प्राविधिकबाट निर्माण भएको भवन प्रचलित भवन संहिता तथा निर्माण सम्बन्धि मापदण्ड अनुसार भएको प्रमाणित गराएर मात्र आफ्ना प्राविधिकबाट समेत जाँच पास गराई निर्माण सम्पन्न प्रतिवेदन दिनुपर्नेछ ।

(२) नक्सा प्रमाणितका लागि शिफारिस गर्ने गाउँपालिकाका प्राविधिक कर्मचारीले समेत अनिवार्य रुपमा आफ्नो नाम र नेपाल इन्जिनीयरीङ्ग काउन्सियलको दर्ता नंबर उल्लेख गरि दस्तखत गरेको हुनुपर्नेछ ।

(३) सार्वजनिक उपयोगिताका सेवा प्रयोग गर्न भवन निर्माण सम्पन्न प्रमाणपत्र लिनु पर्ने

४२. भवन निर्माण सम्पन्न प्रमाणपत्र नलिएका भवनहरु सार्वजनिक प्रयोजनमा भाडामा लिन नपाउने : आर्थीक वर्ष २०७५/७६ देखि सरकारी निकाय तथा नेपाल सरकारको पूर्ण वा आंसिक स्वामित्वमा संचालित निकायहरु तथा संगठित संस्थाहरुले घर भाडामा लिनु अघि जिल्ला स्थित शहरी बिकाश कार्यालय वा सम्बन्धित स्थानीय तहबाट भाडामा लिन लागिएको भवन प्रचलित भवन संहिता तथा मापदण्ड अनुसार भए नभएको जाँच गराएर भवन निर्माण सम्पन्न प्रमाणपत्र लिएका उपयुक्त भवन मात्र भाडामा लिन पाउनेछन् । यस विपरित भाडा संभौता गरेमा सम्झौता गर्ने पदाधिकारी जिम्मेवार हुनेछन ।

तर,यो मापदण्ड लागु हुनुभन्दा अगाडि निर्माण भएका भवनको हकमा भने प्राविधिकबाट जोखिम मूल्याकन गराएर भाडामा लिन बाधा पर्नेछैन ।

४३. नक्शापास नगरी भवन निर्माण गर्न नहुने : भवन मापदण्ड लागु भएको स्थानीय तहको क्षेत्रमा सम्बन्धित तहबाट नक्शापास नगरी सार्वजनिक भवन निर्माण गर्ने सार्वजनिक निकायका जिम्मेवार पदाधिकारीलाई सम्बन्धित स्थानीय तहको कार्यपालिका बैठकबाट निर्णय गरि यसमा संलग्न पदाधिकारीको नाम समेत सार्वजनिक गरि तालुक निकायमा यस्ता पदाधिकारीलाई कार्यबाहीको लागि लेखि पठाईनेछ ।

४४. भवन निर्माण इजाजत पत्र राख्ने व्यवस्था

क र ख वर्गको भवन निर्माण गर्दा भवनको स्वामित्वकर्ताले भवन निर्माण अनुमति पत्र र नक्साका अतिरिक्त भवनको नक्सा पास भएको मिति र भवन

आधारभूत मापदण्डहरु जस्तै setback आदि विवरणहरु निर्माण कार्य सम्पन्न नभएसम्म सबैले देख्न सक्नेगरी होर्डिङ्ग बोर्डमा राख्नु पर्नेछ ।

४५. **भवन निर्माणमा बन्देज** : जोखिम नक्सांकनका आधारमा जिल्ला दैवी प्रकोप उद्धार समितिले बाढी, पैरो, भूक्षय आदि जोखिमका आधारमा जोखिमयुक्त क्षेत्रको पहिचान गरि सो क्षेत्रमा भवन निर्माण गर्न प्रतिबन्ध लगाउन गाउँपालिकालाई सिफारिश गरेमा उक्त क्षेत्रमा गाउँपालिकाले भवन निर्माण गर्न प्रतिबन्ध लगाउन सक्नेछ ।

४६. **जोखिमयुक्त संरचना तथा पर्खाल भत्काउने**:
गाउँपालिकाले आफ्नो क्षेत्रमा रहेका जोखिमयुक्त पर्खालहरु तत्काल भत्काउन लगाउन सक्नेछ । घरको स्वामित्वकर्ताले सो संरचना नभत्काएमा स्वामित्वकर्ताको खर्चमा गाउँपालिका स्वयमले भत्काई आवागमनलाई सहज तुल्याउनेछ ।

४७. **नक्शापास गर्न जग्गाधनी स्वयं उपस्थित हुनुपर्ने** : यो मापदण्ड जारी भएको मितिदेखि भवन निर्माण नक्शापास स्वयं जग्गाधनीले नै गुर्नपर्नेछ । मन्जुरिनामा वा अन्य कुने कागजको आधारमा नक्सा स्वीकृत गरिने छैन ।

४८. निर्माण हुने नयाँ भवनहरुमा निर्माण सम्पन्न वा आंशिक सम्पन्न प्रमाणपत्र नलिईकन कुनै पनि भवनहरु उपयोग गर्न नहुने ।

४९. **अनुमती विना संरचना परिवर्तन गर्न बन्देज** : साथै निर्माण सम्पन्न प्रमाणपत्र लिईसकेपछी गाउँपालिकाको पूर्व स्वीकृति तथा नक्सा पास एवं भवन निर्माण अनुमति विना संरचनाहरुमा परिवर्तन (थपघट) गर्न पाइने छैन ।

५०. **निर्माण सम्पन्न प्रमाणपत्र नलिएकालाई कुनै शिफासिर नगर्ने** : सम्पन्न प्रमाणपत्र नलिएका संरचनालाई वैकिंङ्ग, इन्सुरेन्स वा अन्य कारोबारको लागि गाउँपालिकाले कुनै किसिमको शिफारिस उपलब्ध गराउनेछैन ।

५१. **भवनमा सटर राख्दा मापदण्ड पुरा गनुपर्ने** : (१)अब उप्रान्त आवासिय प्रयोजनको लागि निर्माण हुने भवनहरुमा शटर तथा पसल राख्न पाइने छैन । यदि कसैले शटर राखि भवन निर्माणको स्वीकृति लिएमा सो भवनलाई स्वतः व्यापारिक भवन मानिनेछ ।
(२) ६ मीटर भन्दा कम चौडाइको सडकको पहुँच भएको भवनमा शटर राख्न पाईने छैन र । शटर राखदा कम्तीमा २ मीटरको सेटब्याक छोड्नु पर्नेछ ।

५२. **सुपरीवेक्षण गर्ने प्राविधिकको सम्झौता राख्नुपर्ने** : क,ख र ग वर्गका भवनहरुको नक्सा पासको लागि गाउँपालिकामा निवेदन दर्ता गर्दा भवनको स्वामित्वकर्ताले सुपरीवेक्षण गर्ने प्राविधिकसँग भएको सम्झौताको पत्र समेत समावेश गर्नु पर्नेछ । त्यस्तो प्राविधिकको सम्झौतामा प्राविधिकको दर्ता प्रमाणपत्र नं समेत उल्लेख गरेको हुनुपर्नेछ ।

५३. गाउँपालिकाले सभाको निर्णयबाट निश्चित टोल वा क्षेत्रमा भवन संहिता तथा यस मापदण्डको परिधिभित्र रही तोकिएको रंग, डिजाईन, ढाँचा, तल्ला र आकारका भवनहरुमात्र निर्माण गनुपर्ने मापदण्ड निर्माण गरी एकरुपता कायम गर्न सक्ने छ । सार्वजनिक भवनमा रंगहरु प्रयोग गर्दा सहरी विकास मन्त्रालयबाट स्वीकृत सार्वजनिक भवनमा प्रयोग हुने रंग ससम्बन्धी निर्देशिका २०६९ बमोजिम रंगहरु प्रयोगमा ल्याउन सक्नेछ ।

५४. **तला थपको लागि प्राविधिकको योग्यता** : (ख) र (ग) वर्गका भवनको हकमा निर्माण अवधि सकिएपछि तला थपका लागि भवन निर्माण अनुमति माग गरिएमा (ख) वर्गको पाँच तला वा १७ मिटर भन्दा बढीको हकमा Structural Engineer बाट र सो भन्दा कम तथा (ग) वर्गको हकमा नेपाल इन्जिनियरीङ काउन्सिलमा दर्ता भएको २ वर्ष काम गरेको अनुभव भएको सिभिल इन्जिनियरबाट सो भवन तला थप गर्न उपयुक्त छ भनी प्रमाणित गरेर मात्रै तला थपको अनुमति प्रदान गरिनेछ ।

५५. सार्वजनिक वा निजि कुनै पनि प्रकारको पोखरी, ताल, तलैया मासेर भवन निर्माण गर्न पाईने छैन ।

५६. पानीको मुहानलाई असर पर्ने गरी कुनै प्रकारको संरचना निर्माण गर्न पाईने छैन साथै नदि,खोला वा कुलोको भागलाई बाटो कायम गरी नक्शा पास गर्न पाइनेछैन ।

५७. नापी नक्शा श्रेष्तामा बाटो कायम नभएको सार्वजनिक जग्गालाई बाटो देखाई नक्शापास गर्न पाइनेछैन ।

५८. नदी उकासबाट आएको जमीनमा कुनै सार्वजनिक सडक र सार्वजनिक ढल देखि बाहेकका संरचना निर्माण गर्न पाईने छैन । यस्तो जमीन स्वतः हरित क्षेत्र घोषणा हुनेछ र उक्त क्षेत्रमा वनस्पति विभाग वा वन मन्त्रालयले सिफारिस गरे अनुसारका बोटबिरुवा रोपी हरियाली कायम गरिनेछ ।

५९. **भवन संहिता २०६० अनुसारको भवन निर्माण गर्दा जग्गाको साँधसीमानाबाट न्युनतम १ मिटर छोडेर मात्र** भवनको आइसोलेटेड पिलर जग (Isolated Column Footing) तथा भारबहन गार्हो निर्माण गर्न पाइनेछ । तर

तोकिएको पुराना तथा घना आबासिय वस्तीका आबासीय घरमा सयुक्त पिलर (Combined Column Footing) लगायतका इन्जिनियरिग प्रविधि प्रयोग गरेर गर्न बाधा पर्नेछैन ।

६०. यो मापदण्ड लागु भए पश्चात नक्शापास नगरेका भवनको हकमा सार्वजनिक उपयोगिताका सेवाहरु जडानको लागि सिफारिस नगरिने र नक्शापास अनुमति लिई बनेकाको हकमा न्युनतम १ तल्लाको पूर्ण वा आंशिक निर्माण सम्पन्न प्रमाणपत्र लिइएका भवनलाई मात्र पानी, विजुली, टेलिफोन आदि सार्वजनिक उपयोगिताका सेवाहरु जोडन सिफारिस गर्न सकिने छ ।

६१. पम्प सम्बन्धि नेपाल आयल निगमको मापदण्ड २०६५ तथा छैटौ संशोधन २०७३ को व्यवस्था :

(१)प्रस्तावित विक्रि स्थल राख्ने जग्गाको सडक तर्फको मोहडा घटीमा २० मिटर चौडाइ घटीमा १२ मिटर भई कुल जग्गाको क्षेत्रफल घटीमा १ रोपनी ८ आना (दुई कट्ठा) हुनुपर्नेछ ।

(२)बिक्रिस्थलमा कार्यालय , बिक्रिकक्ष, पिउने पानि वा ट्युबको तथा अपाङगमैत्री शौचालयको अलावा महिला तथा पुरुषको लागि छुटा छुटै एकभन्दा बढी शौचालयको व्यवस्था गर्नुपर्छ ।

(३)सामान्यतया : सडकको एक किनारा तर्फ दुइवटा पेटोल पम्पहरुको दुरी कम्तिमा ३०० मी. हुनु पर्नेछ ।

(४)कुनै पनि सडक चोक (Junction)मा पेटोल पम्प राख्न दिइने छैन । मुख्य मुख्य सडकहरुको चोक परेमा वस्ती चोक देखि पेटाल पम्प रहने स्थलको दुरी कम्तिमा पनि १०० मी. रहनु पर्नेछ तर मुख्य सडक र सानो शाखा सडकसंग सानो शाखा सडक भन्नाले जसको चौडाइ ५ मी. भन्दा कम छ त्यस्तो सडकलाई जनाउने छ । चोक परेमा पेटोल पम्प रहने दुरी यस्तो चोक देखि कम्तिमा ४ मी. सम्म हुन सक्नेछ ।

(५)बिक्रिस्थलको तिन तर्फ बम्तिमा तिन फिट देखि बढीमा पाँच फिट सम्म उचाइ भएको पक्कि कम्पाउण्ड वाल वा सिमेन्ट पिलरमा काँडेतार लगाएको हुनुपर्ने ।

(६) बिक्रिस्थलमा वर्षातमा सवारी साधनमा इन्धन भर्दा आकाशे पानी बाट जोगाउन पम्पयार्डमा घटीमा ६.८६ मिटरको स्टिल /RCC र कर्कट पाता र PV सिटरफाइबर ग्लास सिटको छाना को व्यवस्था भएको हुनुपर्ने छ ।

(७) स्थलको कम्पाउण्ड तिन तर्फ सुहाउदो कम्पाउण्ड वाल वा पक्की फेन्सीङ (काँडेतारले घेरेको)गरी सडक तर्फको मोहडामा , राजमार्गमा रहेको विक्रिस्थल जुन प्राय : २४ घण्टा खुल्ला रहन्छ) । घटीमा ६ मिटरको निकासद्वार हुनु पर्नेछ ।

(८) विक्रिस्थलको कम्पाउण्डको पम्पयार्ड लगातार सार्वजनिक सडक सिमाना देखि पम्पयार्ड सम्मको एप्रोच रोडको पेभमेण्ट ब्ल्याक टप अथवा पक्की ब्रिक अन ऐज पिचिङ गरिएको हुनु पर्नेछ ।

(९) विक्रिस्थलको कम्पाउण्डमा अग्नी सुरक्षाको लागि घटीमा चार थान १० के.जी. क्षमताको डि.पि.सी.फायर एक्टीङ्ग्वीसर राख्नु पर्नेछ ।

(१०) विक्रि स्थलको कम्पाउण्ड भित्र एप्रोच रोड ,टैंक फार्म , सेल्स काउण्टर , पार्किङ एरिया बाहेक सवारी साधन आवत जावत मा बाधा नपर्ने स्थानमा वातावरण संरक्षण गर्ने सदावहार हल्का किसिमको वृक्षारोपण गर्नु पर्नेछ ।

(११) विक्रिस्थल कम्पाउण्ड भित्रको सर्फेस वाटरको उचित ड्रेनेजनको व्यव्स्था गरेको हुनु पर्नेछ ।

(१२) विक्रिस्थल कम्पाउण्ड भित्र पर्याप्त कम्पाउण्ड लाइटिङ (भेपर लाईट) को व्यवस्था गरेको हुनुपर्नेछ ।

(१३) केही टाढाको दूरीबाट स्पष्ट देखिने गरी घटीमा २० फिट अग्लो ४ फिट डायमिटरको दुवै तर्फ निगमको लोगो सहितको घटीमा एउटा होर्डिङवोर्ड राख्नुपर्नेछ ।

६२. भवन निर्माण कार्यको लागि झिकाएको कुनै पनि निर्माण सामाग्री बाटोमा राखेर मानिस /सवारी साधनको आवागमनलाई बाधा पार्न पाइने छैन ।

६३. विज्ञापन सम्बन्धि कुनै पनि होडिङ्ग बोर्ड, टावर ,एन्टेना आदि राख्नु पर्दा गाउँपालिकाको स्वीकृती लिएर मात्र राख्नु पर्नेछ । यस्तो स्वीकृती प्रदान गर्दा जडान भएको उपकरणको कारण भवनको सुरक्षामा प्रतिकुल असर नपर्ने कुरामा सम्बन्धित प्राविधिकबाट प्रमाणित गराएर मात्र स्वीकृती दिईनेछ ।

६४. निर्माण अवधि सकिएपछि भवनको छतमा पिलर ठड्याई राख्न पाइने छैन । यसरी राखिएमा उक्त पिलर भत्काउनु पर्नेछ ।

६५.तालिम प्राप्त दक्ष कामदार(मिस्त्रि)हरुबाट घर निर्माण गराउनुपर्ने : यो मापदण्ड लागु भएपश्चात गाउँपालिका क्षेत्रभित्र निर्माण हुने भवनहरु गाउँपालिकामा सूचीकृत भएका तालिम प्राप्त निर्माण व्यवसायी (डकर्मी,कालिगढ,ठेकेदार)हरुले मात्र

सुपरीवेक्षणको लागि नियुक्त भएको प्राविधिकको रोहवरमा भवन स्वामीत्वकर्तासंग दुइ पक्षिय सम्झौता गरी भवन निर्माण गर्न पाउने छन ।

६६. वर्षाको पानी (Rain Water Harvesting) को व्यवस्थापन : क तथा ख बर्गको भवनहरुले वर्षातको पानी ढल वा खुला नमिसाइ (Rain Water Harvesting) को प्रविधि अपनाई जमीन मुनी पठाउने व्यव्स्था अनिवार्य रुपमा गर्नु पर्नेछ । जमीनले सोस्न नसकिने पानी मात्र ढलमा पठाउने व्यवस्थागर्नु पर्नेछ । साथै अन्य वर्गका भवनहरुले (Rain Water Harvesting) को प्रविधि अपनाउन सकिनेछ । तर अन्य वर्गका भवनहरुले (Rain Water Harvesting)को प्रविधि अपनाउन नसकिने भएमा छानाबाट आउने वर्षाको पानी तपकिन नदिइ छानादेखि जमीनको मूल पाइप वा सडकको नाली सम्म पाइपद्धारा आफनो जग्गाबाट अनिवार्य रुपमा लग्ने व्यवस्था नभए सम्म निर्माण सम्पन्न प्रमाण पत्र दिइने छैन ।

६७. छतको पानी बाटोमा खसाउन नपाइने : छतको पानी पाइप लगाएर बाटोमा खसाउन पाइनेछैन । छतको पानीलाई पाइपद्वरा नालीमा जाने व्यवस्था गर्नुपर्नेछ ।

६८.नक्सा नियमित गर्ने सम्बन्धि व्यवस्था :

(१) भवन मापदण्ड लागुहुनुपूर्व बनि सकेका तथा गाउँपालिकाले अभिलेखिकरण गरेका भवनहरुको नक्शापास गर्न आएमा साविककै अवस्थामा प्रयोजन खुलाएर नक्शापास नियमित गर्न सकिनेछ ।

(२) मापदण्ड लागु भई सकेको अवस्थामा नक्शापास नगरी घर बनाई सकेपछि नक्शापास गर्न आएमा गाउँपालिकाको प्राविधिकबाट जाँच गराई भवन मापदण्ड अनुसार बनेको प्राविधिक प्रतिवेदन प्राप्त भएमा तोकिएको थप दस्तुर लिई नक्शापास गर्न सकिनेछ ।

तर,प्राविधिक जाँचबाट तोकिएको मापदण्ड पुरा नगरेको पाइएमा त्यस्तो भवनको नक्शापास गर्न सकिनेछैन ।

६९. प्रचलित कानुन बमोजिम हुनेः

मापदण्ड लेखिएका कुराहरुमा यसै बमोजिम र यसमा नलेखिएका कुराहरुका हकमा प्रचलित कानुन तथा नेपाल सरकारबाट समय समयमा जारी भएको निर्देशन परिपत्र ,मापदण्ड मार्गदर्शन अनुसार हुनेछ ।

७०. सार्बजनिक भवनहरु अपाङ्ग मैत्री सम्बन्धमा

गाउँपालिकामा भित्र बन्ने सम्पुर्ण सार्वजनिक भवनहरु अपाङ्गमैत्री हुनु पर्नेछ तथा अपाङ्ग मैत्री शौचालयको पनि व्यवस्था पनि गरिनु पर्छ ।

७१. मापदण्ड उल्लंघन गरेमा हुने कारवाही :(१) दफाहरुमा वा अन्यथा तोकीएको सोही अनुसार हुने र नतोकिएको अबस्थामा पहिलो पटकलाई रु. १०००। र पटकै पिच्छे थप ५००। जरिवाना लाग्नेछ ।

७२. वाधा अडकाउ फुकाउने : यस मापदण्डमा लेखिएको कुनै कुरा अष्पस्ट भएमा वा दुविधा उत्पन्न भएमा वा प्रस्ट उल्लेख नभएमा कार्यपालिकाले व्याख्या वा स्पष्ट गरी वाधा वा अस्पष्टता हटाउन सक्नेछ ।

प्रमाणिकरण मिति : २०७५।६।१८

आज्ञाले
रेमन्त बहादुर डाँगी
प्रमुख प्रशासकीय अधिकृत
त्रिवेणी गाउँपालिका, सल्यान

नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐन,२०७४ को प्रावधान अनुसार त्रिवेणी गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको मापदण्ड सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएकोछ ।

सम्बत् २०७५ सालको कार्यविधि नं.०९

नगरप्रहरी संचालन तथा व्यवस्थापन कार्यविधि,२०७५

कार्यपालिकाबाट स्वीकृत मिति : २०७५।६।२२

गाउँपालिकाको काम कारवाहीलाइ व्यवस्थित गर्न,विपद व्यवस्थापनमा सहयोग पुराउन,बजार व्यवस्थापनमा सहयोग पुराउन तथा कार्यालयको सुरक्षामा सहयोग पुराउन आवश्यक भएकोले त्रिवेणी गाउँपालिकाको प्रशासकीय कार्यविधि -नियमित गर्ने) ऐन,२०७५ ले दिएको अधिकार प्रयोग गरी त्रिवेणी गाउँकार्यपालिकाले यो कार्यविधि स्वीकृत गरि लागु गरेकोछ ।

परिच्छेद-१
प्रारम्भिक

१.संक्षिप्त नाम र प्रारम्भ

(१) यो कार्यविधिको नाम“ त्रिवेणी गाउँपालिका नगरप्रहरी संचालन तथा व्यवस्थापन सम्वन्धि कार्यविधि २०७५”रहेकोछ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२.परिभाषा : विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :–

क) “ऐन” भन्नाले त्रिवेणी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन,२०७५ लाई सम्झनुपर्दछ ।

ख) “गाउँपालिका” भन्नाले त्रिवेणी गाउँपालिका सल्यानलाई सम्झनुपर्दछ ।

घ) “मुख्यकार्यालय”भन्नाले गाउँपालिकाको केन्द्रियकार्यालयलाईसम्झनुपर्दछ ।

ङ) “समिति”भन्नाले त्रिवेणी गाउँपालिकाको पदपूर्ति समितिलाई सम्झनुपर्दछ ।

च) “नगरप्रहरी”भन्नाले त्रिवेणी गाउँपालिकाबाट नियुक्त प्रहरी कर्मचारीलाई सम्झनुपर्दछ ।

छ) “अस्थायीपद” भन्नाले गाउँपालिकाले अन्तिम संगठन संरचना नतोके सम्म गाउँसभाबाट स्वीकृत संगठन संरचना बमोजिमको पदलाई सम्झनुपर्दछ ।

ज) “परिवार” भन्नाले हाललाई निजामती सेवा ऐनले परिवारको सम्बन्धमा गरेको परिभाषा बमोजिमको परिवार सम्झनुपर्दछ

झ) “भत्ता”भन्नाले गाउँपालिकाले समय समयमा तोकिदिएवमोजिमको भत्तालाई सम्झनुपर्दछ।

ञ) “आर्थिकवर्ष”भन्नाले श्रावण १ गते देखि शुरु भई आषाढ मसान्तमा समाप्त हुने अवधिलाई सम्झनुपर्दछ ।

ट) “कार्यपालिका”भन्नाले त्रिवेणी गाउँ पालिकाकालाई सम्झनुपर्दछ ।

ठ) “गाउँसभा”भन्नाले गाउँपालिकाको सभालाई सम्झनुपर्दछ ।

ड) “अध्यक्ष ”भन्नाले गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्दछ ।

ठ) “उपाध्यक्ष”भन्नाले गाउँपालिकाको उपाध्यलाई सम्झनुपर्दछ ।

ठ) “वडा अध्यक्ष”भन्नाले गाउँपालिकाको सवै वडाका वडा अध्यक्षहरुलाई सम्झनुपर्दछ ।

ठ) “सदस्य ”भन्नाले गाउँ कार्यपालिका सदस्यलाई सम्झनुपर्दछ ।

ठ) “वार्ड सदस्य”भन्नाले गाउँपालिकाका सवै वडाका वार्ड सदस्यहरुलाई सम्झनुपर्दछ ।

ड) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले गाउँ कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृतकोरुपमा कामगर्न नेपाल सरकारबाट खटाईएको अधिकृतलाई सम्झनुपर्दछ।

ढ) “तोकिएको”वा“तोकिएवमोजिम”भन्नाले गाउँकार्यपालिकाले समय समयमा निर्णय गरी तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ।

ण) जवान भन्नालेअधिकृत बाहेकका प्रहरीजवान सम्झनुपर्छ ।

त) नगर प्रहरी कर्मचारी भन्नाले नगर प्रहरीअधिकृत र जवानलाई सम्झनुपर्छ।

३. कार्यविधिको व्यख्या गाउँ कार्यपालिकाले गर्ने : कार्यविधिको कुनै विषयमा दुविधा परेमा वा वाधा अडकाउ परेमा कार्यपालिकाले निर्णय गरी दुविधा वा बाधा फुकाउन सक्नेछ ।

परिच्छेद-२

नगर प्रहरी सेवा गठन,संचालन र नियन्त्रण

४. नगर प्रहरी सेवाको गठन : (१) गाउँपालिकामा एक नगर प्रहरी सेवा समुह रहनेछ । नगर प्रहरीको संगठन संरचना गाउँसभाले तोके बमोजिम हुनेछ ।

२) गाउँपालिकाले प्रत्येक पदको कार्यविवरण बनाउनेछ र त्यस्तो कार्यविवरणमा सम्वन्धित पदको काम,कर्तव्य,उत्तरदायित्व तथा अधिकार समेत उल्लेख गरिनेछ ।

परिच्छेद-३

नगरप्रहरी कर्मचारीको काम,कर्तव्य र अधिकार

५.नगर प्रहरी कर्मचारीको काम कर्तव्य र अधिकार :

(१) सार्वजनिक आवागमनमा बाधा अवरोध पुऱ्याईराखेका निर्माण सामाग्री पसल व्यवसायबाट भएको अवरोध हटाउन लगाउने नमानेमा आफै हटाई हटाउन लाग्ने खर्च सम्वन्धित व्यक्तिबाट असूल उपर गर्न पेशगर्ने ।

(२) गाउँपालिका क्षेत्रभित्र दैनिक उत्पादन हुने फोहरमैला निर्धारित समय स्थानमा राख्नलगाउने राख्न नमाने वा जताभावी फालेमा कानुन बमोजिम कारवाही गर्न पेशगर्ने ।

(३ सार्वजनिक जग्गा बाटो मठ, मन्दिर, ढल, नाला, चोक, पोखरी मिचि कसैले घर कम्पाउण्ड टहरा वा त्यस्तै अन्य निर्माण कार्य गरेको अथवा व्यक्तिगतरुपले उपभोग गरेकोछ, छैन निरीक्षणगर्ने । निर्माण गरेको देखिएमा निर्माणकार्य रोक्का गरी सम्वन्धित शाखामार्फत निर्णय गर्ने अधिकारी समक्ष प्रतिवेदन पेशगर्ने र निर्णय भए अनुसार गर्ने ।

(४) गाउँपालिका क्षेत्रमा अनियमित निर्माणकार्य गरेको देखिएमा नक्शापास भए नक्शापासको प्रमाणपत्र सहितको प्रतिवेदन सम्बन्धीत शाखामार्फत अध्यक्षसमक्ष पेशगर्ने । निर्णय भए अनुसार गर्ने ।
(५) छाडा पशु पक्राउ गरी लिलामगर्ने ।लिलाम हुननसकेका छाडापशु व्यवस्थापनगर्ने,गराउने।
(६) स्वास्थ्यका लागि हानिकार चिज तथा सडेगलेको खाद्यपदार्थ विक्रिवितरणमा रोकलगाउने । तोकिएको मापदण्ड विपरित सडेगलेका हानिकार चिजवस्तु विक्रि गरेको पाईएमा पहिलोपटक भए जफतगरी गाड्नलगाउने । पटकपटक यस्तो कार्य दोहोरिएमा जरिवानागर्न वा पसल बन्द गराउन रायसाथ पेशगर्ने ।
(७) रोगी वा कानूनले निषेध गरेका पशुपंक्षी, जीवजन्तुहरु काटमारगन नदिने र त्यस्ता पशुपंक्षी जीवजन्तुको मासु बिक्रिवितरणमा रोकलगाउने । अटेरगरेमा जफतगरी नष्टगर्ने साथै जरिवाना समेत गर्न रायसाथ पेशगर्ने ।
(८) छाडा कुकुर नियन्त्रण सम्वन्धी कारवाही गर्ने । मरेका जीवजन्तु समयमै गाड्न लगाउने ।
(९) खतरा उत्पन्न हुने रुख काट्नलगाउने । जोखिमपूर्ण घरपर्खाल भए सो को लिखित प्रतिवेदन पेशगर्ने र भत्काउन आदेश भए भत्काउने ।
(१०) वडासमिति, टोलसुधारसमिति, तथा सामुदायिक प्रहरीसँगका सहकार्यमा सरसफाई, सुरक्षा र सामाजिक विकृति हटाउनेकार्य गर्नेगराउने ।
(११).कार्यपालिका,समिति,उपसमिति,शाखा तथा आयोजनाहरुबाट लागूहुने नीति, निर्णय, नियम र कानून कार्यान्वयनगर्ने ।
(१२) गाउँपालिकाको सुव्यवस्था कायमगर्ने,गाउँपालिकाको चल, अचलसम्पत्ति, भवन, जग्गा, पार्क, मेशिन, उपकरण आदिका सुरक्षागर्ने ।
(१३)ईजाजत विना पेशा, व्यवसाय गरेको फेला परेमा पेशा व्यवसायको दर्ता/नवीकरण गर्न लगाउने ।
(१४) गाउँपालिका क्षेत्रमा भित्तेलेखन, पोलव्यानर, क्रसव्यानर र विज्ञापन नीतिले निषेधगरेको विज्ञापन प्रचारप्रसार सामाग्री तथा पोष्टरटाँस्ने कार्यमा पूर्णतया प्रतिवन्ध लगाउने अटेरगर्नेलाई जरिवाना गर्ने ।
(१५) विनाईजाजत व्यानर, होडिङ्गवोर्ड, ग्लोबोर्ड, नियोनसाईन लगायतका अन्य विज्ञापन सामाग्री राखेको पाईएमा पक्राउ गरी ईजाजत लिनलगाउने नमानेमा जरिवानागर्ने ।
(१६) कार्यपालिकाले सञ्चालन गर्ने वा भागलिने सभा, सम्मेलन,तालिम,अभ्यास आदि जस्ता कार्यक्रममा गाउँपालिकाको तर्फबाट तोकिए बमोजिम प्रतिनिधित्व गर्ने ।
(१७) नापतौलका सामाग्रीको चेकजाँचगर्ने,पसल व्यवसायमा मूल्यसूचि राख्न लगाउने तथा चेकगर्ने ।
(१८) होटल, रेष्टुरेन्ट,गेष्टहाउस, व्यूटीपार्लर जस्ता गतिविधिहरुको निरीक्षणगर्ने मापदण्ड अनुरुपनचलेको पाईएमा कारवाहीको लागि पेशगर्ने ।
(१९) गाउँपालिकाक्षेत्रभित्र सार्वजनिक स्थलमा जादु,सर्कस जुवा,तास लगायतका विकृतीजन्य क्रियाकलापमा रोकलगाउने ।
(२०) त्रिवेणी गाउँपालिकाको निर्णयअनुसार अस्थायी प्रकृतिका बजार व्यवस्थागर्ने, त्यस्तोव्यापारीहरुको लगत राख्ने ।
(२१) अरुलाई वाधा पुग्ने गरी लाउड स्पिकर रेडियो अथवा ध्वनी उत्पादन गने अन्य उपकरण प्रयोगगर्न नदिने ।
(२२) शहरमा ध्वनी, धुवा, प्रकाश अथवा अन्य कुनै कारणले सार्वजनिक रुपमावाधा पुग्ने गरी उद्योगधन्दा सञ्चालनमा रोक लगाउने ।
(२३) त्रिवेणी गाउपालिका क्षेत्रभित्रका निजी सुरक्षागार्ड आपूर्तिव्यवसाय सञ्चालन गर्ने फर्म, कम्पनी
सञ्चालकहरुको सूची तयारगरी लगत राख्ने र निजहरुका अनुगमन गर्ने ।
(२४) दमकल (FireBrigade)सेवालाई २४ सैं घण्टा चुस्त र दुरुस्त राखी माग भएका ठाउँमा तुरुन्त राहत कार्यमा सहयोग पुऱ्याउने ।
(२५) विपत, महामारी भएमा उद्धार तथा राहतका लागि तुरुन्त खटीजाने ।
(२६) गाउँपालिकामातहतका शाखा,इकाई ,आयोजना,कार्यक्रम वा कुनै परियोजना अन्तर्गत तोकिए बमोजिमका कार्यहरु गर्नेगराउने ।
(२७) त्रिवेणी पालिका अर्न्तगतका शाखा तथा आयोजनाबाट कार्यान्वयनका लागि प्राप्तभएका आदेश तथा निर्देशन कार्यान्यन गरी सो को विवरण तोकिएको समय भित्र उपलब्धगराउने ।
(२८) माथि तोकिए बमोजिमका कार्यहरु समन्वय गरी जिम्मेवारीलिई जवाफदेहिता समेत बहनगर्ने ।
(२९) सार्वजनिक स्थलमा मदिरा सेवन गरी हो हल्ला गर्नेलाई नियन्त्रणमा लिई गाउँ कार्यपालिका कार्यालयमा बुझाउने ।
(३०) गाउँ पालिकाका कार्यक्रमहरुमा सक्रिय सहभागिता जनाउने ।

(२९) गाउँपालिकाले तोकिएका अन्य कार्यहरु गर्ने गराउने ।

परिच्छेद-४

तह विभाजन र पदपूर्ति

६. स्थायी पद श्रृजना तथा दरवन्दी खारेज :

(१) गाउँपालिकामा रहने नगरप्रहरीको विभिन्न तहका दरवन्दीहरुको श्रृजना तथा खारेजी गाउँसभाले निर्णय गरेवमोजिम हुनेछ ।

(२) श्रृजना तथा खारेजीका लागि प्रस्ताव पेश गर्नुभन्दा अघि सो पद श्रृजना गर्नुपर्नेकारण, प्रस्तावित पदले गर्नुपर्ने कामकोविवरण, मौज्जुदा दरवन्दीले थप गरेका कार्यबोझ सम्हाल्न सक्ने नसक्ने अवस्था, आर्थिक क्षमता तथा प्रस्तावित पदले संगठनात्मक स्वरुपमा पार्ने प्रभाव स्पष्ट गरी गाउँसभामा पेशगर्नुपर्नेछ ।

७. नगर प्रहरीहरुको शुरु नियुक्ति हुने पदहरु :नगर प्रहरीको देहायका पदहरु खुल्ला प्रतियोगिताद्धारा पूर्तिगरी गरिनेछ । र अरु पदहरुमा बढुवाद्धारा पूर्ति गरिनेछ । **तर, हालको संक्रमण अवधि(संगठन संरचनाको अन्तिम टुङ्गो नलागेको) मा करारमा नगर प्रहरीको नियुक्ति गरी काम काज लगाउन सकिनेछ ।**

८. नियुक्ति गर्ने अधिकारी : पदपूर्ति समितिको सिफारिसमा गाउँकार्यपालिकाको निर्णयानुसार नगर प्रहरीको नियुक्ति गरिनेछ ।

९. पदपूर्ति गर्ने तरिका : (१) नगर प्रहरी जवान शत प्रतिशत खुला विज्ञापनद्वारा पदपुर्ति गरिनेछ । (२) हालको संक्रमणकालिन अवस्थामा प्रहरी हवल्दार पनि खुल्ला प्रतियोगिताबाट नै भर्ना गरिनेछ ।

(३) कार्यविधि १०(१) र (२) बमोजिम खुल्ला प्रतियोगिताद्धारा पदपूर्तिगर्दा नगर प्रहरीलाई समावेशी बनाउन खुल्ला प्रतियोगिताद्धारा पूर्ति हुने पद मध्ये पचास प्रतिशत पदछुट्याई सो प्रतिशतलाई शतप्रतिशत मानी देहाय बमोजिमका उम्मेदरवारका बिचमा छुट्टा छुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ ।

१) महिला	३५ प्रतिशत
२) आदिबासी/जनजाति	४० प्रतिशत
३) दलित	२५ प्रतिशत

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि एउटा पदमा मात्र पदपूर्ति गर्नुपर्दाको अवस्थामा समावेसीताको प्रावधान नभएपनि पदपूर्ति गर्न बाधापर्ने छैन ।

(५) उपनियम १० को (३)वमोजिम छुट्याइएका पदकोलागि दरखास्त पेशगर्दा देहाय वमोजिमका प्रमाण संलग्नहुनुपर्नेछ ।

(१) आदिवासी जनजातिको सूचीमा स्पष्ट खुलेको जाति वाहेक अन्यकोहकमा आदिवासी/जनजातिका लागि नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रियप्रतिष्ठानबाट आदिवासी/जनजातिभनी प्रमाणितभएको कागजात ।

(२) दलितका लागि राष्ट्रिय दलितआयोगबाट दलितभनी प्रमाणितभएको (स्पष्ट नछुट्नेको हकमा मात्र) ।

(३) दफा १० को (३) वमोजिम प्रतिशत निर्धारणगर्दा एक प्रतिशतभन्दा कम घताक(फ्रयाक्सन)आएमा त्यस्तो घतांक जुन समुदायका हकमा आएकोहो सो भन्दा लगतै पछिको समुदायमा सर्दै जानेछ ।

(४) दफा १० (३) वमोजिम छुट्याइएको पदमा कुनै दरखास्त नपरेमा वा आवश्यक संख्यामा उम्मेदवार उत्तीर्ण हुननसकी आवश्यक संख्यामा पदपूर्ति हुननसकेमा त्यसरी नपुगभएको पदसंख्या खुल्ला प्रतियोगितामा सहभागीभई उत्तिर्ण भएका अन्य उम्मेदवारबाट पूर्तिगरिनेछ ।

१०. खुल्ला प्रतियोगितामा भागलिन सक्ने व्यक्तिहरु

(क) नगर प्रहरी हवल्दार पदको लागि हुनेखुल्ला प्रतियोगितामा निम्न लिखित योग्यता भएका व्यक्तिहरुले भाग लिन सक्नेछन्:

१) दरखास्त आव्हान भएकोसालको वैशाख १ गते १७ वर्ष उमेर पुगेको र २२ वर्ष ननाघेको ।

२)मान्यताप्राप्त विद्यालयबाट एस.एल.सी. वा सो सरह उतिर्ण गरेको

३)नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।

४) कुनै राजनीतिक पार्टीको सदस्य नरहेको ।

५)मानवअधिकार र मानवीय कानूनको उल्लंघनमा सजाय नपाएको ।

६) महिलाहरुको लागि घटीमा ५ फिट र पुरुषको लागि घटीमा ५ फिट २ इन्च उचाई भएको ।

७)छाती नफुलाउँदा घटीमा ३१ इन्च र फुलाउँदा ३३ इन्चभएको ।

८) आँखा माइनस २ वा प्लस २ भन्दाबढी कमजोर नभएको ।

९) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको ।

१०) नेपाली नागरिकता प्रमाणपत्र पाएको ।

११. पदपूर्तिसमिति : गाउँपालिकाको पदपूर्ति समिति नै नगर प्रहरीहरुको पदपूर्ति समितिहुनेछ । त्यस्तो पदपूर्ति समिति गठन नभई सकेको अवस्थामा कार्यपालिकाले पदपूर्ति समिति गठन गर्न सक्नेछ । नगर प्रहरीहरुको नयाँ

पदपूर्तिका लागि छनौट प्रकृयामा इलाका प्रहरी कार्यालयको प्रतिनिधि र नगर प्रहरी प्रमुखलाई विज्ञकोरुपम आमन्त्रित गरिनेछ ।

१२. पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार : (१) पदपूर्ति समितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ

(क) कार्यविधिको दफा १० बमोजिम पदपूर्तिको लागि प्रतिशत निर्धारणगर्ने ।

(ख) खुल्ला प्रतियोगिताद्वारा पूर्तिहुने पदको पाठ्यक्रम निर्धारण गर्ने ।

(ग) पदपूर्ति कार्यतालिका बनाउने ।

(घ) परीक्षाको किसिम तोक्ने ।

(ङ) पदपूर्तिका लागि विज्ञापन प्रकाशनगर्ने ।

(च) परीक्षा संचालन तथा नतिजा प्रकाशनगर्ने ।

(छ) नियुक्तीका लागि सिफारिशगर्ने ।

(१) सफल उम्मेदवारहरुको सूचि शिफारिस गर्दा कुल रिक्त पदको बढीमा १५ प्रतिशतसम्म योग्यता क्रमानुसार वैकल्पिक उम्मेदवार समेत राखी सिफारिस गर्नुपर्नेछ ।

(२) पदपूर्ति समितिले नगर प्रहरी सेवा समूहको लागि खुल्ला प्रतियोगिताद्वारा पदपूर्तिगर्ने सम्बन्धमा तोकिएबाहेक अन्य कुरा आवश्यकता अनुसारका निर्णय गरी कार्यान्वयन गर्नसक्नेछ

(३) नियुक्तिको लागि सिफारिश भएको मितिले पैतीसदिनभित्र गाउँ कार्यपालिकाले नियुक्तिको लागि निर्णय गरी सक्नुपर्नेछ ।

(४) उप दफा (३) वमोजिम निर्णय भएको मितिले सात दिनभित्र प्रमुख प्रशासकीय अधिकृतले नियुक्तिपत्र दिनेछ ।

१३. जेष्ठताक्रम कायम गर्ने : (१) नगर प्रहरी जवानहरुको जेष्ठताक्रम कायमगर्दा निजहरुले आधारभूत तालिममा प्राप्तगरेको अंकको आधारमा कायमग रिनेछ ।

(२) वैकल्पिक उम्मेदवारहरुले एक वर्ष सम्मपनि नियुक्ति प्राप्तगर्न नसकेमा उक्त सूचीस्वतःखारेजहुनेछ ।

तर, करार सूचिको हकमा उक्त म्याद बढिमा ३ महिनाको हुनेछ ।

१४. परीक्षणकालमा राखिने : (१) करारमा नयाँ नियुक्त गरिएका नगर प्रहरी कर्मचारीलाई ७ दिनको परीक्षणकालमा राखिनेछ । सो अवधिमा नगर प्रहरी कर्मचारीले सन्तोषजक काम नगरेमा थप ७ दिन परिक्षणमा राखिनेछ । थप अवधिमा पनि काम सन्तोषजनक नभएमा नगर प्रहरी प्रमुखको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले तत्काल करार सम्झौता रद्ध गर्न सक्नेछ ।

१५. नियुक्ति सदर : (१) कार्यविधिको दफा १५ (१) वमोजिमको परीक्षणकालमा रहेको नगर प्रहरी कर्मचारीको काम सन्तोषजनक भएमा नगर प्रहरी प्रमुखले आधारभूत तालिममा उत्तीर्ण भएकाहरुलाई गाउँपालिकाको नगर प्रहरी कार्यविधि र नेपालको राष्ट्रिय झण्डा छुवाई शपथग्रहण गराएरमात्र नियुक्ति सदर भएको मानिनेछ ।

(२) कार्यविधिको दफा १६(१) वमोजिम नियुक्ति सदर भएमा परीक्षणकालको अवधिलाई नोकरीको अवधिमा गणना गरिनेछ ।

१६. नगर प्रहरी जवान पदमा भर्न : (१) नगर प्रहरी जवान पदमा नियुक्ति हुनचाहने उम्मेदवारले गाउँपालिकाले विज्ञापन माग गरेको बखत तोके वमोजिमको फारमभरी कार्यालयमा निवेदन दिनुपर्नेछ ।

परिच्छेद-५

सरुवा तथा वढुवा

१७. वढुवा गर्नेअधिकारी : पदपूर्ति समितिको सिफारिसमा गाउँ कार्यपालिकाले बढुवागर्नेछ ।

तर,करार नगर प्रहरी कर्मचारीहरुको बढुवा हुनेछैन ।

१८. वढुवाको लागि सम्भाव्य उम्मेदरवार बन्ने अवधि : (१) नगर प्रहरी हवल्दार एक तह मुनिका प दमा कम्तिमा तीन वर्षको अवधि पुगेको ।

क) एकतह मुनिको पदमा सेवामा प्रवेशगर्दा निर्धारण भएको योग्यताक्रमको आधारमा

ख) खण्ड (क) बमोजिम निर्णय हुन नसकेमा त्यसभन्दा एकतहमुनिको पदमागरेको नोकरी अवधिको आधारमा

ग) खण्ड (ख) वमोजिम निर्णय हुननसकेमा आधारभूत तालिमबाट कायम गरिएको जेष्ठता क्रमको आधारमा

घ) नगर प्रहरीकर्मचारीको कार्यक्षमताको मूल्याकंन गर्दा देहायका कुराहरुलाई आधार मानिनेछ

१. नोकरीकोजेष्ठता

२. कार्यसम्पादनमूल्याकंन

३. शैक्षिकयोग्यता

४. तालिम

ङ) जेष्ठताको अंक गणनागर्दा हालवहालरहेको पदमा कामगरेको प्रत्येक वर्षको लागि २ अंककादरले वढीमा ३० अंकप्रदान गरिनेछ । त्यसरी अंकगणनागर्दा

एक वर्षभन्दा वढी चानचुनमहिना वा दिनको लागि दामासाहीका हिसावले अंक दिइनेछ ।

च) वढुवाका लागि नगर प्रहरीसेवाको कुनैपनि पदमा प्रवेश गर्न आवश्यकपर्ने न्यूनतम शैक्षिक योग्यता वापतको मात्र अंकदिईनेछ ।

छ) शैक्षिकयोग्यता वापत बढीमा १५ (पन्ध्र) अंक दिइनेछ र त्यस्तो योग्यता वापतको अंकको गणना देहाय बमोजिम गरिनेछ ।

शैक्षिकयोग्यता	प्रथम	द्वितिय	तृतिय	कैफियत
१. हालवहाल रहेको पदमा न्यूनतम शैक्षिक योग्यता भएमा	१०	८	६	नयाँ नियुक्ति दिँदा आवश्यक पर्ने
२.आवश्यक न्यूनतम योग्यता भन्दा माथिल्लो सम्बन्धित एउटा उपाधि भएमा	५	४	३	

तर, (१) श्रेणी नखुलेको शैक्षिक प्रमाणपत्रको हकमा विश्वविद्यालयले स्तर निर्धारण गरेकोमा

सोही अनुसारको श्रेणी कायम गरी र सोनभएमा द्वितीय श्रेणी सरहको अंक दिइनेछ ।

(२) कम्पार्डमेन्टल परीक्षा पासगरेकोभए तृतीय श्रेणी मानिनेछ ।

(ज)कार्यसम्पादन वापत कार्यसम्पादन मूल्याङ्कन फाराममा उल्लेख भएअनुसार कार्यसम्पादन मूल्याङ्कन गरी बढीमा ५० अंकदिइनेछ ।

(झ)तालिम वापत प्रथम, द्वितीय तृतीय श्रेणीको लागि क्रमशः पाँच, चार र तीन अङ्क दिइनेछ

परिच्छेद-६

गाउँ कार्यपालिकाको प्रशासन र नगर प्रहरीको सम्वन्ध

१९. गाउँ कार्यपालिका प्रशासनको नियन्त्रण रहने : नगर प्रहरीको अनुशासन र आन्तरिक व्यवस्थाको कुरामा वाहेक समस्त नगर प्रहरी गाउँ कार्यपालिका कार्यालयका प्रमुख प्रशासकीय अधिकृत र विषयगत जिम्मेवारी तोकिएको अधिकार प्राप्त अधिकारीको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रहनेछन् ।

२०. नगर प्रहरी प्रमुखमार्फत लेखापढीहुने : गाउँ कार्यपालिकाले नगर प्रहरी संगठनसंग लेखापढी गर्दा सामान्यतया नगर प्रहरी प्रमुखमार्फत नै गर्नुपर्नेछ ।

२१. कारवाही गर्दा परामर्श लिने : कुनैपनि तहका नगर प्रहरी कर्मचारीलाई अनुशासनहीनताको कारवाही गर्दा आवश्यकतानुसार नगर प्रहरी प्रमुखको परामर्श लिनसक्नेछ ।

परिच्छेद-७

विदा

२२. विदा अधिकारको कुरा होइन

(१) नगर प्रहरी कर्मचारीले अधिकारको रुपमा विदाको दावीगर्न पाउनेछैन ।

(२) कामको अनुकुल हेरी विदा दिने अधिकारीले आफ्नो तजवीजबाट विदादिन अथवा नदिन पनि

सक्नेछ साथै आवश्यक परेमा विदामा वसेको नगर प्रहरी कर्मचारीलाई निजको स्वीकृत विदा रद्द गरी बोलाई काममा लगाउन सक्नेछ ।

२३. विदाको किसिमहरु :(१)नगर प्रहरी कर्मचारीहरुले देहाय वमोजिमका विदा पाउनेछन :

(क) भैपरीआउने र पर्व विदा

(ख) घरविदा

(ग) विरामीविदा

(घ) किरियाविदा

(ङ) प्रसुतीविदा

(च) सट्टाविदा

(छ)प्रसुति स्याहार विदा

(२) करार कर्मचारीको हकमा क्रिया विदा,सुत्केरी तथा सुत्केरी स्याहार विदा र विरामी विदाको हकमा करार सम्झौतामा उल्लेखित शर्त अनुसार हुनेछ ।

तर, करारमा कार्यरत नगर प्रहरी कर्मचारीको हकमा महिनामा १ दिनको दरले भैपरी र पर्वविदा उपलब्ध गराइनेछ । सार्वजनिक विदाको दिनमा काम गरेवापत सट्टा विदा उपलब्ध गराइनेछ ।

२४. विदा नलिई घर वस्ने नगर प्रहरी कर्मचारीलाई सेवाबाट हटाउने : (१) यस कार्यविधि वमोजिम विदा स्वीकृत नगराई प्रहरी कर्मचारी गैर हाजिर हुन पाउने छैन ।

(२) उपदफा (१) को उल्लंघन गरी गैरहाजिर हुने नगर प्रहरी कर्मचारीलाई गाउँ कार्यपालिकाले
सेवाबाट हटाउन सक्नेछ ।
तर निकास नहुँदै विदा बसी पछि सो गैरहाजिर भएको अवधिको लागि विदाको निवेदन गरी सो विदा स्वीकृत भएमा यो नियम उल्लंघन गरेको मनिनेछैन ।
करारका कर्मचारीको हकमा करार सम्झौतामा भएको शर्त बमोजिम हुनेछ ।

२५. भैपरी/पर्वविदा : (१) नगर प्रहरी कर्मचारीले प्रत्येक सालमा १२ दिनमा नबढाई भैपरी/पर्वविदा पाउनेछ ।

२) भैपरी/पर्व आउने विदा साधारणत : एक पटकमा २ दिनमा नबढाई लिनपाइनेछ ।

३) भैपरी/पर्वआउने विदा एकसालको अर्कोसालमा लिनपाइनेछैन ।

४) विदा बस्नुपरेमा कुनै प्रहरी कर्मचारीले विदाको स्वीकृति लिईरहन नभ्याएमा विदा वसेपछि
स्वीकृत गराए पनिहुन्छ ।

५) भैपरी/पर्व विदा वसेका नगर प्रहरी कर्मचारीहरुले पूरा तलव,भत्ता,राशन पाउनेछ।

६) भैपरी/पर्व विदा शनिवार वाहेक अरु विदाहरुसँग मिलाई लिनपाइनेछैन ।

२५. घरविदा : (१) नगर प्रहरी कर्मचारीले प्रत्येक साल ३० दिनका दरले घर विदापाउनेछ ।

(२) घर विदा वढीमा एक सय असी दिनसम्म संचित राख्नस किनेछ।

(३) नगर प्रहरी कर्मचारीलाई वर्षमा एकपटक घर विदा जाँदा र विदा भुक्तान गरी घरबाट अफ्नो कार्यालयमा आउँदा हिड्नुपर्ने भएमा ७ कोशको निमित्त एक दिनकोदरले तथा मोटर वाटोको लागि जति दिन लाग्नेहो त्यति दिन बाटोको म्याद दिन
सकिनेछ ।

(४) जुनसुकै रुपले सेवाबाट हट्ने नगर प्रहरी कर्मचारीले निजको बढीमा एक सय असी दिन सम्मको घर विदा वापत निजको पदाधिकार रहेको पदबाट खाईपाईआएको तलवको दरले हुनआउने रकम एकमुष्ट पाउनेछ ।

(५) घर विदामा वसेको नगर प्रहरी कर्मचारीले पूरा तलव, भत्ता र राशन पाउनेछ ।

(६) निलम्वनमा रहेको प्रहरीकर्मचारीले सो अवधि भरको घरविदा, रासन भत्ता र पोशाक सुविधा पाउनेछैन ।

२६. विरामी विदा :

(१) आफ्नो पदको कर्तव्यपालनगर्दा चोटपटक लाग्न गई वा विरामी भई अस्पतालमा भर्ना भई उपचार गराउँदा सम्वन्धित चिकित्सकले कामगर्न नसक्ने भनि गरेको सिफारिस बमोजिम लाग्ने दिनवाहेक प्रत्येक नगर प्रहरी कर्मचारीले वर्षको १२ दिन तलब,भत्ता र राशनसहित विरामी विदापाउनेछ ।

(२) नगर प्रहरी कर्मचारी अशक्तभई संचित विरामीविदाले नपुग भएमा निजलाई बढीमा बाह्रदिनसम्मको पेश्की विदादिन सकिनेछ ।

(३) प्रहरी कर्मचारीले विरामीविदा संचित गर्नसक्नेछ र जुनसुकै व्यहोराबाट निज सेवाबाट अलगभएमा निजले संचित विरामीविदा वापत आफ्नो पदाधिकार रहेको पदबाट खाईपाईआएको मासिक तलवकादरले हुन आउने रकम एकमुष्ट पाउनेछ ।
तर संचित विदाको रकम लिन नपाउँदै कुनै नगर प्रहरीकर्मचारीको मृत्यु भएमा निजले इच्छाएको व्यक्तिले एकमुष्ट लिनपाउनेछ ।

(४) सात दिनभन्दा वढी अवधिको विरामी विदामाग गर्ने नगर प्रहरी कर्मचारीले स्वीकृत चिकित्सकको प्रमाणपत्र पेशगर्नुपर्नेछ । तर यस्तो प्रमाणपत्र पेशगर्न साधारणतया सम्भवछैन भन्ने विदादिनेअधिकारीलाई विश्वास भएमा निजले से व्यहोरा खुलाई प्रमाणपत्रपेश नगरी विदा दिनसक्नेछ ।

(५) कुनै ठूलो वा कडारोग लागी सो कुरो स्वीकृत चिकित्सकले प्रमाणित गरीदिइएको प्रमाणपत्र पेश गरेमा नगर प्रहरी कर्मचारीले वढीमा ४५ दिनसम्म थप विरामी विदा पाउनसक्नेछ । यस्तो विरामी विदा लिने नगर प्रहरी कर्मचारीको पाकीसकेको वा पाक्ने घरविदाबाट प्रत्येक दुई दिन थप विरामीविदा वापत एक दिनकादरले घरविदा कट्टागरिनेछ ।

(६) कुनै ठूलो वा कडारोग लागी उपचार गर्न विरामी विदा र घरविदाबाट नपुग हुने भएमा
स्वीकृतचिकित्सकको प्रमाणपत्र पेशगरी नगर प्रहरी कर्मचारीले पछि पाउने विरामी विदा र घरविदाबाट कट्टाहुनेगरी पैतालीस दिनसम्म थप विरामी विदा पेश्कीकोरुपमा लिनसक्नेछ । त्यसरी पेश्की विरामी विदा लिई बसेका नगर प्रहरी कर्मचारीले पुरातलव, भत्ता र राशनपाउनेछ ।

(७) उपनियम (५) वमोजिम लिएका विदाले नपुग भई थप विदा लिनुपरेमा नेपाल सरकारले तोकेको मेडिकल वोर्डको सिफारिसमा नगर प्रहरी कर्मचारीले असाधारण विदा लिनसक्नेछ ।

(८) उपनियम (५) वमोजिम पेश्की विरामी विदालिने नगरप्रहरी कर्मचारीको मृत्युभएमा त्यसरी पेश्कीलिएको विरामीविदा स्वतः मिनाहाहुनेछ ।

(९) निलम्वनमा रहेका नगर प्रहरी कर्मचारीले सो अवधिभर को विरामी विदा पाउनेछैन ।

२७. किरिया विदा :

(१) नगर प्रहरी कर्मचारी आफै किरियामा वस्नुपरेमा कुलधर्म अनुसार वढीमा १५ दिन किरिया विदापाउने छ । यस्तो विदा महिला नगर प्रहरी कर्मचारीको पतिले किरिया वस्नुपरेमा त्यस्तो महिलाकर्मचारीलाई दिईनेछ ।

(२) यस्तो किरिया विदा बस्ने नगर प्रहरी कर्मचारीले पूरातलब,भत्ता र राशनपाउनेछ ।

२८. प्रसूती विदा : (१) महिला नगर प्रहरी कर्मचारी गर्भवती भएमा निजले सुत्केरीको अघिपछि गरी

६० दिन प्रसूती विदापाउनेछ ।

(२) प्रसूती विदा वस्ने महिला नगर प्रहरी कर्मचारले पूरातलब,भत्ता र राशनपाउनेछ ।

(३) प्रसूती विदा सेवा अवधिभर दुई पटकमात्र दिइनेछ साथै गाउँ कार्यपालिकाले दिएको सुविधा उपभोग गर्नपाउनेछ ।

(४) उल्लेख भएअनुसारको विदाको अभिलेख कर्मचारीको विदा स्वीकृत गर्नेकार्यालयले अध्यावधिक बनाईराख्नुपर्नेछ ।

२९. प्रसूती स्याहार विदा : (१) प्रसूति स्याहार विदा सेवा अवधिभर दुई पटकमात्र दिइनेछ साथै कार्यपालिकाले दिईएको सुविधा उपभोग गर्न पाउनेछ

(२) नगर प्रहरी कर्मचारीको पत्नी सुत्केरी हुनेभएमा त्यस्तो कर्मचारीले सुत्केरी हुनुभन्दा अघि वा पछि गरी पन्ध्र दिन प्रसूति स्याहार विदा लिनसक्नेछ । यो विदा सेवा अवधिमा दुई पटक सम्म पाउनेछ ।

(३) प्रसूति स्याहार विदामा वस्ने कर्मचारीले पूरातलब,भत्ता र राशनपाउनेछ ।

(४) प्रसूति स्याहार विदा लिने नगर प्रहरी कर्मचारीको विदास्वीकृत गर्ने कार्यालयले अध्यावधिक बनाई राख्नुपर्नेछ ।

(५) सुत्केरी स्याहार विदामा बस्नेकर्मचारीले जन्मदता प्र माणपत्र वा सम्बन्धित अस्पतालको प्रमाणपत्र पेशगर्नुपर्नेछ ।

३०. सट्टा विदा : कुनैपनि सार्वजनिक विदाका दिन ड्यूटीगर्ने नगर प्रहरी कर्मचारीलाई आलोपालो मिलाई सम्वन्धित नगर प्रहरी प्रमुखको शिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले सट्टाविदा दिनसक्नेछ । तर यस्तो सट्टा विदा एकपटकमा सात दिन भन्दा वढी हुनेछैन ।

३१. विदा दिने अधिकारी : (१)देहायको बिदा स्वीकृत गर्ने अधिकार देहायको अधिकारीलाई हुनेछ । विदाको किसिम र विदा स्वीकृतगर्ने अधिकारी

(क)भैपरी आउने र पर्व विदा	नगर प्रहरी प्रमुख
(ख)घर विदा	प्रमुख प्रशासकीय अधिकृत
(ग)विरामी विदा	प्रमुख प्रशासकीय अधिकृत
(घ)प्रसूति विदा	प्रमुख प्रशासकीय अधिकृत
(ङ)किरिया विदा	प्रमुख प्रशासकीय अधिकृत
(च)अध्ययन विदा	त्रिवेणी गाउँ कार्यपालिका
(छ)असाधारण विदा	त्रिवेणी गाउँ कार्यपालिका
(ज)अन्तर्राष्ट्रिय संघ, संस्थामा सेवा गर्न विदा दिन सकिने	त्रिवेणी गाउँ कार्यपालिका

३२. विदा परिणत नहुने : यस परिच्छेद बमोजिम नगर प्रहरी कर्मचारीले जुन विदा लिईबसेको हो सोही विदा नै उपभोग गर्नुपर्नेछ । पहिले कुनै एक किसिमको विदा स्वीकृत भएकोमा त्यस्ता विदा पछि किरिया विदा वा प्रसूति विदावाहेक अर्को किसिमको विदामा परिणत गराउनपाइनेछैन ।

३३. करारमा नियुक्त नगर प्रहरी कर्मचारीहरुको विदा सम्बन्धमा :(१) माथि तोकिएका मध्य क्रिया विदा,प्रसूति विदा तथा विरामी विदा सम्बन्धमा देहाय बमोजिम विदा उपलब्ध हुनेछ :

(क) क्रिया विदाको हकमा कर्मचारी आँफै वा आफ्नो श्रीमान क्रिया बस्नु परेमा क्रिया बस्ने अविधि सम्म ।

(ख) प्रसुति विदाको सम्बन्धमा सुत्केरी हुनु अगाडि र पछाडि गरेर जम्मा साठी दिन सम्म ।

तर,यस्तो विदा दुइवटा सन्तानको जन्म सम्म मात्र उपलब्ध हुनेछ ।

(ग) विरामी विदाको हकमा भैपरी आउने तथा सट्टा विदाले नपुग्ने भएमा बढिमा सात दिन सम्म ।

तर,सात दिन सम्म पनि स्वाथ्यलाभ(निको) नभएमा कार्यपालिकाको निर्णयानुसार हुनेछ ।

३४. सार्वजनिक विदागाभिने : भैपरीआउने र पर्व विदा वाहेक अरु कुनै प्रकारको विदा लिईबसेको नगर प्रहरी कर्मचारीले सो विदा भुक्तान हुँदा सार्वजनिक विदापर्न गएमा र सार्वजनिक विदापछि कार्यालयमा हाजिर नभएमा सो सार्वजनिक विदाको अवधि पनि निजकर्मचारीले लिएको विदा वा सो विदा बाँकी नभएमा लिनपाउने अरु विदामा वसेकोमानिनेछ ।

३५.कार्यालयमा अनुपस्थित हुने उपर कारवाही : विदा नलिई कार्यालयमा अनुपस्थितहुने नगर प्रहरी कर्मचारीलाई गयल र तलव कट्टीगरी विभागीय सजायसमेत गर्नस किनेछ । यसरी गयल भएको अवधि सेवा अवधिमा गणना हुनेछैन ।

परिच्छेद-८

आचरण

३६. दान उपहार लिन नहुने : आफ्नो सरकारी काममा कुनैपनि प्रकारको असरपर्न सक्ने गरी कुनैपनि नगर प्रहरी र निजको परिवारका सदस्य समेतले गाउँपालिकाको पूर्वस्वीकृत विना स्वदेशी तथा विदेशी संघ संस्था निकाय वा व्यक्ति कसैबाट कुनै प्रकारको दान, बक्स, पुरस्कार, कोसेली र उपकार स्वीकार गर्नु हुदैन ।

३७. चन्दा लिन नहुने : कुनै नगर प्रहरी कर्मचारीले गाउँपालिकाको पूर्व स्वीकृति विना कुनैपनि कामको निमित्त कुनै किसिमको चन्दा माग्न अथवा स्वीकारगर्नु हुदैन र अरु कुनै किसिमको आर्थिक सहायता प्राप्तगर्ने काममा समेत भागलिन हुँदैन ।

३८. स्वीकृती विना अचल सम्पत्ति खरिदगर्न नहुने : गाउँपालिकालाई पूर्वसूचना नदिई कुनैपनि नगर प्रहरी कर्मचारीले आफ्नो बसोबासको निमित्त चाहिने वाहेक आफ्नो वा आफ्नो परिवारको कुनैसदस्यका नाममा कुनै अचल सम्पत्ति खरिदगर्न हुदैन ।

३९.सम्पत्तिको विवरण दिनुपर्ने : (१) हाल वहालमा रहेको नगर प्रहरी कर्मचारीले यो कार्यविधि लागूभएको तीन महिनाभित्र र नयाँ नियूक्ति भएका नगर प्रहरी कर्मचारीले नियुक्ति भएको मितिले तीन महिनाभित्र गाउँपालिकाले तोकेको कर्मचारी समक्ष देहायको सम्पत्तिको विवरण दाखिला गर्नुपर्नेछ ।

(क)आफ्नो वा परिवारको सदस्यको नाममा भएको प्रत्येक अचल सम्पत्ति र शेयर,बैंक मौज्दातकोविवरण ।

(ख) आफूसँग वा आफ्नो नाउँमा रहेको नगद, जवाहररात, सुन, चाँदीको अन्दाजीमूल्य ।

(ग)उपदफा(१) वमोजिमको विवरण दाखिलागर्दा संयुक्त परिवारमा रहेकोगर प्रहरी कर्मचारीले आफ्नो परिवारको प्रमुखको नाममा निजसँगरहेको सम्पत्तिको विवरण दाखिला गर्नुपर्नेछ ।

(घ)आफ्नो सम्पत्तिमा थपघटभएमा अख्तियारवालालाई सो को सूचना तीन महिनाभित्र दिनु प्रत्येक नगर प्रहरी कर्मचारीको कर्तव्य हुनेछ ।

४०.व्यापार व्यवसाय गर्न नहुने : (१)कुनैपनि नगर प्रहरी कर्मचारीले कार्यालयको स्वीकृती वेगर देहायका काम गर्नुहुँदैन :

(क) कुनै व्यापार गर्न

(ख)कुनै फर्मको हिस्सेदार वा सञ्चालक हुन र

(ग) कुनै व्यवसाय चलाउन ।

४१. गाउँपालिकाको काममा थाहा पाएका कुराहरु प्रकाशनगर्न नहुने : नगर प्रहरी कर्मचारीले गाउँपालिकाद्धारा अथवा विशेष रुपमा अख्तियारनपाई आफ्नो कर्तव्यको पालनागर्दा स्थानीय तह वा गैह्रसरकारी संघ संस्थाबाट प्राप्त गरेको वा आफैले लेखेको अथवा संकलन गरेको कुनै कागजपत्र वा समाचार प्रत्यक्ष वा अप्रत्यक्षरुपबाट अरु अनधिकृत नगर प्रहरी कर्मचारीलाई वा गैह्रसरकारी व्यक्तिलाई अथवा पत्रपत्रिकालाई जानकारी दिनहुदैन ।

४२. रेडियो वा पत्रिकासँग सम्पर्कराख्न नहुन : नगर प्रहरी कर्मचारीले गाउँपालिको अनुमति प्राप्त नगरी कुनै पत्रपत्रिकामा आफ्नै वास्तविक अथवा काल्पनिक नामबाट अथवा बेनामी कुनै लेख प्रकाशितगर्न अथवा रेडियोद्धारा प्रसारण गर्नहुँदैन ।

तर यस्तो प्रकाशन वा प्रसारण साहित्यिक,कलात्मक,ऐतिहासिक अथवा वैज्ञानिक र व्यवसायिक विषयको भएमा यस्तो स्वीकृती लिईरहनु पर्दैन र प्रकाशन वा प्रसारण गरेपछि जाहेरी गर्नुपर्दछ ।

४३. गाउँपालिकाको आलोचना : नगर प्रहरी कर्मचारीले कुनैकुराको आलोचना गर्दा गाउँपालिको नीतिको बिरुद्ध असर पर्ने गरी अथवा गाउँपालिका र गाउँपालिकावासीमा खल्ल पुग्नेगरी भाषण,सम्वाद,लेखरचना प्रकाशन वा प्रशारण गर्नुहुँदैन ।

४४. निर्वाचनमा भाग लिन नहुने : नगर प्रहरी कर्मचारीले कुनैपनि राजनीतिकदलको लागि कुनै निर्वाचनमा भागलिन वा कसैको निमित्त मतमाग्न वा अन्य कुनै

प्रकारले प्रभावपार्न हुदैन । तर कसैलाई मतदिएको वा दिने विचार गरेको कुरा प्रकट नगरी प्रचलित कानुन वमोजिम आफ्नो मताधिकार प्रयोग गर्न बाधापर्नेछैन ।

४५.राजनीतिमा भागलिन नहुने :नगर प्रहरी कर्मचारीले कुनै राजनैतिक दल र सो सँग सम्वन्धित संस्थाको सदस्य बन्न, राजनीतिमा भागलिन, राजनैतिक संस्थालाई सहायताको निमित्त चन्दादिन अथवा कुनै राजनैतिक संस्था वा आन्दोलनलाई अन्य कुनै प्रकारले आफ्नो प्रभाव पार्न सहयोग गर्नहुँदैन ।

४६. समयपालन र नियमितता : नगर प्रहरी कर्मचारीले ठिक समयमा तथा नियमितरुपमा आफ्नो पालोमा हाजिर हुनुपर्दछ र साधारणतया पहिले विदाको निकासा नलिई काममा अनुपस्थित हुनुहुँदैन ।

४७. अनुशासन र आज्ञापालन : (१) नगर प्रहरी कर्मचारीले आफ्नो कर्तव्य तत्परताकोसाथ पालना गर्नुपर्दछ ।

(२) नगर प्रहरी कर्मचारीले आफ्नो कार्यालयको कामसम्वन्धी कुरामा आफूभन्दा माथिका अधिकृतले दिएको आज्ञालाई तदारुकतासाथ पालन गर्नुपर्दछ ।

(३) नगर प्रहरी कर्मचारीले आफूभन्दा माथिका सबै अधिकृतहरुप्रति उचित आदर देखाउनुपर्नेछ ।

४८. नगर प्रहरी कर्मचारीले बाहिरी प्रभाव पार्न नहुन : नगर प्रहरी कर्मचारीले आफ्नो नोकरी सम्वन्धी कुरामा आफूभन्दामाथिका अधिकृत माथि कुनै अनुचित प्रभाव पार्न अथवा प्रभाव पार्ने प्रयत्न गर्नहुँदैन ।

४९. बहुबिबाह, बालबिबाह, अनमेल बिबाह प्रतिवन्ध : नगर प्रहरी कर्मचारीले मुलुकी ऐन बिहाबारीका म हलको बिपरीत हुनेगरी बिबाह गर्नुगराउनु हुँदैन ।

परिच्छेद-९

सजाय र पुनरावेदन

५०. सजाय : (१) उचित र पर्याप्त कारण भएमा नगर प्रहरी कर्मचारीलाई देहायको सजाय गर्न सकिनेछ ।

(क) नसिहतदिने ।

(ख) शारीरिक थकाई हुने (फटिक)सजायगर्ने ।

(ग) तलव वृद्धि वा पदोन्नति रोक्कागर्ने ।

(घ) तल्लो तहमा घटुवागर्ने ।

(ङ) लापरवाही गरी गाउँपालिकालाई नोक्सानी भएको सम्पूर्ण वा आंशिक रुपमा तलव भत्ताबाट कट्टीगरी असुलगर्ने ।

(च) भविष्यमा स्थानीय तहमा अयोग्य नठहरिने गरी नोकरीबाट बर्खास्तगर्ने ।

(छ) भविष्यमा स्थानीय तहमा अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्तगर्ने ।

तर, करार कर्मचारीको हकमा खण्ड (क) र (ख) मा उल्लेखित सजाय बाहेक अन्य सजाय गर्न आवश्यक नहुने ।

५१. नसिहत दिने वा प्रतिकूल राय लेख्ने : नगर प्रहरी कर्मचारीले काममा साधारण लापरवाही गरेमा नसिहत दिनसक्नेछ । दुई पटकसम्म नसिहत दिँदापनि निजले काममा लापरवाहीगरेमा निजको चालचलन सम्बन्धी प्रतिवेदनमा प्रतिकूल राय लेखिनेछ ।

५२. तलब वृद्धि वा पदोन्नति रोक्ने : नगर प्रहरी कर्मचारीको कामसन्तोषजनक नभएमा सजायगर्ने अधिकारीले निजको तलब वा पदोन्नति रोक्का गर्नसक्नेछ ।

५३. दर्जा र तलब घटाउने : (१)कुनै नगर प्रहरी कर्मचारीलाई देहायको अवस्थामा सजाय गर्ने अधिकारीले तल्लो पद वा तल्लो टाइम स्केल वा त्यही टाइमस्केलको तल्लोस्केलमा ओराल्नसक्ने र गाउँपालिकालाई हानिनोक्सानी पुऱ्याएकोमा सो समेत निजबाट भराउन सक्नेछ ।

क) सन्तोषजनक काम नगरेमा ख)अनुशासन हीनता गरेमा ।

ग) आचरण सम्वन्धी कुराहरु उल्लंघन गरेमा ।

घ) नियुक्ति भएको पाँच वर्ष भत्रै नोकरीबाट अलग हुन झुठ्ठा कारण देखाएमा ।

ङ) दिएको आदेश निर्देशन नमानेमा वा कार्यान्वयन नगरेमा ।

च) मनासिव कारणन भई वा विदा नलिई विदा बसेकोमा वा गैरहाजिर भएमा

छ) लापरवाही गरेमा वा नियम आदेशको पालना नगरेमा

५४. नोकरीबाट हटाउने वा बर्खास्त गर्ने : (१)देहायका अवस्थामा सजाय गर्ने अधिकारीले कुनै नगर प्रहरी कर्मचारीलाई नोकरीबाट हटाउन वा बर्खास्त गर्न सक्नेछ ।

(क) अयोग्यताको कारणले आफ्नो पदीय जिम्मेवारी र दायित्व पूरागर्न नसकेमा

(ख) राजनीतिमा भागलिएमा

(ग) वरावर अनुशासन हीन कामगरेमा

(घ)नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट अपराधी दोषि प्रमाणित भएमा ।
(ङ) डिउटीम भएको अवस्थामा वा नरहेको अवस्थामा वर्दीक ोपोशाक लगाई कुनै मादकपदार्थ
सेवनगरी हिडेमा वा जथाभावी गरेमा
(च) भ्रष्टाचार गरेमा
(छ) आफ्नो पदको जिम्मेवारी अनुसार आचरण नगरेमा ज) आचरण सम्वन्धी नियमहरु वरावर उल्लंघन गरेमा
(झ) मनासिव कारण नभई वा विदा नलिई विदा वसेमा वा गैरहाजिरभएमा ।

५५. सजाय सम्बन्धी कार्यविधि : (१) नगर प्रहरी कर्मचारीलाई सजायगर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ ।
(२) नगर प्रहरी कर्मचारीलाई सजायको आदेश दिनुअघि कारवाहीगर्न लागिएको उल्लेख गरी ,हुन
सक्ने सजाय समेत खुलाई सूचना दिई निजलाई आफ्नो सफाई पेशगर्ने मौकादिनुपर्नेछ । त्यस्तो
सूचना दिँदा लगाइएका आरोप स्पष्टरुपले किटिएको हुनुपर्नेछ । त्यस्तो नगर प्रहरी कर्मचारीले
सजायगर्ने अधिकारीले तोकिएको म्यादभित्र आफ्नो सफाइको र प्रस्तावित सजायको सम्वन्धमा लिखित स्पष्टीकरण पेशगर्नुपर्नेछ ।
तर भागी पत्तानलागेको वा अरु कुनैकारणले सम्पर्क स्थापितगर्न असम्भव भएको नगर प्रहरी कर्मचारीको सम्वन्धमा यस कार्यविधि बमोजिमको रीतपुऱ्याउनु पर्नेछैन ।
(क) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट अपराधी प्रमाणित भइसकेको आधारमा कुनै नगर प्रहरी कर्मचारीलाई सजायदिनुपर्ने भएमा सजायगर्ने अधिकारीले निजलाईगर्न लागेको सजायको बारेमा सूचना सम्म दिनुपर्नेछ ।
(ख) सफाई पेशगर्ने मौकादिन मनासिव नपर्नेभएमा सो कुराको टिप्पणी खडागरी त्यस्तो नगर प्रहरी कर्मचारीलाई सफाई पेशगर्ने मौका दिनुपर्नेछैन ।
(३) सजायगर्ने अधिकारीले आवश्यक ठानेमा स्वयम वा अन्य कुनै अधिकृतद्धारा जाँचबुझगराउन
सक्नेछ । जाँचवुझ गर्ने अधिकारीले आवश्यकता नुसार सम्बन्धित नगरप्रहरी कर्मचारी समेत बुझी कारणसहित आफ्नो ठहरको प्रतिवेदन तथा भएको सबुद प्रमाण दाखिला गर्नुपर्नेछ ।
(४) कुनै नगर प्रहरी कर्मचारीमाथि लागेको कुनै अभियोगको जाँचवुझ गर्नुपरेमा सजायगर्ने अधिकारीले जाँचवुझ समाप्त नहुन्जेल सो नगर प्रहरी कर्मचारीलाई निलम्वन गर्नसक्नेछ । तर यस्तो निलम्वनको अवधि ६ महिनाभन्दा वढीहुनेछैन ।

(५) उपदफा(४) वमोजिम निलम्वन अवस्थामा रहेको नगर प्रहरी कर्मचारीलाइ निजले पाउने तलब भत्ताको एकचौथाई दिइनेछ ।
(६) कुनै फौजदारी अभियोगमा गिरफ्तारभई थुनिएको नगर प्रहरी कर्मचारी थुनिएको अवधिभर
स्वत : निलम्वितहुनेछ ।
(७) निलम्वित कर्मचारी उपर लागेको अभियोग प्रमाणित नभई सफाई पाएमा निजले सो अवधिको चौथाई तलव पाएको भए सो कट्टागरी र नपाएकोभए पुरै (तलव वृद्धि हुनेभएमासो समेत) पाउनेछ । कसुरदार ठहरिएमा निलम्वन भएका मितिदेखिका बाँकी तलव भत्ता पाउनेछैन ।
(८) कुनै कर्मचारी गाउँपालिकाको कामको सम्वन्धमा वा नेपालसरकारबाट भएको कारवाहीको सिलसिलामा निलम्वन भएको नभई अरुनै कारणबाट निलम्वन रहनगएको रहेछ भने त्यसरी निलम्वन रहेको अवधिको तलव भत्ता पाउनेछैन ।

५६. सजायको आदेश दिने : जाँचवुझको काम समाप्त भएपछि सम्वन्धित नगर प्रहरी कर्मचारीलाई निजसित स्पष्टीकरण मागिएको भए निजले तोकिएको समय भित्र स्पष्टीकरणन दिएमा वा निजले दिएको स्पष्टिकरण सन्तोषजनक नलागेमा सजायगने अ धिकारीले सजायदिन सक्नेछ र सजायको आदेशको एक प्रतिनिजलाई दिनुपर्नेछ ।

५७. सेवाको अन्त गर्ने : (१) कुनै नगर प्रहरी कर्मचारीलाई देहायको अवस्थामा निजको सेवा अन्तगर्नुपर्दा कार्यविधि बमोजिमको प्रक्रिया अपनाउनुपर्नेछैन ।
(क) परीक्षणकालमा रहनेगरी नियुक्ति भएकोमा नियुक्ति सदर नहुदै,
(ख) स्वीकृत चिकित्सकको बोर्डले शारीरिक दृष्ट्रिले अनुपयुक्त ठहऱ्याएमा,

५८. पुनरावेदनको कार्यविधि : (१) दफा ७५ अन्तर्गत दिइएको आदेशमा चित्तनबुझी पुनरावेदन गर्नेकर्मचारीले आफ्नो नामबाट पुनरावेदन दिनुपर्नेछ ।

(२) पुनरावेदन गर्नेव्यक्तिले पुनरावेदनमा आफ्नो सफाइको निमित्त जोभएको प्रमाण राखी पुनरावेदन शिष्टभाषामा लेखिएको हुनुपर्नेछ । पुनरावेदन कासाथमा जुनआदेशको विरुद्धपु नरावेदन गरिएकोहा सो आदेशको नक्कल पनि राख्नुपर्नेछ ।

(३) पुनरावेदन दिँदा प्रमुख प्रशासकीय अधिकृत मार्फत अध्क्षसमक्षपेशगर्नु पर्नेछ ।

(४) सजायको सूचना पाएको पैतीस दिनभित्र पुनरावेदन दिनुपर्नेछ ।

(५) पुनरावेदन तहबाट भएको निर्णय अन्तिम हुनेछ ।

५९. नगर प्रहरी सेवामा पुनर्वहाली भएपछि पुरा तलब भत्ता पाउने : कुनै नगर प्रहरी कर्मचारीलाई

सेवाबाट हटाउने वा वर्खास्त गर्ने आदेश कुनै अदालत वा अधिकारीबाट रद्दभई निजसेवामा पुनर्वहाली भएमा सेवाबाट हटाइएको वा वर्खास्त गरिएको मितिदेखि पुनर्वहाली भएको मिति सम्मको पूरा तलव भत्ता र तलब वृद्धि पाउनेभए तलब वृद्धि समेत निजले पाउनेछ ।

परिच्छेद १०

अवकाश,उपदान र निवृत्तिभरण

६०. अनिवार्य अवकाश : (१) यो कार्यविधिली जारी भएपछि नियुक्ति भएका देहायका नगर प्रहरी कर्मचारीको देहाय वमोजिमको उमेर पुगेपछि वा निजको सेवा अवधि ३० वर्ष पूरा भएपछि निजलाई सेवाबाट अवकाश दिइनेछ ।

(क) नगर प्रहरी सहायक निरीक्षक - ५१ वर्ष

(ख) नगर प्रहरी हवल्दार/नगर प्रहरी जवान - ५० वर्ष

(२) उमेरकोहद,पदको अवधि वा सेवा अवधिमध्ये कुनै एक पुगेपछि नगर प्रहरी कर्मचारीले सेवाबाट अवकाश पाउनेछ ।

(३) कायम मुकायम मुकरर भएमा पदको अवधि लागूहुनेछैन । तर तल्लो पदमा नोकरीको अवधि लागूहुने रहेछ भने कायम मुकायम मुकरर भएको पदमा पदोन्नति हुननसके तल्लोपदको अवधि नै लागूहुनेछ ।

स्पष्टीकरण : नियमको प्रयोजनको निमित्त नगर प्रहरी कर्मचारीको उमेरको हिसाव गर्दा देहाय वमोजिम गरिनेछ :

(क) नोकरीमा प्रवेश गरेको वेलामा निजले पेशगरेको शैक्षिक संस्थाको प्रमाणपत्रमा किटिएको जन्म मिति वा वर्षबाट हुनआउने उमेर ।

(ख) त्यस्तो अभिलेख नभएमा निजले नोकरीमा प्रवेशगरेको बेलामा सिटरोलमा लेखीएको जन्म मिति वा वर्षबाट हुनआउने उमेर ।

(४) यस कार्यविधि बमोजिम निवृत्तिभरण पाउने अवधि पुगेको कुनै नगर प्रहरी कर्मचारीलाई गाउँपालिकाले नोकरीबाट अवकाश दिनेछ ।

(५) यो कार्यविधि प्रारम्भ हुँदा नगर प्रहरी सेवामा वहाल रहेका नगरप्रहरी कर्मचारीले उपनियम (१) वमोजिम अवकाश प्राप्तगर्दा प्रचलित नगर प्रहरी कार्यविधि वमोजिम अवकाश प्राप्तगर्न जति उमेर बाँकी रहेकोछ सो अवधि समेत निजले गरेको जम्मा नोकरी अवधिमा थपि निजले पाउने निवृत्तिभरणको हिसाव गरिनेछ ।

६१. उपदान : (१)पाँच वर्ष वा सो भन्दा वढी नोकरी गरेको तर राजीनामा स्वीकृति गराई सेवाबाट हटेमा वा भविष्यमा स्थानीय तहको सेवामा सामान्यत : अयोग्य नठहरिने गरी सेवाबाट हटाइएमा देहायवमोजिम उपदान पाउनेछ ।

(क) पाँच वर्षदेखि दश वर्षसम्म नोकरी गरेको नगर प्रहरी कर्मचारीले आफूले कामगरेको प्रत्येक वर्षको निमित्त आखिरी आधा महिनाको तलव ।

(ख) दश वर्षभन्दा वढी पन्ध्र वर्षसम्म नोकरी गरेको नगर प्रहरी कर्मचारीले आफूले कामगरेको प्रत्येक महिनाको निमित्त आखिरी एक महिनाको तलव ।

(ग) पन्ध्र वर्षदेखि २० वर्षसम्म नोकरी गरेको नगर प्रहरी कर्मचारीले आफुले कामगरेको प्रत्येक महिनाको निमित्त आखिरी दुईमहिनाको तलव ।

(घ) बीस वर्षदेखि पच्चिस वर्षसम्म नोकरी गरेको नगर प्रहरी कर्मचारीले आफुले काम गरेको प्रत्येक महिनाको निमित्त आखिरी अढाई महिनाको तलव ।

६२. नवृत्तिभरण : त्रिवेणी गाउँपालिका कर्मचारी सेवा,शर्त सम्बन्धी कर्यविधि बमोजिम हुनेछ ।

६३. निवृत्तिभरणमा वृद्धि : वहालवाला नगर प्रहरी कर्मचारीको तलब वृद्धि हुँदा निवृत्तिभरण पाउने नगर प्रहरी कर्मचारीको समेत प्रचलित नियमानुसार निवृत्तिभरणमा वृद्धिहुनेछ ।

६४. पारिवारीक निवृत्तिभरण र उपदान : नगर प्रहरी कर्मचारीको नोकरीमा छदै वा आफूले निवृत्तिभरण पाउन थालेको सात वर्ष नपुग्दै मृत्यु भएमा मृतक कर्मचारीको इच्छाएको व्यक्तिलाई नियमानुसार निवृत्तिभरण दिइनेछ ।

६५. निवृत्तिभरण सम्वन्धी कार्यविधि : उमेरकोहक वा सेवा अवधि पुगेको कारणबाट निवृत्तिभरण पाउने कर्मचारीले अवकाश लिने मिति भन्दा छमहिना अघि तोकिएको फाराम भरी अख्तियारवाला कहाँ पठाउनुपर्दछ । नगर प्रहरी

कर्मचारीको मृत्यु भएमा निजको परिवारले प्राप्तगर्ने निवृत्तिभरणको निमित्त दरखास्त कर्मचारीको मृत्युभएको ६ महिनाभित्र अख्तियारवालाकहाँ पठाउनुपर्नेछ ।

६६. असाधारण पारिवारिक वृत्ति र उपदान : (१) कुनै नगर प्रहरी कर्मचारी आफ्नो कर्तव्य पालनगर्दा वा तालिम लिँदा तत्कालै मृत्यु भएमा वा त्यसैको कारणबाट निको नहुँदै मृत्यु भएमा निजको नोकरी जतिसुकै वर्ष पुगकोभएतापनि मृतक नगर प्रहरी कर्मचारीको सबैभन्दा नजिकको हकवालाले त्यस्तो नगरप्रहरी कर्मचारीले खाइपाईआएको वा तोकिएको तलवको आधा पारिवारिक निवृत्तिभरण पाउने र त्यस्तो हकवालालाई देहाय वमोजिम असाधारण पारिवारिक उपदान समेत दिइनेछ ।

(क) १० वर्ष सम्मको सेवा अवधि नपुग्दै मृत्यु भएमा निजले खाईपाई आएको प्रति वर्ष १ महिनाको तलव वरावरको रकम ।

(ख) १० वर्षदेखि २० वर्षसम्मको सेवा अवधि पूरा गरी मृत्यु भएमा निजले खाईपाई आएको प्रति वर्ष २ महिनाको तलव वरावरको रकम ।

(ग) २० वर्षभन्दा वढी जतिसुकै सेवा अवधि पूरागरी मृत्युभएमा निजले खाईपाई आएको प्रति वर्ष ३ महिनाको तलव वरावरको रकम ।

(२) यो कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भयतापनि असाधारण निवृत्तिभरण को प्रयोजनको निमित्त वहालवाला भन्नाले मृतक नगर प्रहरी कर्मचारीको पत्नी, नावालकछोरा, अविवाहित छोरी र आश्रित बाबु,आमालाईमात्र जनाउनेछ ।

(३) उपदफा (१) र (२) वमोजिम असाधारण पारिवारिक निवृत्तिभरण मृतक नगर प्रहरी कर्मचारीको पत्नी वा बाबु आमा भए आजीवन र छोरा वा छोरीले भए २१ वर्षको उमेर पुरागरेमा वा विवाह वा सरकारी सेवा प्रवेश गरेको जुन अगाडिहुन्छ सो मितिसम्म पाउनेछ ।

(४) मृतक महिला नगर प्रहरी कर्मचारीको विधुर पतिको हकमा त्रिवेणीपालिकाले उचित र न्यायसंगत तरिकाबाट कारवाही गर्नसक्नेछ ।

६७. करार नगर प्रहरी कर्मचारीको असाधारण पारिवारिक वृति : करारमा नियुक्ति भई कार्यरत रहेको कुनै नगर प्रहरी कर्मचारी कुनै नगर प्रहरी कर्मचारी आफ्नो कर्तव्य पालनगर्दा वा तालिम लिँदा तत्कालै मृत्यु भएमा वा त्यसैको कारणबाट निको नहुँदै मृत्यु भएमा निजको नोकरी जतिसुकै वर्ष पुगकोभएतापनि मृतक नगर प्रहरी कर्मचारीको सबैभन्दा नजिकको हकवालाले त्यस्तो नगरप्रहरी कर्मचारीले खाइपाईआएको वा तोकिएको तलवको आधा पारिवारिक निवृत्तिभरण वापत सवै भन्दा नजिकको हकवालालाई(श्रीमती,नावालाक छोरा वा अविवाहित छोरी) लाई बढिमा ५ वर्ष सम्म उपलब्ध गराइनेछ ।

६८. असाधारण पारिवारिक वृत्तिको अंक निर्धारण : कुनै नगर प्रहरी कर्मचारी आफ्नो कर्तव्य पालन गर्दा वा तालिम लिँदा तत्काल मृत्यु भएको रहेछ भने सोही कायम मुकायम वा कार्यवाहक भएको पदको आधारबाट र तत्काल मृत्यु नभएमा सो घटना घटेको मिति देखि मृत्यु भएको मिति सम्ममा वढुवा पाइसकेको रहेछभने सो वढुवा भएको पदको आधारबाट असाधारण पारिवारिक वृत्तिको अंक निर्धारण गरिनेछ ।

६९. सन्तति वृत्ति र शैक्षिक भत्ता : (१) कुनै नगर प्रहरी कर्मचारी आफ्नो कर्तव्य पालन गर्दा वा तालिम लिँदा तत्काल मृत्यु वा सोही कारणले गर्दा आजीवन काम गर्न नसक्ने अशक्त भएमा त्यस्तो मृतक वा अशक्त नगर प्रहरी कर्मचारीको प्रत्येक सन्नतिलाई रु.५०० (पाँचसय) कोदरले मासिक सन्तति वृत्ति दिइनेछ । (सन्तति भन्नाले छोरा वा अविवाहिता छोरीलाई जनाउँनेछ) ।

(२) उपदफा (१) वमोजिम वृत्ति सम्वन्धित सन्ततिले २१ वर्षको उमेर पुरा गरेमा वा विवाह वा सरकारी सेवा प्रवेशगरेको जुन अगाडि हुन्छ सो मिति सम्मपाउँनेछ ।

७०. नोकरी अवधि कोगणना : (१) यस परिच्छेदको प्रयोजनको निमित्त नोकरी अवधिको गणनागर्दा नगर प्रहरी सेवा वा पदमा स्थायी नियुक्ति भई नोकरी गरेको जम्मा अवधि बीचमा टुटेको अवधि कटाई लाई गणना गरिनेछ ।

(२) उपदफा (१) मा जेसुकै लेखिएको भएतापनि उपदान पाइसकेको व्यक्ति नगर प्रहरी सेवा वा पदमा नियुक्ति भएमा निजले पहले पाएको उपदानको रकम फिर्ता गरेमामात्र निजको पहिलेको नोकरी जोडिनेछ ।

(३) उपदफा(१)अनुसार गणना गर्दा निलम्वनमा रहेको अवधिलाई समेत गणना गरिनेछ ।

७१. उपचार खर्च : (१) कुनै नगर प्रहरी कर्मचारी विरामी भएमा औषधि उपचारको लागि देहाय वमोजिम भएको खर्चको रकम गाउँपालिकाले उपचार खर्चवापत दनेछ:-

(क) अस्पताल भर्ना भई वा नभई उपचार गराउँदा लागेको अस्पतालको विलवमोजिमको खर्च र अस्पतालको चिकित्सकको रोगको निदानसहतिको प्रेशक्रिप्शन वमोजिम खरिद गरेको औषधिखर्च ।

ख) अस्पताल नभएको ठाउँमा वा अस्पताल भर्नाभई अस्पतालबाट निस्केपछि पनि रोगकोउपचारको निमित्त वा अस्पताल भएपनि अस्पतालमा भर्ना हुनुनपर्ने वा भर्ना हुननसकेको अवस्था वा कुनै किसिमको रोगको सम्वन्धमा कुनै दर्तावाला वा स्वीकृत योग्यता प्राप्त डाक्टर, कविराज, वैद्य वा हेल्थ असिस्टेण्टले जाँचगर्दा लिएको शुल्क र रोगको निदानसहितको प्रेशक्रिप्शन अनुसार खरिद गरेको औषधि खर्च ।

ग) अस्पताल पनि नभएको र डाक्टर, कविराज, वैद्य वा हेल्थ असिस्टेन्ट पनि नभएको ठाउँमा भएको उपचारमा कार्यालयप्रमुख, मातहतका नगर प्रहरी कर्मचारीको हकमा कार्यालयप्रमुखले, कार्यालय प्रमुखको हकमा एक तह माथिको अभिकारीले सिफारिस गरेकोखर्च ।

घ) प्लाष्टिक सर्जरी वा निजी नर्सिङ्ग होममा गरेको चिरफार (सर्जिकलअपरेशन) बाहेक सबै किसिमको चिरफार गर्दा लागेको बिलवमोजिमको खर्च ।

ङ) आफ्नो घर वा डेरा छाडी अर्को जिल्लामा वा विदेशमा गई औषधि उपचार गराउँदा त्यस्तो

स्थानसम्म पुग्दाको र फर्कदाको विरामीको र कुरुवा चाहिने अवस्था भए एक जना कुरुवा सम्मको यातायात खर्चको पूरै रकम र खाना खर्चवापत निज विरामी नगर प्रहरी कर्मचारीको नियमानुसार पाउने दैनिक भत्ताको पचहत्तर प्रतिशत रकम ।

(२) उप दफा(१)माजुनसुकै कुरा लेखिएको भएतापनि नगर प्रहरी कर्मचारीको तमाम नोकरी अवधि भरमा अधिकृत स्तरको भए १२ महिना र सो भन्दा मुनिको पदको लागि १८ महिना वरावरको तलब रककसम्म मात्र उपचार खर्च दिइनेछ ।

तर कार्यालयको कामको सिलसिलामा चोटपटक लाग्न गई घाईतेभएको नगर प्रहरीको उपचार गर्नलागेको सम्पूर्ण खर्च वा नेपाल राज्यभित्र औषधि उपचार हुन नसक्ने भनी नेपाल सरकारद्धारा नियुक्त मेडिकल वोर्डले सिफारिस गरेको नगर प्रहरी कर्मचारीले विदेशमागई उपचार गराउन चाहेमा निजलाई गाउँपालिकाले उपचार खर्च र एक जना विरामी कुरुवा को खर्चसमेत उपलब्ध गराउनेछ ।

(३) यस दफा वमोजिम पाउने उपचार खर्च कुनै नगर प्रहरी कर्मचारीले पेश्कीको रुपमा लिनचाहेमा कारण मनासिब देखिए उपदफा(२)कोअधिनमा रही पछि हिसाव बुझाउने गरी पेश्की दिन सक्नेछ ।

(४) नगर प्रहरी कर्मचारीको संगोलको पति वा पत्नी, आमा, बाबु वा नावालक छोरा छोरी विरामीले यस कर्यविधि वमोजिम पाउने अधिकतम उपचार खर्चको रकमबाट कट्टाहुने गरी सो रकमको आधासम्म बिल बमोजिमको भएको उपचार खर्चको नब्बे प्रतिशत रकम सम्वन्धित कर्मचारीले लिन पाउनेछ । त्यस्तो उपचार खर्चको मागगर्दा रोगको निदान उल्लेख गरिएको चिकित्सकको प्रेशक्रिप्शन पनि पेश गर्नुपर्नेछ । यस उप दफा वमोजिम पाउने उपचार खर्च एक पटकमा सम्वन्धित नगर प्रहरी कर्मचारीको एकमहिनाको तलब भन्दा बढी हुनेछैन ।

(५) नगर प्रहरी कर्मचारीको संगोलको पति वा पत्नी, आमा, बाबु वा नावालक छोरा छोरी विरामी भई विदेशमा गई उपचार गराउनुपर्दा देशमै अस्पताल भर्ना भई शल्यक्रिया वा उपचार गराउनुपर्दा अस्पतालमा लागेको बिलवमोजिमको खर्च र अस्पतालको चिकित्सकको प्रेसक्रिप्शन वमोजिम लागेको औषधि उपचारको खर्चको नब्बे प्रतिशत रकम उपनियम (२) वमोजि नगर प्रहरी कर्मचारीले पाउने रकम मध्येबाट पाउनेछ ।

(६) उपदफा (५) र (६) मा जुनसुकै कुरा लेखिएको भएतापनि नगर प्रहरी कर्मचारीको संगोलको पति वा पत्नी, आमा, बाबु वा कुनै सरकारी वा सरकारी स्वामित्व वा नियन्त्रणमा भएको संस्थाको सेवामा वहालवाला कर्मचारी भएमा त्यस्तो उपचार खर्च पाउनेछैन ।

(७) यस कार्यविधिमा यस अघि जुनसुकैकुरा लेखिएको भएतापनि एकपटकमा १,०००।- (एकहजार) भन्दा घटी रकम खर्च भएको उपचार खर्च पाउनेछैन ।

(८) झुट्टा व्यहोरा पेशगरी कार्यविधि वमोजिम उपचार खर्चमा गगर्ने वा प्राप्त गर्ने नगर प्रहरी कर्मचारी उपर विभागीया कारवाही गरिनेछ । त्यसरी उपचार खर्च लिईसकेको भए सो रकम समेत त्यस्तो नगर प्रहरी कर्मचारीबाट असुल गरिनेछ ।

(९) भविष्यमा स्थानीय निकायको निमित्त सामान्यतया अयोग्य ठहरिने गरी बर्खास्त गरिएको अवस्थामा वाहेक अरु जुनसुकै व्यहोराबाट नगर प्रहरी कर्मचारीले नोकरीबाट अलग हुँदा उपदफा(२) वमोजिम नोकरी अवधिभरमा पाउने उपचार खर्च मध्ये केही लिई वा नलिई उपचार खर्च वाँकी रहेको भए त्यस्तो बाँकी भए जति रकमको दुई तिहाइको हिसावले हुने एकमुष्ट रकम निजले त्यसरी नोकरीबाट अलग हुँदा लिनपाउनेछ ।

तर निवृत्तिभरण पाउने गरी सेवाबाट अवकाश पाएका नगर प्रहरी कर्मचारीले त्यस्तो बाँकी भएजति पूरै रकम र पच्चीस वर्ष सेवा अवधि पूरागरेको रहेछभने त्यसमा १० प्रतिशत थपगरी हुनआउने रकम एकमुष्ट निजले त्यसरी नोकरीबाट अलग हुँदा लिनपाउनेछ ।

(१०) कुनै नगर प्रहरी कर्मचारी दश वर्षको सेवा अवधि नपुग्दै भविष्यमा स्थानीय निकायको नोकरीको निमित्त सामान्यतया अयोग्य ठहरिने गरी बर्खास्त गरिएको अवस्थामा बाहेक अरु जुनसुकै व्यहोराबाट नोकरीबाट अलग भएमा पनि दश वर्षको नोकरीअवधिमा त्यसैको दामासाहीले उपदफा(१) अनुसार पाउने उपचार खर्च पाउनेछ ।

(११) दश वर्ष सेवा अवधि नपुगेको कुनै नगर प्रहरी कर्मचारीलाई औषधिउपचारको लागि खर्च दिदा उपदफा(२) मा तोकिएको रकमलाई दशवर्ष नोकरी गरेवापत पाउने रकममानी दामासाहीले हुन आउने रकम मात्र दिइनेछ ।

(१२) कुनै नगर प्रहरी कर्मचारीलाई देहायको अवस्थामा बाहेक परिवार र आफ्नो निमित्त समेत गरेर एक वर्षमा निजले खाईपाई आएको डेढमहिनाको तलब बरावरको रकमभन्दा वढी उपचार खर्च दिइनेछैन ।

(क) यसकार्यविधि वमोजिम विदेशमा गई उपचार गराउनुपर्दा वा स्वदेशमै पनि अस्पतालमा भर्ना भई उपचार गराउनुपर्दा ।

(ख) उपदफा (६) बमोजिम परिवारलाई उपचार गराउँदा ।

(१३) यस कार्यविधि वमोजिम नगर प्रहरी कर्मचारीले पाएको उपचार खर्चको विवरण कार्यालयले नगर प्रहरीको विदाको अभिलेख र व्यक्तिगत अभिलेखमा राख्नुपर्नेछ ।

७२.करारमा कार्यरत नगर प्रहरी कर्मचारीले पाउने उपचार खर्च : करारमा कार्यरत नगर प्रहरी कर्मचारी वा निजको एकाघरको पत्नी,नावालक छोरा, अविवाहिता छोरी मध्य कसैलाई नेपाल सरकारले तोकेको गम्भिर प्रकृतिको रोगलागेको प्रमाणित भएमा गाउँपालिकाको तर्फबाट कार्यपालिकाबाट निर्णय गरी बढिमा रु.४० हजार सम्म उपचार खर्च उपलब्ध गराउन सकिनेछ ।

परिच्छेद-११

तलब, भत्ता

७३. तलब भत्ता : नगर प्रहरी कर्मचारीले नियुक्ति पाएको वा वढुवा भएको मितिदेखि तलब भत्ता पाउनेछ । तलव र राशन भत्ता स्थानीय नेपाल प्रहरीले पाउने सुविधालाई आधार लिई कार्यपालिकाले तोकेअनुसार हुनेछ ।

तर, करारमा नियुक्ति हुने नगर प्रहरी कर्मचारीको हकमा भने फरक हुन सक्नेछ ।

७४. टाइम स्केल : (१)टाइम स्केल अनुसार तलब पाउने पदमा नयाँ नियुक्ति पाउने व्यक्तिले सामान्यतःस्केलमा लेखिएको न्यूनतम तलब पाउनेछ ।

तर अख्तियारवालाले कारण समेत जनाई लिखित अनुरोध गरेमा गाउँपालिकाले निजको प्रारम्भिक तलबलाई टाइमस्केल भित्रको कुनै माथिल्लो स्थानमा तोक्न सक्नेछ । असाधारण योग्यता भएका व्यक्तिहरुको हकमा मात्र अख्तियारवालाले यस्तो अनुरोध गर्नसक्नेछ ।

(२) उच्चस्तर टाइमस्केलको कुनै पदमा स्थायी रुपमा वढुवा पाउन नगर प्रहरी कर्मचारीले पनि उक्त उच्चतम टाइमस्केलमा लेखिएका न्यूनत तलब पाउनेछ ।

७५. तलब वृद्धि : (१) देहायको अवस्थामा बाहेक प्रत्येक नगर प्रहरी कर्मचारीले एक वर्ष सेवा पुरागरेपछि एकग्रेट वृद्धि पाउनेछ ।

(क) परीक्षणकाल,

(ख) कायम मुकायम र,

(ग) तलब वृद्धि रोक्का ।

तर नियुक्ति सदर भएपछि नगर प्रहरी कर्मचारीहरुको परीक्षणकालमा रहेको अवधि समेत तलब वृद्धिको निमित्त जोडिनेछ ।

७६. करार कर्मचारीको तलव बृद्धि : करामा नियुक्त नगर प्रहरीको तलब वृद्धि कार्यपालिकाले समय समयमा तोके अनुसार हुनेछ ।

७७. कायम मुकायम भई काम गरेको तलबभत्ता : कुनै नगर प्रहरी कर्मचारीले कुनै माथिल्लो पदमा कायम मुकायम भई कामगरेमा काम गरेकै मिति देखि निजले माथिल्लो पदको तलब भत्ता पाउनेछ ।

७८. अवकश पाउने कर्मचारी पाउने तलब र राशन : नगर प्रहरी कर्मचारी राजीनामा दिई वा अनिवार्य अवकाश पाई सेवा निवृत्त भएमा सो को सूचना पाएको मिति सम्म निजले खाईपाई आएको तलब, भत्ता, रासन र अन्य सुविधा समेत पाउनेछ ।

तर कार्यालयमा गैर-हाजिरी, विभागीय कारवाही शुरु गरिएको वा कारवाहीको क्रममा कार्यालयमा अनुपस्थित रहेको नगर प्रहरी कर्मचारीले भने आफू अनुपस्थित रहेको मितिदेखिको तलब, भत्ता र रासन पाउनेछैन ।

७९. करारमा कार्यरतले राशन सुविधा पाउने : करारमा कार्यरत नगर प्रहरी कर्मचारीले कार्यपालिकाले तोके अनुसारको राशन सुविधा प्राप्न गर्नेछन । त्यस्तो राशन सुविधा कार्यालयमा हाजिर भएको दिनको मात्र दिइनेछ ।

स्पष्टीकरण : हाजिर भएको दिन भन्नाले विदामा बसेको दिन वाहेकलाई जनाउछ ।

परिच्छेद १२

कायममुकायम र कार्यवाहकको व्यवस्था

८०. कायम मुकायम मुकरर गर्नसक्ने :(१) नगर प्रहरी सेवाका कुनै पदमा साधारणतया कायम मुकायम मुकरर गरिनेछैन । तर,पद रिक्त रहेको अवस्था परी कार्यालयको दैनिक कार्यसंचालन गर्न वाधा पर्नगएमा कायम मुकायम मुकरर गर्नसकिनेछ ।

(२) यस कार्यविधि वमोजिम कायम मुकायम मुकरर गर्दा एकतहमुनिका कर्मचारीहरु मध्ये वढुवाको लागि योग्य भएका मध्येबाट सबैभन्दा जेष्ठ नगर प्रहरी कर्मचारीलाईमात्र कायम मुकाय ममुकरर गरिनेछ ।

(३) कुनै नगर प्रहरी कर्मचारी जुनपदमा कायम मुकायम मुकरर भएकोहो निजले सो पदको दर्ज्यानी चिन्ह सहित सम्पूर्ण अधिकार प्रयोग गर्नपाउनेछ ।

८१. कायम मुकायम गर्ने अधिकारी : (१)नगर प्रहरी कर्मचारीलाई कायम मुकायम मुकरर वा कार्यवाहक गाउँपालिका प्रमुख प्रशासकीय अधिकृतलेगर्ने ।

(२) उपदफा(१) वमोजिम कार्यवाहक तोक्दा तल्लो पदमा रहेको सबभन्दा वरिष्ठ नगर प्रहरी कर्मचारीलाई कार्यवाहक तोकिनेछ ।

(३)उपदफा(१) वमोजिम कार्यवाहक भई कामगर्न तोकिएको नगर प्रहरी कर्मचारीले त्यस्तो कार्यवाहक पदको सम्पूर्ण अधिकार प्रयोग गर्नपाउनेछ ।

(४) देहायको अवस्थामा कायम मुकाय ममुकरर गर्न सकिनेछैन :

(क) नसिहत पाएकोमा सो सजाय पाएको मितिले एक वर्षको अवधि भए,

(ख) निलम्बन भएकोमा सो अवधिभर,

(ग) बढुवा रोक्का भएकोमा रोक्का भएको अवधिभर,

(घ) तलब बृद्धि रोक्का भएकोमा रोक्का अवधिभर ।

८२. निमित्त भई कामगर्ने व्यवस्था :(१) कायम मुकायम वा कार्यवाहक नतोकिएको अवस्थामा एक महिना ननाध्नेगरी कुनै कारणले कार्यालय प्रमुख अनुपस्थित भएमा सोही कार्यालयका सब भन्दा बरिष्ठ नगर प्रहरी कर्मचारीले सो पदको निमित्त भई काम गर्नेछन ।

(२) यसरी निमित्त भई कामगरेको अवधिको सम्पूर्ण जिम्मेवारी निमित्त भई कामगर्ने नगर प्रहरी कर्मचारीको हुनेछ ।

८३. एक पदमा एक व्यक्तिमात्र कामय मुकायम वा कार्यवाहक हुने : कुनै एकपदमा एक समयमा एकभन्दा वढी व्यक्ति कायममुकायम वा कार्यवाहक मुकरर हुन सक्नेछैन ।

८४. काम गरेको अवधिको तलब भत्ता : (१) कुनै पदमा १५ दिन भन्दा बढि अवधि कायम मुकायम वा कार्यवाहक वा निमित्त भई काम गर्ने नगर प्रहरी कर्मचारीले जुन पदमा काम गरेकोछ सोही पदको तलब भत्ता र राशन पाउनेछ ।

परिच्छेद१३

तालिम

८५. तालिमको व्यवस्था : नगर प्रहरी कर्मचारीलाई कार्य कुशल एवं दक्ष तुल्याउन आवश्यकता नुसार गाउँ पालिकाले तोकिए वमोजिमको तालिमहरु दिइनेछ ।

८६. तालिम संचालन हुने स्थान : गाउँपालिकाले तोकिएका स्थानमाहुनेछ ।

८७. तालिमको अवधि : नगर प्रहरी सेवाको सबै अधिकृत तथा जवानहरुको तालिमको अवधि गाउँ पालिकाले तोकेको पाठयक्रम अनुसार हुनेछ ।

८८. तालिमको अनिवार्यता : (१) नगर प्रहरी सेवामा रहेका सबै नगर प्रहरी कर्मचारीहरुलाई आवश्यकतानुसार तालिम लिन अनिवार्य हुनेछ । यस्तो तालिममा सम्मिलित गराइएको नगर प्रहरी कर्मचारीहरुले लापरवाही देखाई आफ्नो व्यावसायिक ज्ञानप्रति उदासिनता तथा गैरजिम्मेवारी देखाएको व्यहोरा अभिलेखमा जनाइनेछ ।

(२) व्यावसायिक तालिम हासिलगर्न उदासिनता देखाएको व्यहोरा अभिलेखमा जनाईसकेपछि निजहरुलाई पुन : एक पटक तालिमको मौका दिइनेछ । त्यसपछि पनि उदासिनता र गैरजिम्मेवारी देखाउनेलाई तल्लो पदमा झार्न वा सेवाबाट हटाउन सकिनेछ ।

८९. तालिमको पाठ्यक्रम : विभिन्न तालिमहरुको पाठ्यक्रम तयारगर्न नगर प्रहरी प्रमुख समेत रहने एक समितिको गठन हुनेछ ।

९०. प्रशिक्षार्थीले पाउने सुविधा : (१) प्रशिक्षार्थीहरुलाई तालिम लिन आउँदाजाँदाको दैनिक भ्रमण भत्ता प्रचलित कानून अनुसार हुनेछ ।

(२) राशन पाउने नगर प्रहरी कर्मचारीहरुले नेपाल प्रहरीले पाएसरह राशन र भत्तापा उनेछन्

तर, करार कर्मचारीको हकमा भने यो प्रावधान लागु हुनेछैन ।

९१. तालिम सफल भएमा : (१)देहाय तालिममा सफल हुने नगर प्रहरी कर्मचारीहरुको हकमा देहाय बमोजिम हुनेछ :

(क) नगर प्रहरी अधिकृत (आधारभूत) तालिममा सफल भएका र परीक्षणकालमा रहेका अधिकृतहरु स्थायी नियुक्तिका लागि सामान्यतया योग्यहुनेछन ।

(ख) रिक्रुट तालिममा सफल रिक्रुटहरु नगर प्रहरी जवानहरुमा स्थायी नियुक्तिको लागि योग्य हुनेछन ।

९२. प्रारम्भिक पोशाक : (१) सबै नयाँ भर्नाहुने अधिकृत तथा जवानहरुलाई कार्यपालिकाले तोके बमोजिम प्रारम्भि कपोशाक वितरण गरिनेछ ।

(२) नयाँ भर्ना हुने प्रशिक्षार्थीहरुको लागि चाहिने प्रारम्भिक पोशाक गाउँपालिकाले उपलब्ध गराउनेछ ।

९३. तालिममा सामेल गराउने संख्या : नगर प्रहरीको दैनिक कार्यमा तथा सामान्य प्रशासनमा वाधा नपर्नेगरी नगर प्रहरी प्रमुखले निर्णय भएअनुसार तालिममा सहभागि हुन नगर प्रहरी कर्मचारीहरु तोक्नुपर्नेछ ।

९४. प्रशिक्षण भत्ता : राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानका प्रशिक्षकहरुले पाए सरह प्रशिक्षणभत्ता दिइनेछ ।

९५. अतिथि प्रशिक्षकहरुको पारिश्रमिक : प्रचलित कानून बमोजिम हुनेछ ।

९६. आन्तरिक तालिम : एकै पटक नियुक्ति भएमा वा वढुवा भएमा नगर प्रहरी कर्मचारीलाई आन्तरिक तालिममा पठाउँदा साधारणतया समान अवसर प्राप्त हुनेगरी तालिमको व्यवस्था मिलाउनुपर्नेछ र ३५ वर्ष उमेर नाघेकालाई शारिरीक तालिममा अनिवार्यता गरिने छैन ।

परिच्छेद-१४

पोशाक

९७. नगर प्रहरी पोशाक : नगर प्रहरीको पोशाकको रंग र किसिम र अन्य विवरण कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

९८. पोशाक र सामान : प्रत्येक नगर प्रहरी कर्मचारीलाई वर्षको एकपटक अनुसूचि १ मा तोके बमोजिमको पोशाक र सामान उपलब्धग राईनेछ ।

तर, ६ महिना भन्दा कम अवधिसम्म मात्र सेवा गर्ने नगर प्रहरी कर्मचारीले मुख्य मुख्य पोशाक कार्यालयमा फिर्ता गर्नुपर्नेछ ।

९९. जाडो मौसमका लागि दिइने पोशाक : प्रत्येक नगर प्रहरी कर्मचारीलाई जाडो मौसमको लागि पोशाक निःशुल्क दिइनेछ ।

१००. सेरोमोनियल पोशाक : अधिकृत कर्मचारीहरुलाई सेरीमोनियल पोशाकको लागि तोकिएको रकम उपलब्ध गराईनेछ ।

१०१. तयारी पोशाक वितरणगर्न नसकिएमा दिने सुविधा : नगर प्रहरी कर्मचारीलाई अनुसूचिमा उल्लेख भए बमोजिमको तयारी पोशाक वितरण गर्न नसकिएको अवस्थामा स्थानीय दररेट वमोजिम सिलाई ज्याला दिइनेछ ।

१०२. नगर प्रहरीको पोशाक सटटा भर्ना : नगर प्रहरी कर्मचारीहरुलाई निजहरुको मालसामान र पोशाक निश्चित अवधि नपुगी वा कामकाजको सिलसिलामा फाटी गएमा नगर प्रहरी प्रमुखले पेशगरेवमोजिम सट्टा गरी नयाँदिइनेछ ।

परिच्छेद-१५

विविध

१०३. विभागी यआदेश र निर्देशन : ऐन र यस कार्यविधिको परीधि भित्र रही देहायका विषयमा नगर प्रहरी प्रमुखले प्रमुख प्रशासकीय अधिकृतको निर्देशन बमोजिम आदेश तथा निर्देशन जारी गर्न सक्नेछ ।

(क) कार्यमा छिटोछरितोपन ल्याउने विषय

(ख) मातहतको नगर प्रहरी कार्यालयलाई नियन्त्रण गर्ने विषय

(ग) मातहत कार्यालयको कार्यमा समन्वयकायम ल्याउने विषय

(घ) नियममा उल्लेख भएका कुराहरु स्पष्ट तथा विस्तृत गर्ने विषय

(ङ) विभागीय अनुशासन सम्वन्धी व्यवस्था

१०४. पुरस्कार : नगर प्रहरी कर्मचारीहले आफ्नो कर्तव्य पालनको सिलसिलामा प्रसंशनीय कामगरेमा त्यस्तो नगर प्रहरी कर्मचारीहरुलाई पुरस्कृत गरिनेछ ।

१०५. दशै खर्च पाउने : नगर प्रहरी कर्मचारीले खाईपाईआएको एक महिनाको तलब बराबरको रकम प्रत्येक वर्ष घटस्थापनको पन्ध दिन अगाडि दशै चाडपर्व खर्चको रुपमा पाउनेछ ।

१०६. अन्य सुविधा तथा व्यवस्था : (१) नगर प्रहरी कर्मचारीहरुलाई दिईने अन्य सुविधाहरु गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

१०७. उम्मेरको हद : करार सेवामा रहेका नगर प्रहरी जवानहरुको हकमा यो कर्यविधिमा जुन सुकै कुरा लेखिएको भएतापनि कर्यविधि जारी भएपछि हुने पहिलो नगर प्रहरी जवान पदको खुल्ला विज्ञापनद्वारा स्थायीपदपूर्ति गर्दा एक पटकलाई भागलिन उमेरको हद लाग्नेछैन ।

१०८. अन्य सेवा समूहमा प्रवेश : करारमा कार्यरत नगर प्रहरीहरुले गाउँ पालिकाको अन्य सेवा समुहमा प्रवेश गर्न चाहेमा प्रचलित कानून अनुसार हुनेछ ।

अनुसूचि १
(दफा ९९ संग सम्बन्धित)
नगर प्रहरी कर्मचारीले वर्षमा पाउने पोशाक लगायतका सामानको विवरण

क्र.स.	पोशाक तथा अन्य सामाग्रीको विवरण	परिमान	कैफियत
१	सर्ट	१ थान	
२	पाइन्ट	१ थान	
३	टोपी	१ थान	
४	जुत्ता	१ सेट	
५	मोजा	१ सेट	
६	बेल्ट	१ थान	
७	लठ्ठी	१ थान	

प्रमाणिकरण मिति : २०७५।६।२५

आज्ञाले
रेमन्त बहादुर डाँगी
प्रमुख प्रशासकीय अधिकृत
त्रिवेणी गाउँपालिका, सल्यान

नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐन,२०७४ को प्रावधान अनुसार त्रिवेणी गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको मापदण्ड सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएकोछ ।
सम्बत् २०७५ सालको कार्यविधि नं.१०

तालिम संचालन तथा व्यवस्थापन कार्यविधि,२०७५

कार्यपालिका बाट स्वीकृत मिति : २०७५।६।२२

प्रस्तावना :
स्थानीयश्रोत साधनको परिचालन, विकास कार्यक्रम संचालन तथा व्यवस्थापन सम्बन्धी काम गर्न सम्बन्धित पक्षहरुको क्षमता अभिबृद्धि गर्न सकेमा मात्रै वास्तविक र फलदायी विकास हुने र जनताहरुमा सुशासनको अनुभूति दिलाउन सकिने हुँदा मानवीय विकासको पाटोलाई पनि संगसंगै लैजानुपर्ने आवश्यकता पर्दछ । तसर्थ स्थानीय श्रोत र साधनको अधिकतम परिचालनकमो माध्यमबाट दक्ष जनशक्तिको विकास गर्दै स्वरोजगार सृजनागर्न विभिन्न तालिम, गोष्ठि, अभिमुखिकरण जस्ता मानव संशाधन विकासका क्रियाकलापहरु संचालन गर्न तथा त्यस्ता तालिम गोष्ठी,प्रशिक्षण लगायतका कार्यक्रमहरुलाई व्यवस्थित तथा एकरुपताका आधारमा संचालन गर्न आवशयक देखिएकाले त्रिवेणी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन,२०७५ ले दिएको अधिकार प्रयोग गरी कार्यपालिकाबाट यो कार्यविधि स्वीकृत गरिएकोछ ।

परिच्छेद – १

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यस कार्यविधिको नाम "तालिम व्यवस्थापन तथा संचालन कार्यविधि २०७५" रहेको छ ।

(१) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागू हुने छ ।

२. परिभाषा : (१)विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "तालिम"भन्नाले मानवीय ज्ञान, सीप र धारणामा सकारात्मक परिवर्तन ल्याउने मानव संशाधन विकासका लागि संचालन गरिने क्रियाकलापहरु सम्झनु पर्दछ ।

(क) "मानव संशाधन विकास"भन्नाले कुनैपनि प्रकारको सीप, क्षमता अभिवृद्धि सम्बन्धी तालिम, गोष्ठि, सेमिनार, सम्मेलन, अभिमुखिकरण जस्ता क्रियाकलापहरुसम्झनु पर्दछ ।

(ग) "सहजकर्ता वा प्रशिक्षक" भन्नाले मानव संशाधन विकाससँग सम्बन्धित कुनै पनि विषयको ज्ञान, सीप भएको र उक्त ज्ञान, सीप अरुलाई प्रवाह गर्ने व्यक्तिलाई सम्झनु पर्दछ ।

(घ) "समिति"भन्नाले मानव संशाधन विकास क्रियाकलाप संचालक समितिलाई सम्झनु पर्दछ ।

(ङ) "संयोजक" भन्नाले मानव संशाधन विकासका क्रियाकलापहरु संचालन गर्नका लागि गठित संचालक समितिको संयोजक सम्झनु पर्दछ ।

(च) "सदस्य" भन्नाले मानव संशाधन विकासका क्रियाकलापहरु संचालन गर्नका लागि गठित संचालक समितिको सदस्य सम्झनु पर्दछ ।

(छ) "सदस्य सचिव" भन्नाले मानव संशाधन विकासका क्रियाकलापहरु संचालन गर्नका लागि गठित संचालक समितिको सदस्य सचिव सम्झनु पर्दछ ।

(ज) "कार्यक्रम संयोजक" भन्नाले मानव संशाधन बिकास का लागि संचालन गरिएको तालिमको सम्पूर्ण व्यवस्थापकिय पक्ष संयोजन गर्ने व्यक्तिलाई सम्झनु पर्दछ ।

(झ) "कार्यक्रम समन्वयकर्ता " भन्नाले मानव संशाधन बिकास का लागि संचालन गरिएको तालिमको सम्पूर्ण व्यवस्थापकिय पक्ष र सहभागी एवं संस्थामा समन्वय गर्ने व्यक्तिलाई सम्झनु पर्दछ ।

(ञ) "कार्यक्रम सहयोगी" भन्नाले मानव संशाधन बिकास का लागि संचालन गरिएको तालिमको सम्पूर्ण व्यवस्थापकिय पक्षमा सहयोग पुर्‍याउने व्यक्तिलाई सम्झनु पर्दछ ।

(ट) "मसलन्द" भन्नाले तालिम संचालन गर्दा लाग्ने आबश्यक सामग्रीहरु जस्तैः मार्कर, मेटाकार्ड, ब्राउनपेपर, मास्किङ टेप आदिलाई सम्झनु पर्दछ ।

(ठ) "प्रस्ताव" भन्नाले तालिम संचालन गर्नु पूर्व पेश गरिएको कार्ययोजना सहितको विस्तृत खाका सम्झनु पर्दछ ।

(ड) "गाउँपालिका"भन्नाले त्रिवेणी गाउँपालिका सल्यान सम्झनु पर्दछ ।

परिच्छेद-२

तालिम कार्यक्रमसँग सम्बन्धित क्रियाकलापहरु

३. तालिम कार्यक्रममा समाबेश हुन सक्ने वर्गहरु : (१) यस कार्यविधिका आधारमा निर्वाचित जनप्रतिनिधिहरु, कर्मचारीहरु, सरकारी एवं गैर सरकारी संस्था, सामूदायिक संस्था, उपभोक्ता समितिका पदाधिकारीहरु, विपन्न एवं पछाडि पारिएकाहरुको क्षमता तथा सीप विकासका लागि आवश्यकता अनुसार विभिन्न तालिम कार्यक्रमहरु संचालन गरिनेछ ।

(२) तालिम कार्यक्रम संचालन गर्दा आबश्यकता पहिचान (Need Assessments)लाई आधार मानी विभिन्न सीपमूलक, आयमूलक, क्षमता अभिवृद्धि,चेतनामूलक जस्ता विषय क्षेत्रमा तालिम/गोष्ठी/सेमिनार अर्न्तक्रिया जस्ता क्रियाकलाप संचालन गरिनेछ ।

(३) क्रियाकलापहरुका क्षेत्रहरु देहाय बमोजिम हुन सक्नेछन । संचालन गरिनेछ ।

- योजना तर्जूमा तथा अनुगमन/मुल्यांकन प्रकृया
- खरिद व्यवस्थापन
- संस्थागत विकास
- सामाजिक परिचालन
- नेतृत्व विकास
- समुह व्यवस्थापन
- सशक्तिकरण
- प्रजननु स्वास्थ्य,
- महिला अधिकार/महिला सशक्तिकरण/लैंगिक समानता
- बाल अधिकार/बालमैत्री स्थानीय शासन
- दलित, जनजाति, अपांग तथाअन्य सुविधाविमुख वर्गको सशक्तिकरण
- द्वन्द पिडित/मुस्लिम/पिछडा वर्ग/लोपोन्मुख अल्पसंख्यक वर्गको सशक्तिकरण
- सामाजिक सुरक्षा
- पंजिकरण
- स्थानीयसरकार संचालन ऐन
- सुशासन

- प्राविधिक शिप विकास
- लेखा व्यवस्थापन
- प्रस्ताव तथा प्रतिवेदन लेखन
- सामाजिक परीक्षण
- सार्वजनिक लेखापरीक्षण
- सार्वजनिक सुनुवाई
- राजश्व अभिवृद्धि
- एकिकृत सम्पत्ति कर
- व्यवस्थापनका विविध पक्षहरु जस्तै :विकास व्यवस्थापन, द्वन्द व्यवस्थापन, कार्यालय व्यवस्थापन, रेकर्ड व्यवस्थापन,सुचना व्यवस्थापन आदि
- क्षमता विकासका विभिन्न आयामहरु
- सीप विकास सम्बन्धी तालिमहरु
- ज्ञान, सीप र धारणामा परिवर्तन ल्याउने कुनैपनि गतिविधिहरु

परिच्छेद-३

तालिम संचालन सम्बन्धी पक्रिया

४. तालिम/कार्यक्रम गर्दा पुरा गर्ने प्रक्रिया :(१) गाउँपालिका वा वडा तहमा संचालन हुने कुनैपनि तालिमले देहायको प्रक्रिया पूरा गरेको हुनुपर्नेछ ।

सि.नं	प्रयोजन	अधिकतम दर	शर्तहरु (बजेटको अवस्थालाई दृष्टिगत गर्ने)
१	क्षमता विकास/सीप विकास तालिम एवं कार्यपत्र प्रस्तुतिका लागि सहजिकरण गरे वापत प्रशिक्षक/सह जकर्ताको पारिश्रमिक प्रति सत्र/प्रति कार्यपत्र	१६००।००	• १ दिनमा ४ सत्र भन्दा बढि राख्न नपाईने । • १ जनालाई औचित्य हेरी बढिमा २ सत्र सम्म दिन सकिनेछ । • वास्तविक यातायात खर्च उपलब्ध गराउन सकिने • १५ कि.मी.बाहिरको भए नियमानुसार दै.भ्र.भ. उपलब्ध गराउन सकिने • सो भन्दा बढि दिनुपर्ने अवस्था भए संचालक समितिको निर्णय गराई दिन सकिने • कार्यपत्र समावेश गर्नु पर्नेछ । उक्त कार्यपत्र कम्तिमा ७५० शब्दको हुनु पर्नेछ । • सहायक स्तरको लागि ११००। • दुवै सुविधा उपलब्ध हुनेछैनन् ।
२	कार्यक्रमका सहभागीलाई भत्ता प्रतिदिन गाउँपालिकास्तरीय वडास्तरीय	१०००।०० ५००।००	• सिप बिकास तालिमको हकमा बढिमा १:१५ सम्म सहभागि राख्न सकिने • क्षमता विकास तालिम/कार्यक्रमको हकमा बढिमा ४० जना सम्म सहभागी राख्न सकिने • वास्तविक यातायात खर्च उपलब्ध गराउन सकिने
३	कार्यक्रम संयोजक प्रतिदिन	१०००।००	• वास्तविक यातायात खर्च उपलब्ध गराउन सकिने
४	कार्यक्रम समन्वयर्ता प्रतिदिन	८००।००	• वास्तविक यातायात खर्च उपलब्ध गराउन सकिने
५	कार्यालय सहयोगी प्रतिदिन	५००।००	• वास्तविक यातायात खर्च उपलब्ध गराउन सकिने
६	खाजा खर्च	३००।००	• सहभागी संख्या, सहजकर्ता, कार्यक्रम संयोजक, सहयोगी कर्मचारी भन्दा

			बढीमा ५ जना सम्मलाई मात्र खाजाको व्यवस्थापन गर्न सकिने । ● विशिष्ट व्यक्तिहरु आमन्त्रित गरेको खण्डमा निजहरुको खाना, खाजा खर्च वापत बढिमा एकमुष्ठ रु. ४०००।०० सम्म खर्च गर्न सकिने । तर विशिष्ट व्यक्तिहरुको उपस्थिति भएको प्रमाणित हुनुपर्ने ।
७	सहभागी खाना (प्रति सहभागी प्रति खुराक)	४५०।००	● विहानी शत्र समेत संचालन हुने भएमा ।
८	आवासीय कार्यक्रम भए (प्रति सहभागी प्याकेजमा- २ छाकको खाना, खाजा-नास्ता, आवास)	१८००।००	
९	सहभागी स्टेसनरी	२५०।००	● लेख्नको लागि डायरी र डटपेन उपलब्ध गराउने
१०	कार्यक्रमका लागि मसलन्द प्रति कार्यक्रम	५०००।००	● १ दिनको कार्यक्रमको लागि मात्र ● सो भन्दा माथिको भए आवश्यक भएमा मात्र दैनिक रु. १५००।०० थप गर्न सकिने
११	ब्यानर प्रति कार्यक्रम	१०००।००	● सामान्य कार्यक्रमको हकमा मात्र ● विशेष कार्यक्रम र विशेष ब्यानर भए औचित्यता हेरी दोब्बर गर्न सकिने
१२	हलभाडा प्रति कार्यक्रम		● ग्रामीण क्षेत्रमा प्रतिदिन रु.१०००। देखि १५००। सम्म मात्र ।
१३	कार्यक्रम उद्घाटन समापन खर्च	४५००	● सामान्य कार्यक्रमको हकमा मात्र विशेष कार्यक्रम भए औचित्यता हेरी दोब्बर गर्न सकिने
१४	प्रतिवेदक	३०००।००	● वास्तविक यातायात खर्च उपलब्ध गराउन सकिने
१५	पारिश्रमिक प्रति कार्यपत्र	१०००।००	● एउटा कार्यपत्रमा दुईजना भन्दा बढि टिप्पणीकर्ता राख्न नहुने ● सहायस्तरक लागि ७००।
१६	विविध (प्रमाणपत्र, पानी, सरसफाई, फोटोकपि आदिका लागि) एकमुष्ठ	५०००।००	● सामान्य कार्यक्रमको हकमा मात्र विशेष कार्यक्रम भए औचित्यता हेरी दोब्बर गर्न सकिने

(क) तालिम कार्यक्रमहरुसंचालन गर्दा अनुसूचि १ को ढाँचामा अनिवार्यरुपमा प्रस्ताव पेश गर्नुपर्ने छ । साथै यसै कार्यविधिको मापदण्ड अनुरुप नै खर्चको विनियोजन समेत गर्नुपर्नेछ ।

(ख) वैयक्तिक विवरण (Biodata) का आधारमा प्रशिक्षक/सहजकर्ताको छनोट गर्नुपर्नेछ ।

(ग) गाउँपालिका तहमा संचालन हुने तालिमको हकमा गाउँपालिकाले र वडा तहमा संचालन हुने तालिमको हकमा सम्बन्धित वडाले सहभागीको छनोट गर्नुपर्नेछ । सहभागीको छनोट गर्दा बालबालिकासँग सम्बन्धित तालिमको हकमा १८ वर्ष मूनिका, ज्येष्ठ नागरिकको हकमा ६० वर्ष माथिका र बाँकिको हकमा १८ देखि ५९ वर्ष उमेर समूहको हुनुपर्नेछ । तालिमको प्रकृति हेरी उमेर समूहमा हेरफेर हुन सक्नेछ ।

(घ) ५ लाख भन्दा माथि लागत अनुमान लाग्ने तालिम कार्यक्रम संघ संस्था मार्फत संचालन गर्नुपरेमा न्यूनतम ७ दिनको सार्वजनिक सूचना प्रकाशनगर्नु पर्नेछ ।

(ङ) सूचना अनुसार अनुसूचि १ को ढाँचामा म्यादभित्र पर्न आएका प्रस्ताव पेशगर्नु पर्ने छ र प्राप्त प्रस्तावनाहरु सम्बन्धित शाखा प्रमुखले मूल्याँकन गरी प्रमुख प्रशासकीय अधिकृत समक्ष स्वीकृतिका लागि पेश गर्नु पर्ने छ ।
(च) गाउँसभाबाट पारित वार्षिक बजेट तथा कार्यक्रममा तोकिएको बाहेक अन्यको हकमा गाउँपालिकाको विकट वडा/गाउँ/टोल, दलित, आदिबासी/जनजाती, अपांग लगायतको पछाडि पारिएको वर्गलाई सम्बोधन हुने गरी कार्यक्रम तर्जुमा गर्नुपर्नेछ ।

परिच्छेद-५
तालिम संचालन सम्बन्धी मापदण्ड

५. तालिम/कार्यक्रम संचालन खर्चको मापदण्ड :(१) गाउँपालिका तथा वडा तहमा संचालन हुने तालिम कार्यक्रमहरु संचालन सम्बन्धी खर्चको मापदण्ड(Norms)देहायनुसार हुनेछ :

परिच्छेद-६
तालिम तथा कार्यक्रम अनुगमन

६. तालिम/कार्यक्रमको अनुगमन सम्बन्धि व्यवस्था : (१) तलिम/कार्यक्रम अनुगमनको मापदण्ड देहाय बमोजिम हुनेछन् :

सि.नं.	दिन		पटक
	देखि	सम्म	
१	१	२	१
२	३	५	२
३	६	७	३
४	८	१५	४
५	१५	माथि	६

(२) तलिम/कार्यक्रम अनुगमनमा खटिने पदाधिकारी/कर्मचारीहरु देहाय बमोजिम हुनेछन् :
(क) पालिका तथा वडाहरुमा सञ्चालन भएका तालिम तथा कार्यक्रमको अनुगमन : गाउँपालिका अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारीबाट अनुगमन गर्न सकिने छ ।
(ख) वडास्तरीय कार्यक्रम : वडा आफैले सञ्चालन नगरी अन्य संघ, संस्थाबाट भएको अवस्थामा वडा अध्यक्षबाट कार्यक्रम अनुगमन गर्न सकिने छ ।
(ग) कार्यक्रमको अनुगमन प्रतिवेदन दुई प्रति तयारी गरि पेश गर्नु पर्नेछ ।

कार्यक्रम कार्यान्वयन सम्बन्धी

प्रस्तावना

(आर्थिक वर्ष .....)

पेश गर्ने संस्था :.....
संस्थाको छाप : .....

मिति :.....

अनुसूचि १

दफा ४ को उपदफा (१) को खण्ड (क) संग सम्बन्धित

१. गाउँसभाबाट स्वीकृत कार्यक्रमको नाम :

गाउँपालिका स्तरीय/वडास्तरीय : वडास्तरीय

भए वडाको नाम :

२. संचालन गरिने प्रस्तावित कार्यक्रमको नाम :

३. कार्यक्रमको प्रमुख उद्देश्यहरु : (बढिमा ३ वटा)

क)

ख)

ग)

४. कार्यक्रमको अवधि : क) दिनः ख) शुरु मितिः ग) सम्पन्न गर्ने मितिः

५. कार्यक्रम संचालन गर्ने स्थान : त्रिवेणी गाउँपालिका वडा नं.: टोल/वस्तिः

६. कार्यक्रमबाट लाभान्वित हुने वर्ग :

७: कार्यक्रमबाट लाभान्वित हुने वर्गको संख्या : महिलाः पुरुषः जम्माः

८. स्वीकृत बजेट विवरणः

गाउँपालिकाबाट रु. : विषयगत कार्यालयबाट रु. : गैससबाट रु.: अन्यबाट रु.:

कूल जम्मा रु. :

९. कार्यान्वयन गर्ने व्यक्ति/निकाय/संस्था :

☐ गाउँपालिका मार्फत,☐ वडा कार्यालय मार्फत, ☐उपभोक्ता समिति मार्फत,

☐ गसस मार्फत, ☐टोल विकास समिति मार्फत, ☐ विज्ञ/व्यक्ति मार्फत,

१०. प्रमुख अपेक्षित नतिजाहरु :

११. प्रस्तावित कार्यक्रम अर्न्तगत संचालन गरिने प्रमुख क्रियाकलाप/विषयवस्तु/सहजकर्ताको विवरण

१२. प्रस्तावित खर्चको विवरण

सि.नं	विवरण	इकाई	परिणाम	दिन	दर	जम्मा
	जम्मा					

१३. प्रस्तावित कार्यक्रमको पारदर्शिता र गुणस्तर सुनिश्चितता

(माथि उल्लेखित कुनै टेबल अपुग भएमा छुट्टै थप गरी यसै साथ संलग्न गर्न सकिने छ ।)

प्रमाणिकरण मिति : २०७५।६।२५

आज्ञाले
रेमन्त बहादुर डाँगी
प्रमुख प्रशासकीय अधिकृत
त्रिवेणी गाउँपालिका, सल्यान

नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐन,२०७४ को प्रावधान अनुसार त्रिवेणी गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको मापदण्ड सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएकोछ ।

सम्बत् २०७५ सालको कार्यविधि नं.११

बैठक तथा अनुगमन भत्ता व्यवस्थापन कार्यविधि,२०७५

कार्यपालिका बाट स्वीकृत मिति : २०७५।६।२२

प्रस्तावना,

त्रिवेणी गाउँपालिकाबाट सम्पादन हुने विभिन्न कार्यको सिलसिलामा बसिने गाउँ सभा,कार्यपालिका,विषयगत समिति,पदपूति समिति,लेखा समिति,विधयेक समिति,राजश्व परामर्श समिति,अनुगमन समिति,मूल्याङ्क समिति,शिक्षा समिति,परीक्षा समिति,जाँचपास तथा फरफारक समिति वा त्यस्तै प्रकृतिका अन्य विषेश कार्यसम्पादनको लागि गाउँ सभा वा गाउँ कार्यपालिकाको निर्णयबाट वा प्रचलित नियमानुसार गठन हुने समितिको बैठक भत्ता र विभिन्न कार्यको अनुगमनमा खटिदा कार्यलयबाट भुक्तानी गरिने भत्ता,सुविधालाई एकरुपता तथा व्यवस्थित गर्न बान्छनीय भएकोले त्रिवेणी गाउँपालिकाको प्रशासकीय कार्यविधि(नियमित गर्ने)ऐन,२०७५ ले दिएको अधिकार प्रयोग गरी कार्यपालिकाबाट यो कार्यविधि स्वीकृत गरिएकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भ :(१) संक्षिप्त नाम : यो कार्यविधिको नाम "बैठक तथा अनुगमन भत्ता व्यवस्थापन कार्यविधि,२०७५" रहनेछ ।

(२) प्रारम्भ : यो कार्यविभि स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागुहुनेछ

२. परिभाषा :(१) विषय वा प्रशंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "गाउँ कार्यपालिका " भन्नाले त्रिवेणी गाउँ कार्यपालिकालाई सम्झनुपर्छ ।

(ख) "अनुगमन समिति" भन्नाले गाउँपालिका क्षेत्र भित्र सम्पादन हुने वा भएका क्रियाकलापहरु वा संरचनाहरुको अनुगमन गरी प्रतिवेदन दिन कानून अनुसार गठित समितिलाई सम्झनुपर्छ ।

(ग) " बैठक भत्ता " भन्नाले प्रस्तावनामा उल्लेखि वा त्यस्तै प्रकारका कार्य सम्पादनको लागि बैठक बस्दा बैठकमा उपस्थितहरुले नियमानुसार पाउने आर्थिक सुविधा सम्झनुपर्छ ।

३. बैठक भत्ता सम्बन्धमा :(१) विभिन्न समिति,विषेश समिति,कार्यदल लगायतको बैठक भत्ता वापत प्रति बैठक रु.१५००। उपलब्ध हुनेछ ।

तर,देहाएको अवस्थामा भत्ता पाइनेछैन :

(क) कार्यपालिकाको विषयगत समितको बैठक भत्ता

(ख) कार्यालय समय भित्र बैठक बसेको भए सो बैठकको बैठक भत्ता

४. अनुगमन भत्ता सम्बन्धमा :(१) विभिन्न आयोजना,कार्यक्रमहरुको अनुगमन गर्दा उपलब्ध हुने अनुगमन भत्ता दर देहाय बमोजिम हुनेछ :

(क) गाउँपालिका स्तर प्रति दिन रु. १५००। र वडा स्तर प्रति दिन रु. १०००।

(ख) अनुगमन खर्च लेख्दा अनुगमन रिपोर्ट अनिवार्य संलग्न गरेको हुनुपर्नेछ ।

५. मितव्ययिता अपनाउने : (१) भत्ता खर्च लेख्दा मितव्ययीता देहाय अनुसार मितव्ययीता अपनाउनुपर्नेछ ।

(क) बैठक भत्ता उपलब्ध गराउदा आमन्त्रित राख्दा आवश्यक वाहेकका असम्बन्धित व्यक्तिहरु नराख्ने ।

(ख) अनुगमनमा जाँदा अनुगमन कार्यसंग असम्बन्धित व्यक्तिहरु वा आवश्यकता भन्दा बढी व्यक्तिहरु समावेश समावेस गरिनेछैन ।

प्रमाणिकरण मिति : २०७५।६।२५

आज्ञाले
रेमन्त बहादुर डाँगी
प्रमुख प्रशासकीय अधिकृत
त्रिवेणी गाउँपालिका, सल्यान

नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐन,२०७४ को प्रावधान अनुसार त्रिवेणी गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको मापदण्ड सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएकोछ ।

सम्वत् २०७५ सालको कार्यविधि नं.१२

शिक्षक छनौट परिक्षा संचालन कार्यविधि,२०७५

कार्यपालिका बाट स्वीकृत मिति : २०७५।६।२२

प्रस्तावना :

सामुदायिक विद्यालयलहरुमा अस्थायी,राहात तथा करारमा शिक्षक तथा कर्मचारीहरु नियुक्ति गर्दा प्रतिस्पर्धी,क्षपतावान र नैतिकवान व्यक्तिहरु छनौट गरी विद्यालयको समग्र शैक्षिक गुणस्तर तथा वातावरणमा सुधार ल्याउन व्यवस्थित परीक्षा प्रणालीको विकास गरी लागु गर्न आवश्यक भएकोले त्रिवेणी गाउँपालिकाको प्रशासकीय कार्यविधि(नियमित गर्ने) ऐन,२०७५ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि स्वीकृत गरीएकोछ ।

परिच्छेद – १

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यस कार्यविधिको नाम **"शिक्षक छनौट परीक्षा संचालन कार्यविधि २०७५"** रहेको छ ।

(२) यो कार्यविधि त्रिवेणी गाउपालीकाको गाउ कार्यपालिका बैठकले स्वीकृत गरी स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुनेछ ।

२. परिभाषा :

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क)"विद्यालय"भन्नाले कक्षा १-१२ सम्मको शैक्षिक संरचनालाई सम्झनु पर्दछ ।

(ख) "विषय विशेषज्ञ" भन्नाले आधरभूत तह(कक्षा १-८) र माध्यमिक तह (कक्षा ९-१२) सम्म शिक्षक तथा कर्मचारी छनौटको परीक्षा संचालनका गर्न,प्रश्न पत्र बनाउन तथा उत्तर पुस्तिका परीक्षण गर्न गाउपालिकामा सूचिकृत भएका प्राथमिक, निम्नमाध्यमिक, माध्यमिक तहका शिक्षक र स्रोत व्यक्तिहरुलाई समेत सम्झनु पर्दछ ।

(ग) "गाउपालिका"भन्नाले त्रिवेणी गाउपालीका सल्यान सम्झनु पर्दछ ।
(घ) "विद्यालय कर्मचारी"भन्नाले विद्यालय सहयोगी, विद्यालय सहायक वा शिक्षक बाहेक विद्यालयमा नियमित हाजिर भई तलव भत्ता लिने अन्य कर्मचारी सम्झनु पर्दछ ।
(ङ) "समिति"भन्नाले सामुदायिक विद्यालयमा शिक्षक तथा कर्मचारीको परीक्षा संचालन कार्यविधि २०७५ समितिलाई सम्झनु पर्दछ ।

परिच्छेद-२

शिक्षक तथा कर्मचारी छनौट समितिको संरचना

३. छनौट समितिको गठन :(१) सामुदायिक विद्यालयमा अस्थायी,राहात वा करार शिक्षक तथा कर्मचारी नियुक्तिको सिफारिस गर्न देहाय बमोजिमको एक शिक्षक तथा कर्मचारी छनौट समिति रहनेछ ।

(क) गाउँपालिकाको अध्यक्ष वा निजले तोकेको व्यक्ति - संयोजक
(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य
(ग) गाउँ कार्यपालिकाले तोकेको गाउँ कार्यपालिकाको सदस्य - सदस्य
(घ) गाउँ शिक्षक महासंघको अध्यक्ष - सदस्य
(ङ) शिक्षा शाखाको प्रमुख वा स्रोतव्यक्ति - सदस्य
(च) शिक्षक तथा कर्मचारी छनौट गर्नुपर्ने विद्यालयको अध्यक्ष - सदस्य
(छ) माध्यमिक तहको शिक्षक तथा कर्मचारी छनौट गर्नु परेमा सम्बन्धित विषयमा स्नातकोत्तर गरेको र अन्य तहका लागि कम्तिमा स्नातकतह उत्तिर्ण गरी सम्बन्धित तहको १० महिने वा सो सरह तालिम हासिल गरी गाउँपालिकाको विषय विज्ञमा सूचिकृत व्यक्तिहरु मध्येबाट उपलब्ध भए सम्म १ जना महिला समेतको प्रतिनिधित्व हुने गरी गाउँ शिक्षा समितिले मनोनित गरेको विषय विशेषज्ञ २ जना - सदस्य
ज) सम्बन्धित विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

परिच्छेद-३

शिक्षक तथा कर्मचारी छनौट सम्बन्धि प्रकृया

४. छनौट प्रक्रियाको व्यवस्था :(१)सामुदायिक विद्यालयका कर्मचारी छनौट सम्बन्धमा यसै बमोजिमको समितिले कार्यालय सहयोगी ,लेखापाल र कार्यालय सहायकको सम्बन्धमा यसै बमोजिमको प्रक्रिया अवलम्बन गरिनेछ । तर विशेषज्ञ आवश्यकता अनुसार राख्न सकिनेछ ।
(२) सामुदायिक विद्यालयमा एक मात्र शिक्षक रहेको र निज स्वयं नै उम्मेद्वार हुने अवस्था भएमा सम्बन्धित विद्यालय व्यवस्थापन समितिको सिफारिसमा गाउपालिकाको शिक्षा शाखा प्रमुखले अन्य विद्यालयको प्रधानाध्यापकलाई सदस्य सचिव भई कामकाज गर्न तोक्नेछ ।
(३) उपनियम(१)बमोजिमका मनोनित सदस्यको पदावधि शिक्षक तथा कर्मचारी छनौट प्रकृया पूरा गरी विद्यालय व्यवस्थापन समिति समक्ष शिक्षक नियुक्तिका लागि सिफारिस गरेमा स्वतः पदावधी समाप्त हुनेछ ।
(४) शिक्षक तथा कर्मचारी छनौट समितिको सचिवालय गाउपालिका वा समितिले तोकेको स्थानमा हुनेछ ।
(५) शिक्षक तथा कर्मचारी छनौट समितिले शिक्षक छनोटका लागि लिईने लिखित तथा अन्तर्वार्ता परीक्षाको केन्द्र गाउँ शिक्षा समितिले तोकेको स्थानमा हुनेछ तर प्राविधिक धारका विषय अध्यापन गर्ने शिक्षक/प्रशिक्षक छनौट गर्दा प्रयोगात्मक परीक्षा सम्बन्धित विषयको प्रयोगशाला(Lab) भएको स्थानमा राख्नु पर्नेछ ।
(६) उत्तर पुस्तिका परीक्षणको लागि विषय विशेषज्ञको छनौट गर्दा सूचिकृत भएका मध्य सम्बन्धित विषयको विशेषज्ञ मध्यबाट प्रमुख प्रशासकीय अधिकृतको रोहवरमा शिक्षा शाखा प्रमुखले गोलाहाली छनौट गर्नुपर्नेछ ।
(७) समितिको बैठक सम्बन्धि कार्यविधि समितिले आफै निर्धारण गरे बमोजिम हुनेछ ।
(८) सूचीकृत विषय विशेषज्ञहरु सम्बन्धित विद्यालयका शिक्षक भएमा वा परीक्षार्थीको नातालाग्ने भएमा विषय विशेषज्ञको रुपमा मनोनित हुन पाईने छैन ।
(९) विषय विशेषज्ञको लागि गाउपालिकाले प्रथमपटक बाहेक शैक्षिक सत्रको शुरुमा सूचिकृतको लागि आवेदन माग गर्न सक्नेछ र विषय विशेषज्ञको सूचीलाई अद्यावधिक गरिनेछ ।
(१०) विषय विशेषज्ञको सूचीमा सूचीकृत हुनका लागि इच्छुक प्रत्येक व्यक्तिले आयोगले निर्धारण गरेको पाठ्क्रम अनुसारका सम्बन्धित तह तथा विषयको ३, ३ थान उत्तरकुञ्जीका सहितको प्रश्नपत्र यस गाउपालिकामा

बुझाउनु पर्नेछ ।

(११) विषय विशेषज्ञद्धारा निर्मित प्रश्नलाई शिक्षा शाखा प्रमुखले प्रमुख प्रशासकीय अधिकृतको स्वीकृतिले आबश्यकतानुसार सम्बन्धित विषयको विषय विशेषज्ञ समेत समावेश गरी परिमार्जित (मोडेरेसन) गरी प्रश्नपत्रलाई अन्तिम रुप दिई सिलबन्दि गरेर प्रश्नपत्र बैंकमा राख्नेछ । उक्त मोडेरेसन गर्दा लाग्ने खर्च गाउपालिकाबाट नियमानुसार व्यवस्था गरिनेछ ।

(१२) कुनै विद्यालयमा शिक्षक, विद्यालय कर्मचारी, प्रधानाध्यापक पदको दरबन्दी रिक्त हुन गएमा गाउपालिकाबाट अनुमतिपत्र प्राप्त गरी खुला प्रतिस्पर्धाका लागि १५ दिनको समय दिई विज्ञापनको सूचना प्रकाशित गर्नुपर्दछ । त्यस्तो सूचना सम्बन्धित विद्यालयले विद्यालयको सूचनापाटी, गाउँ कार्यपालिकाको कार्यालय, सम्बन्धित वडा कार्यालयमा सूचना टाँस गरी सो को मुचुल्का वा भर्पाई समेत संलग्न राखेको हुनुपर्नेछ ।

(१३) उपर्नियम (३.१३) अनुसारको विज्ञापन सामान्यतया प्रत्येक महिनाको १ र १५ गते प्रकाशन गरिनेछ ।

(१४) दरखास्त प्राप्त भईसकेपछि छानविन गरी रीत पुगेको दरखास्तलाई दर्ता गरी दरखास्तवालालाई प्रवेशपत्र प्रदान गर्नुपर्नेछ र स्वीकृत नामावलीको सूची टाँस गरी उम्मेद्वारलाई लिखित तथा अन्तर्वार्ताको मिति समेत जानकारी गराउनु पर्नेछ ।

(१५) दरखास्त शुल्क शिक्षक सेवा आयोगले तोके भन्दा बढि हुने छैन ।

परिच्छेद ४

परीक्षा, अन्तर्वार्ता र योग्यताक्रम सम्बन्धी व्यवस्था

५. परीक्षा संचालन सम्बन्धी व्यवस्था :(१) परिच्छेद ३ मा व्यवस्था भए अनुसार समितिले परीक्षा हुने मिति, समय र केन्द्र तोक्नेछ र परीक्षा संचालन गर्नेछ । सामान्यतया परीक्षा प्रत्येक महिनामा एक पटक समितिले तोकेको दिन हुनेछ ।

(२) समितिले लिने लिखित परीक्षाको पूर्णाङ्क १००, अर्न्तवार्ता २५ र आवश्यकतानुसार प्रयोगात्मक परीक्षा २५ अंकको हुनेछ । परीक्षाको उत्तिर्णाङ्क ४० प्रतिशत हुनेछ ।

(३) गाउपालिकाको प्रमूख प्रशासकीय अधिकृतको जिम्मामा रहेको सिलबन्दि प्रश्नपत्र बैंकबाट प्रमुख अधिकृतको रोहवरमा विद्यालय निरिक्षक वा शिक्षा हेर्ने अधिकारी र प्रधानाध्यापक ,वि.व्य.स.अध्यक्षले परीक्षा संचालन हुनु भन्दा १ घण्टा अगाडि सिलबन्दि खाम छनौट गर्नेछन् ।

(४) उपदफा ३ अनुसारको प्रश्नपत्र अधिकृतस्तरको प्रतिनिधिको रोहबरमा गोप्यरुपमा फोटोकपी गरी परीक्षा संचालन गर्नुपर्नेछ । परीक्षा संचालन गर्न विषय विशेषज्ञको उपस्थिति अनिवार्य हुने छैन ।

(५) गाउपालिकाको शिक्षा हेर्ने अधिकारीको रोहवरमा सम्बन्धित परीक्षा केन्द्रको हाता भित्र सम्बन्धित विषय विशेषज्ञद्धारा उत्तर पुस्तिका परीक्षण गराइनेछ ।

(६) अन्तर्वार्ताको अंक विभाजन गर्दा शिक्षा आयोगले स्थायी शिक्षक छनोटका लागि तोके अनुसार हुनेछ । सामान्यतया अर्न्तवार्तामा ३.५ भन्दा कम र ७.५ भन्दा बढि अंक दिन पाइने छैन । सो भन्दा बढी वा घटी दिनुपरेमा सबै सदस्यले कारण खुलाई मुचुल्का गर्नुपर्नेछ ।

(७) विषयको प्रकृति हेरी आवश्यक ठानेमा समितिले प्रयोगात्मक परीक्षा लिनेछ । तर लिखित परीक्षा अगाडि वा अन्तर्वार्ता पछि प्रयोगात्मक परीक्षा लिन पाइने छैन ।

(८) लिखित र आवश्यकतानुसार प्रयोगात्मक परीक्षा लिईसकेपछि उत्तिर्ण सबैभन्दा बढि अंक प्राप्त गर्ने उम्मेद्वार मध्येबाट देहायको अनुपातमा उत्तिर्ण उम्मेद्वार थप गरी अन्तर्वार्ताको लागि उम्मेद्धवारको नाम वर्णानुक्रम अनुसार प्रकाशित गरिनेछ ।

रिक्त पद संख्या	थप हुने संख्या
१ देखि ५	२
६ देखि १०	३
११ देखि १५	४
१६ देखि २०	५
२१ देखि २५	६
२६ देखि ३०	७
३१ देखि ३५	८
३६ देखि ४०	९
४१ र सो भन्दा माथि	२०%

तर अन्तिम क्रम संख्यामा १ जना भन्दा बढी उम्मेद्धवारले बराबर अंक प्राप्त गरेमा त्यस्तो सबै उम्मेद्धवारको नाम प्रकाशन गरिनेछ ।

(९) उपदफा ८ बमोजिम उत्तिर्णाङ्क प्राप्त गर्ने उम्मेद्वार आवश्यक संख्यामा नभएमा जति जनाले उत्तिर्णाङ्क प्राप्त गरेका छन् त्यति नै उम्मेद्वारको नाम प्रकाशन गरिनेछ ।

(१०) समितिले लिखित तथा आवश्यकतानुसार प्रयोगात्मक परीक्षा लिएकोमा सो को र अन्तर्वार्ता परीक्षाबाट सबैभन्दा बढी अंक प्राप्त गर्ने उम्मेद्वारको नाम नियुक्तिको लागि सिफारिस गर्नुपर्नेछ । (११) शिक्षक छनोट समितिले सिफारिस गरेका उम्मेद्वारलाई विद्यालय व्यवस्थापन समितिले नियुक्ति गरी सो को जानकारी गाउँ कार्यपालिकाको कार्यालयमा दिनुपर्नेछ ।

६. वैकल्पिक उम्मेदवारको व्यवस्था :(१) यसरी परिणाम प्रकाशन गर्दा दोश्रो बढी अंक प्राप्त गर्ने उम्मेद्वारको नाम वैकल्पिक सुचीमा राख्नुपर्नेछ ।

७. वैकल्पिक उम्मेदवारलाई नियुक्ति गर्न सक्ने :(१) देहायको अवस्थामा विद्यालय व्यवस्थापन समितिले वैकल्पिक सूचीमा रहेका उम्मेद्वारलाई नियुक्त गर्न सक्नेछ -

(क) सिफारिस गरेको उम्मेद्वारले ३० दिन भित्र नियुक्ति नलिएमा ।

(ख) सिफारिस गरेको उम्मेद्वारको मृत्यु भएमा , निजले राजिनामा दिएमा ।

(ग) नियुक्ति पत्र बुझेको मितिले १५ दिनभित्र हाजिर नभएमा ।

तर, समितिले सिफारिस गरेको १ वर्ष नाघेपछि कुनै पनि वैकल्पिक उम्मेद्वारलाई विद्यालय व्यवस्थापन समितिले नियुक्त गर्न सक्ने छैन ।

(२) दफा ७ बमोजिम नियुक्ति भएको वैकल्पिक उम्मेद्वारको जानकारी सम्बन्धित विद्यालय व्यवस्थापन समितिले गाउपालिकालाई दिनुपर्नेछ ।

(३) शिक्षक तथा कर्मचारी छनौट सम्बन्धि सम्पुर्ण निर्णयहरु निर्णय पुस्तिकामा अनिवार्य रुपमा लेखिएको हुनुपर्नेछ ।

(४) समितिका पदाधिकारी वा विषय विज्ञले प्रति बैठक रु. १००० (एक हजार) भन्दा बढी पारिश्रमिक लिन पाउने छैन । यसरी कामका सन्दर्भमा ३ पटक भन्दा बढी बैठक बस्न पाईने छैन ।

तर उत्तरपुस्तिका परीक्षण, प्रश्नपत्र निर्माण वापत अतिरिक्त पारिश्रमिक दिन बाधा पर्नेछैन ।

(५) परीक्षा सम्बन्धि तोकिएको सम्पूर्ण खर्चको व्यवस्था सम्बन्धित विद्यालयले गर्नुपर्नेछ ।

प्रमाणिकरण मिति : २०७५।६।२५

आज्ञाले
रेमन्त बहादुर डाँगी
प्रमुख प्रशासकीय अधिकृत
त्रिवेणी गाउँपालिका, सल्यान